# खड्गसिंह राई ‘काँढ़ा’-का कवितामा विम्ब प्रयोग

लघु शोधप्रबन्ध

**सिक्किम विश्वविद्यालय**

भाषा अनि साहित्य सङ्कायअन्तर्गत नेपाली विभागको एमफिल

परीक्षाको आंशिक परिपूर्तिका लागि प्रस्तुत

**लघु शोधप्रबन्ध**


**शोधार्थी**

योगेश लिम्बू

नेपाली विभाग

भाषा अनि साहित्य सङ्काय


फरवरी २०२०

# खड़गसिंह राई 'काँढ़ा'-का कवितामा विम्ब प्रयोग

लघु शोधप्रबन्ध

**सिक्किम विश्वविद्यालय**

भाषा अनि साहित्य सङ्कायअन्तर्गत नेपाली विभागको एमफिल

परीक्षाको आंशिक परिपूर्तिका लागि प्रस्तुत

**लघु शोधप्रबन्ध**

**शोध निर्देशक**

डा अरूणा राई

उप प्राध्यापक

नेपाली विभाग

सिक्किम विश्वविद्यालय

**शोधार्थी**

योगेश लिम्बू

पञ्जीकरण सङ्ख्याः 18/M.Phil/NEP/07

नेपाली विभाग

सिक्किम विश्वविद्यालय

फरवरी २०२०

सिक्किम विश्वविद्यालय
(भारतीय संसद के अधिनियमद्वारा स्थापित केन्द्रीय विश्वविद्यालय)
गुणवत्तापूर्ण प्रबंधन प्रणाली ISO 9001:2008 हेतु प्रमाणित संस्थान
SIKKIM UNIVERSITY
[A Central University established by an Act of Parliament of India in 2007]
An ISO Quality Management System 9001:2008 Certified Institution

No. SU/LIB/F-1/05/NOT/2017/2020/002. Dated 31-01-2020

From: Prof A S Chandel,
Librarian

To

The Head,
Department of Nepali,
Sikkim University

Sub: Anti-Plagiarism Check

Dear Madam,

With reference to your inquiry about the plagiarism check of theses of your department, I may inform you that the present software (URKUND) being used by the University and approved by the UGC does not support languages like Hindi Nepali and other regional languages. Therefore, works written in these languages cannot be tested for plagiarism. However, the supervisor and the Head of the department may certify at their respective ends that to the best of their knowledge the thesis being submitted for the award of MPhil/PhD degree is free of plagiarism or within the limit prescribed by UGC.

Yours sincerely,

A S Chandel

( A S Chandel)

Copy for information:

1. The Controller of Examinations, Sikkim University
2. The Dean, School of Languages and Literature
3. In-Charge Department of Hindi

6 माईल, सामदुर, तादोंग, गगंटोक - 737102 सिक्किम, भारत
दूराभाष : 00-91-3592 - 251067, 251403, फैक्स :- 251067/251757

6th Mile, Samdur, PO Tadong 737102, Gangtok, Sikkim, India
Phones : 00-91-3592-251067, 251403, Fax - 251067/251757
website : www.sikkimuniversity.in/www.sikkimuniversity.ac.in
Email : sikkimuniversity@gmail.com

SIKKIM UNIVERSITY
[A Central University established by an Act of Parliament of India, 2007]
DEPARTMENT OF NEPALI
SCHOOL OF LANGUAGES & LITERATURE

**Dr. Aruna Rai**
**Assistant Professor**
**Department of Nepali, Sikkim University**

## शोध निर्देशकको अग्रसारण

**खड्गसिंह राई 'काँढ़ा'-का कवितामा विम्ब प्रयोग** शीर्षकमा प्रस्तुत लघु शोधप्रबन्ध नेपाली विभाग, सिक्किम विश्वविद्यालय एमफिलका शोधार्थी पञ्जीकृत सङ्ख्याः18/M.Phil/NEP/07 श्री योगेश लिम्बूले मेरो निर्देशनमा तयार पारेका हुन्। यो लघु शोधप्रबन्ध उनले धेरै परिश्रम साथै इमान्दार रहेर पुरा गरेका छन्। यो लघु शोधप्रबन्ध उनको मौलिक शोधकार्यको परिणाम हो। सिक्किम विश्वविद्यालयद्वारा जारी गरिएको शोधविधि सम्बन्धित नियमावलीको यथोचित पालन गर्दैं उनले निश्चित अवधिभित्र यो लघु शोधप्रबन्ध तयार पारेका छन्। यस लघु शोधप्रबन्धको उचित मूल्याङ्कनका निम्ति सिक्किम विश्वविद्यालयको सम्वन्धित निकाय समक्ष अग्रसारित गर्दछु।

अरुणा राई 06.02.2020
Supervisor
Department of Nepali

अरूणा राई
शोध निर्देशक
उप प्राध्यापक, नेपाली विभाग
भाषा अनि साहित्य सङ्काय
सिक्किम विश्वविद्यालय



6th Mile,Samdur, PO Tadong 737102, Gangtok, Sikkim, India.
Phone: +91--03592251342 (O), WWW.sikkimuniversity.ac.in

## प्रतिबद्धता पत्र

सिक्किम विश्वविद्यालय भाषा अनि साहित्य सङ्कायअन्तर्गत नेपाली विभागमा एमफिल उपाधिका निम्ति प्रस्तुत लघु शोधप्रबन्धको शीर्षक **खड्गसिंह राई 'काँढा'-का कवितामा विम्ब प्रयोग** रहेको छ। मैले यस लघु शोधप्रबन्ध निर्देशक डा अरूणा राईको कुशल निर्देशनमा रही समयमा नै तयार पार्न सकेको छु। यस लघु शोधप्रबन्ध मेरो नितान्त मौलिक कार्य हो। यस शोध कार्यका लागि मैले विभिन्न स्रोतबाट आवश्यक सामग्री सङ्कलन गरी सही ढङ्गमा प्रयोग गर्ने प्रयास गरेको छु। यस लघु शोधप्रबन्ध तयार पार्दा मैले कुनै पनि अंशहरू पत्र-पत्रिका तथा पाठ्य पुस्तकमा प्रकाशित गराएको छुइनँ।

प्रस्तुत लघु शोध कार्यको विषयमा कुनै प्रतिकूल कार्य गरिएको प्रमाण भेटिएमा म स्वयम् पूर्णरूपले उत्तरदायी रहनेछु भन्ने प्रतिबद्धता प्रकट गर्दछु।

**शोध निर्देशक**

अरूणा राई 06.02.2020

Supervisor
Department of Nepali

डा अरूणा राई
उप प्राध्यापक
नेपाली विभाग
सिक्किम विश्वविद्यालय

**शोधार्थी**

06.02.2020

योगेश लिम्बू
पञ्जीकरण सङ्ख्याः18/M.Phil/NEP/07
नेपाली विभाग
सिक्किम विश्वविद्यालय

पुष्प शर्मा
विभाग प्रमुख

अध्यक्ष
Head
नेपाली विभाग
Department of Nepali
सिक्किम विश्वविद्यालय
Sikkim University

दिनाङ्कः 06.02.2020

## कृतज्ञता ज्ञापन

मैले यो लघु शोधप्रबन्ध शोध निर्देशक डा अरूणा राईको कुशल निर्देशनमा तयार पारेको हुँ। उहाँको सुझाउ, सल्लाह, सहयोग, प्रोत्साहन र कुशल मार्गदर्शनले नै यो लघु शोधप्रबन्धको कार्य पूर्ण हुन सक्यो। आफुले जानेका, बुझेका र अनुसन्धान कार्यमा भेटेका तथ्यहरूलाई ठिक ठिक रूपमा कसरी प्रयोग गर्ने र तथ्यको विश्लेषण कसरी गर्ने साथै अनुसन्धानको भाषा कस्तो हुनुपर्ने आदि विषयमा उहाँले मलाई सधैं सुझाउ दिइरहनु भयो। यसका लागि म उहाँप्रति कृतज्ञता अर्पण गर्दछु।

सिक्किम विश्वविद्यालय, नेपाली विभागका मेरा आदरणीय गुरुजन प्रोफेसर डा प्रतापचन्द्र प्रधान (अवकास प्राप्त), डा कविता लामा, डा पुष्प शर्मा, डा समर सिन्हा, डा देवचन्द्र सुब्बा, प्रा बलराम पाण्डेप्रति उहाँहरूको सुझाउ, सल्लाह, सहयोग अनि प्रोत्साहनका लागि म हार्दिक कृतज्ञता अर्पण गर्दछु।

उत्तर बङ्ग विश्वविद्यालय, नेपाली विभागका मेरा आदरणीय गुरुजन प्रोफेसर डा मोहन पी दाहाल, प्रोफेसर डा घनश्याम नेपाल, डा नरेशचन्द्र खाती (अवकास प्राप्त), प्रोफेसर डा सञ्जय राई, डा कृष्णराज घतानी, डा पुष्कर पराजुली, डा डपछिरिङ लेप्चा, प्रा कृष्णामाया मगरप्रति सदैव सल्लाह, सुझाउ तथा प्रोत्साहनको अपेक्षा राख्दै हार्दिक आभार प्रकट गर्दछु।

मेरा प्राथमिक पाठशालादेखि माध्यमिक, उच्चतर माध्यमिक अनि महाविद्यालय तहका गुरुजनलाई पनि मैले सम्झना गरेको छु। मेरो अध्ययनले यहाँसम्मको यात्रा तय गर्नुका पछि उहाँहरूको प्रोत्साहन र आशिर्वाद रहेको छ। तसर्थ म उहाँहरूप्रति पनि कृतज्ञता प्रकट गर्दछु।

प्रस्तुत लघु शोधप्रबन्ध तयार पार्दा आवश्यक सामग्री उपलब्ध गराइदिनु हुने केन्द्रीय पुस्तकालय, सिक्किम विश्वविद्यालय र देशबन्दु जिल्ला पुस्तकालय, दार्जिलिङका

पुस्तकालय अधिकारी अनि कर्मचारीवर्गलाई पनि हार्दिक धन्यवाद दिन चाहन्छु।

यस शोध कार्यसम्बन्धी आवश्यक सामग्री जुटाइदिनु भएकोमा आदरणीय गुरुजन डा गोकुल सिन्हा अनि श्री मनप्रसाद सुब्बाप्रति म आभार प्रकट गर्दछु।

मेरा अग्रजहरू सुधीर छेत्री, वासुदेव पुलामी, सुरज धड्कन, उमेश उपमा, सुमन बान्तवा, निरज थापा, सदीप प्रधान, योगेश पन्त, दिपेन तामाङ, भूपेन तामाङ, सुचन प्रधान, ज्ञानेन्द्र सुब्बा, रूपेश राई, सपन प्रधान, बलराम सापकोटा, विनोद प्रधान आदिलाई पनि यस शोध कार्यमा विशेष रूपले सम्झना गरेको छु।

सिक्किम विश्वविद्यालय र उत्तर बङ्ग विश्वविद्यालय, नेपाली विभाग साथै अन्य विभागका सम्पूर्ण विद्यार्थी एवम् शोधार्थीलाई पनि सहयोगका लागि सम्झनासहित धन्यवाद दिन चाहन्छु।

मित्र डा महिमा राईलाई पनि विशेष सम्झन चाहन्छु। उहाँले मेरा अध्ययन, लेखन र अनुसन्धानमा सक्दो सहयोग पुऱ्याउँदै आइरहेकी छिन्।

अन्तमा अध्ययनका क्रममा अनेकौं कष्ट सहेर हुर्काउनु हुने मेरा आमा बाबा साथै सहयोग पुऱ्याउँदैं आइरहनु हुने मेरा परिवारका सम्पूर्ण सदस्यहरूलाई म आन्तरिक हृदयबाट श्रद्धासहित हार्दिक कृतज्ञता अर्पण गर्न चाहन्छु। उहाँहरूको सहयोग पाएर नै मैले यस अध्ययन-अनुसन्धान कार्यतिर आफुलाई अग्रसर गराउने मौका पाइरहेको छु। उहाँहरूको सहयोग र प्रोत्साहनका लागि म सदैव ऋणी रहनेछु।

विनीत,

06.02.2020

योगेश लिम्बू

दिनाङ्कः ०७ फरवरी २०२०

नेपाली विभाग, सिक्किम विश्वविद्यालय

# सङ्क्षिप्त शब्दावली

| | | |
|---|---|---|
| **अनु** | ---------------------------------------- | अनुवाद |
| **आ सं** | ---------------------------------------- | आठौं संस्करण |
| **चौ सं** | ---------------------------------------- | चौथो संस्करण |
| **छै सं** | ---------------------------------------- | छैटौं संस्करण |
| **ते सं** | ---------------------------------------- | तेस्रो संस्करण |
| **दो सं** | ---------------------------------------- | दोस्रो संस्करण |
| **नौ सं** | ---------------------------------------- | नौ संस्करण |
| **पाँ सं** | ---------------------------------------- | पाँचौं सस्करण |
| **पू** | ---------------------------------------- | पूर्ववत् |
| **पृ.** | ---------------------------------------- | पृष्ठ |
| **प्र** | ---------------------------------------- | प्रस्तावना |
| **प्रा** | ---------------------------------------- | प्राध्यापक |
| **प्रो** | ---------------------------------------- | प्रफोसर |
| **डा** | ---------------------------------------- | डाक्टर |
| **डी लीट** | ---------------------------------------- | डाक्टर अव् लिटरेचर |
| **वि सं** | ---------------------------------------- | विक्रम सम्वत् |
| **सं** | ---------------------------------------- | सङ्ख्या |
| **सम्पा** | ---------------------------------------- | सम्पादक |
| **प्र सा** | ---------------------------------------- | प्रधान सम्पादक |
| **सा** | ---------------------------------------- | सातौं संस्करण |

# विषय सूची


| विषय | पृष्ठ सङ्ख्या |
|---|---|
| भावहरणको प्रमाण पत्र | क |
| शोध निर्देशकको अग्रसारण | ख |
| प्रतिबद्धता पत्र | ग |
| कृतज्ञता ज्ञापन | घ-ङ |
| सङ्क्षिप्त शब्दावली | च |
| **पहिलो अध्यायः शोध परिचय** | **१-७** |
| १.१ शोधको शीर्षक | १ |
| १.२ शोध शीर्षकको परिचय | १-३ |
| १.३ शोधको प्रयोजन | ३ |
| १.४ शोधको समस्या | ३ |
| १.५ शोधको उद्देश्य | ४ |
| १.६ पूर्वकार्यको समीक्षा | ४ |
| १.६.१ पत्र-पत्रिकाका आधारमा | ४-५ |
| १.६.२ पुस्तकका आधारमा | ५-६ |
| १.७ शोधको सीमाङ्कन | ६ |
| १.८ शोधको औचित्य र महत्त्व | ६ |
| १.९ शोध विधि | ६ |
| १.९.१ शोधको सामग्री सङ्कलन विधि | ७ |
| १.१० शोधको रूपरेखा | ७ |

**दोस्रो अध्यायः विम्बको सैद्धान्तिक परिचय** **८-४२**
२.१ विम्बको अर्थ र परिभाषा ८-१३
२.२ विम्बका प्रकार १३-२५
२.३ कवितामा विम्बको प्रयोग परम्परा २५
२.३.१ पाश्चात्य कवितामा विम्बको प्रयोग २५-२६
२.३.२ पूर्वीय कवितामा विम्बको प्रयोग २६-२८
२.३.३ नेपाली कवितामा विम्बको प्रयोग २८-३२
२.३.४ भारतीय नेपाली कवितामा विम्बको प्रयोग ३२-३४
२.४ प्रयोगवादी कवितामा विम्बको प्रभाव र प्रयोग ३४-३५
२.४.१ तेस्रो आयामको सङ्क्षिप्त परिचय ३५-३७
२.४.१.१ ईश्वरवल्लभका कवितामा विम्ब ३७-३९
२.४.१.२ वैरागी काइँलाका कवितामा विम्ब ३९-४२
२.५ निष्कर्ष ४२
**तेस्रो अध्यायः भारतीय नेपाली कविता लेखन परम्परामा खड्गसिंह राई ‘काँढ़ा’** **४३-५५**
३.१ खड्गसिंह राई ‘काँढ़ा’-को व्यक्तित्व र कृतित्व ४३
३.१.१ परिचय ४३-४७
३.२ साहित्यिक व्यक्तित्व ४७-४८
३.२.१ कविका रूपमा ४८-४९
३.२.२ कथाकारका रूपमा ४९-५०

| | | |
|---|---|---|
| ३.३ | भारतीय नेपाली कविता र खड्गसिंह राई 'काँढ़ा' | ५०-५४ |
| ३.४ | निष्कर्ष | ५४-५५ |
| **चौथो अध्यायः खड्गसिंह राई 'काँढ़ा'-का कवितामा प्रयुक्त विम्ब** | | **५६-९७** |
| ४.१ | खड्गसिंह राई 'काँढ़ा'-का कविता | ५६ |
| ४.१.१ | विम्ब प्रयोगका दृष्टिले खड्गसिंह राई 'काँढ़ा'-का कविता | ५६-५८ |
| ४.१.१.१ | ऐतिहासिक विम्ब | ५८-६४ |
| ४.१.१.२ | समसामयिक र यथार्थ विम्ब | ६४-६६ |
| ४.१.१.३ | क्रान्ति विम्ब | ६७-७० |
| ४.१.१.४ | प्रणय विम्ब | ७१-७७ |
| ४.१.१.५ | प्रतीकात्मक विम्ब | ७७-८१ |
| ४.१.१.६ | मिथकीय विम्ब | ८१-८२ |
| ४.१.१.७ | रूप विम्ब वा चाक्षुष विम्ब | ८२-८३ |
| ४.१.१.८ | श्रव्य विम्ब | ८३-८५ |
| ४.१.१.९ | प्राकृतिक विम्ब | ८५-८९ |
| ४.१.१.१० | स्मृति विम्ब | ८९-९१ |
| ४.१.१.११ | पौराणिक विम्ब | ९२-९४ |
| ४.१.१.१२ | ब्रह्माण्ड विम्ब | ९४-९५ |
| ४.१.१.१३ | आलङ्कारिक विम्ब | ९५-९६ |
| ४.२ | निष्कर्ष | ९७ |

**पाँचौं अध्यायः उपसंहार एवम् निष्कर्ष** **९८-१००**

५.१ उपसंहार ९८-९९

५.२ निष्कर्ष ९९-१००

**सन्दर्भ ग्रन्थ सूची** **१०१-१०५**

**परिशिष्ट** **१०६**

पहिलो अध्याय

# शोध परिचय

# पहिलो अध्याय

## १. शोध परिचय

### १.१ शोधको शीर्षक

प्रस्तावित लघु शोधप्रबन्धको शीर्षक **खड्गसिंह राई 'काँढ़ा'-का कवितामा विम्ब प्रयोग** रहेको छ।

### १.२ शोध शीर्षकको परिचय

बीसौं शताब्दीको प्रारम्भदेखि नै साहित्यमा 'विम्ब'-को प्रयोग भएको देखिन्छ। विम्ब अङ्ग्रेजी शब्द 'इमेज'-को नेपाली अनुवाद हो। यसले छाया वा नक्सा, चित्र, प्रतिविम्ब, प्रतिमा आदि अर्थहरू बुझाउँछन्। प्रयोगात्मक नेपाली शब्दकोशले विम्ब 'शब्द'-लाई कुनै टल्कने वस्तु (ऐना, पानी)-मा देखिने कुनै वस्तुको छाया, प्रतिविम्ब, प्रतिच्छाया[1] भन्ने अर्थ दिएको छ। साहित्य सिर्जनाका क्षेत्रमा आएका विभिन्न अवधारणाहरूमध्ये विम्ब एउटा विकसित अवधारणा हो। पहिलो विश्वयुद्धको प्रभाव र चिन्तनको फलस्वरूप साहित्यका विधाहरूमध्ये विशेष रूपले कवितामा एउटा नवीन शैली र नवीन विचारका रूपमा विम्ब देखा परेको छ। कविताको विकास सँगसँगै यसमा विम्ब प्रयोगको अध्ययनमा एउटा महत्त्वपूर्ण पक्ष हो। विम्बका माध्यमले भाव, विचार, कल्पना, शैली, वस्तु आदिलाई कवितामा अभिव्यक्त गरिन्छ। कविता सिर्जनामा विम्ब अनिवार्य तत्त्व हो यसका माध्यमद्वारा कविता सजीव बन्दछ।

विम्ब शब्दको प्रथम प्रयोग टी ई ह्यूमले गरेको मानिन्छ। साहित्यमा विम्ब प्रयोगलाई आन्दोलनकै रूपमा प्रारम्भ गर्ने अमेरिकाली कवि एज्रा पाउन्ड हुन् भन्ने अध्ययनद्वारा जानकारी पाइन्छ। एज्रा पाउन्डद्वारा सम्पादित *दि इमेजिस्ट अन एन्थोलजी*

---

[1] हेमाङ्ग राज अधिकारी र बद्री विशाल भट्टराई (सम्पा), सन् २०१३, *प्रयोगात्मक नेपाली शब्दकोश,* काठमाडौं : विद्यार्थी प्रकाशन, पृ. १३११।

(सन् १९१४) कविता सङ्कलनको पुस्तकमा विम्बको प्रयोग भएको उल्लेख पाइन्छ।[२] यो प्रयोग वास्तवमा विम्बवादी आन्दोलनलाई विश्वव्यापी रूप दिनका निम्ति गरिएको थियो। यस पुस्तकलाई विम्बवाद आन्दोलनको प्रमुख कृति मान्न सकिन्छ। कवितामा विम्बलाई आन्दोलनका रूपमा प्रयोग गर्ने कविहरूमा टी ई ह्युम, एज्रा पाउन्ड, डब्ल्यु बी यिट्स, डुलित, टी एस इलियट, रिचर्डस अल्डिगटन आदि प्रमुख छन्। यी कविहरूको प्रयासद्वारा नै विम्बवादको स्थापना हुन गएको छ।

पूर्वीय र पाश्चात्य साहित्यका क्षेत्रमा पौराणिक, ऐतिहासिक, आधुनिक र उत्तरआधुनिक कविताहरूमा विम्बको प्रयोग पाइन्छ। कवितालाई मूर्त बनाउने एउटा महत्त्वपूर्ण माध्यम विम्ब हो। कविताका विषयलाई विम्बको प्रयोगद्वारा सशक्त रूपमा अभिव्यक्त गर्न सकिन्छ। कवितामा निहित विषयहरू विम्बका माध्यमले अभिव्यक्त हुँदा त्यहाँ काव्यिक सौन्दर्यको निरूपण हुन्छ। विम्बको प्रयोगद्वारा कविता कलात्मक एवम् प्रभावकारी हुन सक्छ। तसर्थ कविताको सौन्दर्य र काव्यिक स्वरूपको विकासमा विम्बको भूमिका महत्त्वपूर्ण हुन्छ। विम्बद्वारा मानिसका मानसिक प्रक्रिया, विचार, धारणा र भौतिक मूर्त र अमूर्त विषयहरूलाई अभिव्यक्त गर्न सकिन्छ। यसद्वारा मानिसका चेतनामा निहित अमूर्त मूल्यहरू पनि अभिव्यक्त गर्न सकिने हुनाले मानिसको चेतनागत र बौद्धिक विकाससित विम्बको मनोवैज्ञानिक सम्बन्ध छ। यसैले विम्बलाई सिर्जनाका क्षेत्रमा एउटा ज्ञानकै रूपमा लिन सकिन्छ।

नेपाली कवितामा विम्ब प्रयोगको दीर्घ परम्परा पाइन्छ। प्रारम्भिक कालमा लेखिएका कविताहरूमा छुटपुट रूपमा विम्बको प्रयोग भएका छन्। यद्यपि यस्ता प्रयोग सचेत रूपमा गरिएका हुन् भनी किटन गर्न सकिँन्दैन। नेपाली साहित्येतिहासअन्तर्गत प्रयोगवादी कालका कविहरूले विम्बको सचेत प्रयोग गरेका छन्। खड्गसिंह राई 'काँढ़ा'

---

[२] लक्ष्मणप्रसाद गौतम, सन् २०११, *समकालीन नेपाली कविताको बिम्बपरक विश्लेषण*, ललितपुर : साझा प्रकाशन, पृ. १२।

भारतीय नेपाली कविता लेखनको परम्परामा देखा परेका एकजना प्रयोगवादी कवि हुन्। उनका कविताहरूमा विभिन्न विम्बहरूको प्रयोग भएको पाइन्छ। तिनै कवितामा विम्बको प्रयोग के कस्ता रूपमा भएका छन् भन्ने खोज तथा अनुसन्धानको आवश्यकता र औचित्य अनुभव गर्दै यस विषयमाथि एमफिल तहको यो लघु शोधप्रबन्ध तयार गरिएको छ।

## १.३ शोधको प्रयोजन

सिक्किम विश्वविद्यालय भाषा अनि साहित्य सङ्कायअन्तर्गत नेपाली विभागको एमफिल तहको लघु शोधप्रबन्ध तयार गर्नु यस शोधको मुख्य प्रयोजन हो। त्यसका साथै नेपाली साहित्यमा विम्बको प्रयोग र परम्पराको अध्ययन गर्दै खड़गसिंह राई 'काँढ़ा'-का कवितामा यसको प्रयोग हेर्नु पनि यस शोध कार्यको प्रयोजन रहेको छ।

## १.४ शोधको समस्या

प्रस्तावित शोध कार्यमा खड़गसिंह राई 'काँढ़ा'-का कवितामा विम्ब प्रयोगबारे विश्लेषण गरिएको छ। यस शोध कार्यमा निम्नलिखित समस्याहरूबारे अध्ययन गरिने छ।-

(क) विम्बको सिद्धान्तगत आधारमा भारतीय नेपाली कवितालाई कसरी हेर्न सकिन्छ ?

(ख) भारतीय नेपाली कविताको परम्परामा खड़गसिंह राई 'काँढ़ा'-का काव्यिक प्रवृत्तिलाई कसरी केलाउन सकिन्छ ?

(ग) खड़गसिंह राई 'काँढ़ा'-का कवितामा के कस्ता विम्बहरूको प्रयोग भएको पाइन्छ ?

## १.५ शोधको उद्देश्य

(क) विम्बको सैद्धान्तिक चर्चा गर्दै नेपाली कवितामा ती विम्बहरू कसरी र कुन रूपमा प्रयोग भएका छन् ती बारे अध्ययन र विश्लेषण गर्नु।

(ख) भारतीय नेपाली कवितामा खड्गसिंह राई 'काँढ़ा'-लाई कविका रूपमा चिनाउँदै उनका काव्यिक प्रवृत्तिलाई केलाएर हेर्नु।

(ग) भारतीय नेपाली कविता परम्परामा खड्गसिंह राई 'काँढ़ा'-का कवितामा प्रयुक्त विम्बलाई चिनेर त्यसको विश्लेषणात्मक अध्ययन प्रस्तुत गर्नु।

## १.६ पूर्वकार्यको समीक्षा

खड्गसिंह राई 'काँढ़ा' भारतीय नेपाली साहित्यका क्षेत्रमा मूलतः कविता विधामा देखा परेका सुपरिचित कवि हुन्। उनका दुईवटा कवितासङ्ग्रह *मेरो नामले पुगेन मलाई* (सन् १९९३) र *सपना कति-बिपना कति* (सन् २०१९) प्रकाशित छन्। आजसम्मको खोजी र प्राप्तिअनुसार उक्त कृतिहरूबारे आंशिक चर्चा भएको पाइए तापनि प्राज्ञिक स्तरमा शोध कार्य भएको पाइँदैन। उनका कविताबारे आजसम्म विस्तृत रूपमा अध्ययन भएको पाइँदैन। यद्यपि कतिपय अध्येताहरूले यसबारे अध्ययन गरेका छन् जो निम्न प्रकारले हेर्न सकिन्छ-

### १.६.१ पत्र-पत्रिकाका आधारमा

खड्गसिंह राई 'काँढ़ा'-को कविताबारे पहिलो लेख वसन्त शर्मा र लोक थापाको हो भन्ने यस अनुसन्धान कार्यबाट थाहा लाग्दछ। लोक थापाले वीरभद्र कार्कीढोलीद्वारा सम्पादित *प्रक्रिया* (सन् १९९४, वर्ष ८, अङ्क १३) मा 'कवि खड्गसिंह राई 'काँढ़ा' : एक व्यक्तित्व'-शीर्षक लेख प्रकाशित गरेका छन्। उक्त लेखमा लोक थापाले कविका व्यक्तित्व र कृतित्वबारे चर्चा गरेका छन्। यसै पत्रिकामा वसन्त शर्माले पनि 'कवि खड्गसिंहका कविताहरूको उद्घोषणा' शीर्षक दिएर लेख प्रकाशित गरेका छन्। यस

लेखमा वसन्त शर्माले प्रयोगवादको सुन्दर शैली ग्रहण गर्न सक्ने अग्रणी युवा कविका रूपमा राईज्यू हुनुहुन्छ भनेका छन्।[३] प्रस्तुत लेखमा कविलाई प्रयोगवादी रूपमा चिनाउँदै उनको कविताबारे अध्ययन र विश्लेषण गर्ने प्रयास भएको छ।

मोहन ठकुरीद्वारा सम्पादित *आरोहण* (सन् २००६, अङ्क ५) पत्रिकामा इन्द्रबहादुर राईको 'कविता लेखनमा गणितीय विस्तारण' लेख प्रकाशित छ जसमा इन्द्रबहादुर राईले कवि खड्गसिंह राई 'काँढ़ा'-का 'मोहको पुनरावृतिः मरुभूमि' शीर्षक कवितालाई मात्र लिएर गणितीय विस्तारणबारे महत्त्वपूर्ण अध्ययन गरेका छन्। यस लेखबाट खड्गसिंह राई 'काँढ़ा' एकजना प्रयोगवादी कवि हुन् भन्ने कुरा स्पष्ट हुन्छ।

### १.६.२ पुस्तकका आधारमा

इन्द्रबहादुर राईको पुस्तक *सम्पूरक* (सन् २०१४) मा 'कवितामा खड्गसिंह राई 'काँढ़ा'' शीर्षक लेख प्रकाशित भएको पाइन्छ। यस लेखमा राईले खड्गसिंह राई 'काँढ़ा'-लाई कविका रूपमा चिनाउने महत्त्वपूर्ण कार्य गरेका छन्। खड्गसिंह राई 'काँढ़ा'-का कविता ६० देखि ८० का दशकमा नेपाली कविता लेखनको एक भिन्न र उच्च मानदण्ड थिए[४] भन्ने इन्द्रबहादुर राईको विचार देखिन्छ। प्रस्तुत लेखमा कवि र कविताबारे छुट्टै चिन्तन र अध्ययन गरिएको पाइन्छ। यस लेखलाई विजयकुमार राईले *इन्द्र सम्पूर्ण* (सन् २००४, ग्रन्थ ४) मा प्रकाशित गरेका छन्।

नेपाली साहित्यमा अध्येताहरूले खड्गसिंह राई 'काँढ़ा'-का कविताबारे धेरै लेखेको पाइँदैन। मनप्रसाद सुब्बाको *समकालीन साहित्य* (सन् १९९९-२०००, वर्ष १०, अङ्क १) पत्रिकामा 'काँढ़ा'-बारे 'कवि 'काँढा' : सम्झनामा/कवितामा' शीर्षक लेख प्रकाशित

---

[३] वसन्त शर्मा, सन् १९९४, 'कवि खड्गसिंहका कविताहरूको उद्घोषणा', *प्रक्रिया,* वर्ष ८, अङ्क १३, वीरभद्र कार्कीढोली (सम्पा), पश्चिम सिक्किम : प्रक्रिया प्रकाशन, पृ. २३५।

[४] इन्द्रबहादुर राई, सन् २०१४, *सम्पूरक,* कालेबुङ : उपमा प्रकाशन, पृ. ३६।

भएको पाइन्छ। यसमा 'काँढ़ा'-का कवितामा पाइने विविध पक्षहरूको अध्ययन गरिएको छ।

## १.७ शोधको सीमाङ्कन

प्रस्तुत शोध कार्य **खड़गसिंह राई 'काँढ़ा'-का कवितामा विम्ब प्रयोग** शीर्षकमा केन्द्रित रहेको छ। यस शोध कार्यमा उनको प्रकाशित कवितासङ्ग्रह *मेरो नामले पुगेन मलाई* (सन् १९९३) र *सपना कति-बिपना कति* (सन् २०१९) माथि केन्द्रित रहेर अध्ययन, विश्लेषण र मूल्याङ्कन गरिएको छ।

## १.८ शोधको औचित्य र महत्त्व

खड़गसिंह राई 'काँढ़ा'-का कवितासङ्ग्रह *मेरो नामले पुगेन मलाई* र *सपना कति-बिपना कति*-मा सङ्ग्रहित कविताहरूको अध्ययन कार्य गर्नु उपयोगी र महत्त्वपूर्ण हुनेछ। यस शोध कार्यले भारतीय नेपाली साहित्यमा विम्ब र यसको प्रयोगबारे अध्ययन गर्दा निश्चय नै भारतीय नेपाली साहित्यको नयाँ अध्यायको आरम्भ हुनेछ। तसर्थ भारतीय नेपाली साहित्यमा विम्ब प्रयोगको अध्ययन गरिनु यस शोध कार्यको औचित्य रहेको छ।

## १.९ शोध विधि

प्रस्तावित लघु शोधप्रबन्धमा **खड़गसिंह राई 'काँढ़ा'-का कवितामा विम्ब प्रयोग**-माथि विश्लेषण र मूल्याङ्कन गरिएको छ। यसमा निगमनात्मक शोध विधिका आधारमा गुणात्मक पद्धतिद्वारा विषयको विश्लेषण र व्याख्या गरिएको छ। यस शोधका निम्ति भारतीय भाषा संस्थान र सिक्किम अकादमीद्वारा प्रकाशित *नेपाली लेखन शैली* (सन् २०११) लाई भाषा अनि व्याकरणका निम्ति आधार लिएको छ। पाद टिप्पणी र सन्दर्भ ग्रन्थ सूचीका निम्ति चूडामणि बन्धुको *अनुसन्धान तथा प्रतिवेदन लेखन* (सन् २०१३) लाई मानक मानिएको छ। विद्यार्थी प्रकाशन, काठमाडौँद्वारा प्रकाशित *प्रयोगात्मक नेपाली शब्दकोश* (सन्  २०१४) लाई शब्दार्थका निम्ति आधार मानिएको छ।

### १.९.१ शोधको सामग्री सङ्कलन विधि

प्रस्तावित शोध कार्यका निम्ति आवश्यक सामग्रीहरू प्राथमिक र द्वितीय स्रोतबाट सङ्कलन गरिएको छ। प्राथमिक स्रोतमा विषयसित सम्बन्धित साहित्यकारहरूबाट प्राप्त जानकारीका आधारमा सर्वेक्षण गरेर सामग्री सङ्कलन गरिएको छ। द्वितीय स्रोतका निम्ति पुस्तक, पत्र-पत्रिका साथै पुस्तकालय आदिबाट पनि सामग्री सङ्कलन गरिएको छ। यी दुवै स्रोतका आधारमा शोध कार्य गरिएको छ।

### १.१० शोधको रूपरेखा

प्रस्तावित शोध कार्यमा पाँचवटा अध्याय रहेका छन्, जसको रूपरेखा यस प्रकारले रहेको छ-

**पहिलो अध्यायः**

(१) शोध परिचय

**दोस्रो अध्यायः**

(२) विम्बको सैद्धान्तिक परिचय

**तेस्रो अध्यायः**

(३) भारतीय नेपाली कविता लेखन परम्परामा खड़गसिंह राई 'काँढ़ा'

**चौथो अध्यायः**

(४) खड़गसिंह राई 'काँढ़ा'-का कवितामा प्रयुक्त विम्ब

**पाँचौं अध्यायः**

(५) उपसंहार एवम् निष्कर्ष

**सन्दर्भ ग्रन्थ सूची**

**परिशिष्ट**

दोस्रो अध्याय

# विम्बको सैद्धान्तिक परिचय

# दोस्रो अध्याय

## २. विम्बको सैद्धान्तिक परिचय

### २.१ विम्बको अर्थ र परिभाषा

साहित्य लेखनमा प्रयोग हुने विविध अवधारणामध्ये विम्ब एउटा हो। विम्ब शब्दको प्रयोग सर्वप्रथम पाश्चात्य साहित्यमा भएको पाइन्छ। बीसौं शताब्दीको प्रारम्भदेखि कविता विधामा यसको प्रयोग भएको थाहा लाग्छ। कवितामा प्रयोग हुन थालेदेखि नै विम्बबारे नयाँ-नयाँ धारणाहरूको निर्माण भयो। विम्ब अङ्ग्रेजी भाषाको 'इमेज' शब्दको पर्याय हो। अङ्ग्रेजीको 'इमेज' हिन्दी र नेपाली साहित्यमा 'विम्ब' शब्दका रूपमा प्रयोग अनि प्रचलित हुँदै आएको देखिन्छ। विम्ब भन्नाले कुनै छाया, आकृति वा नक्सा बुझिन्छ। प्रयोगात्मक नेपाली शब्दकोशले विम्ब शब्दलाई कुनै टल्कने वस्तु (ऐना, पानी)-मा देखिने कुनै वस्तुको छाया, प्रतिविम्ब, प्रतिच्छाया[१] आदि भनेर अर्थ्याएको छ। नेपाली साहित्यका अध्येता घनश्याम नेपालले शब्दका माध्यमबाट श्रोता वा पाठकका अनुभूतिमा कुनै स्थिति, स्थान, घटना, प्रतीति, आस्वाद आदि कुनै कुराको नक्सा उभ्याइदिने तत्त्वलाई विम्ब मानेका छन्।[२] पाठमा निहित विविध घटना अनि सन्दर्भलाई छाया वा चित्रका माध्यमद्वारा पाठकको अनुभूतिमा प्रकाश गर्ने कार्य विम्बले गर्दछ।

पाश्चात्य साहित्यमा विम्ब प्रयोगको थालनी गर्ने श्रेय टी ई ह्युमलाई जान्छ। उनले नै सर्वप्रथम विम्बको प्रयोग गरेका थिए।[३] यही कालदेखि कवितामा विम्ब प्रयोगबारे अध्ययन भएको पाइन्छ। कालन्तरमा विम्बलाई कविताको अपरिहार्य तत्त्व मानिन थालियो। त्यसैले अध्येताहरूले कवितामा विम्बको प्रयोग गर्दा यसलाई अभिव्यक्त

---

[१] हेमाङ्ग राज अधिकारी र बद्री विशाल भट्टराई (सम्पा), सन् २०१३, *प्रयोगात्मक नेपाली शब्दकोश,* काठमाडौं : विद्यार्थी प्रकाशन, पृ. १३११।

[२] घनश्याम नेपाल, सन् २००५, *आख्यानका कुरा,* सिलगढी : एकता बुक हाउस प्रा लि, पृ. ११६।

[३] लक्ष्मणप्रसाद गौतम, सन् २०११, *समकालीन नेपाली कविताको बिम्बपरक विश्लेषण,* ललितपुर : साझा प्रकाशन, पृ. ११।

गर्ने शब्दमा जोड दिन थालेको देखिन्छ। हिन्दी साहित्यका अध्येता नगेन्द्रअनुसार विम्बहरू विभिन्न इन्द्रियको सन्निकर्षबाट चित्तमा उत्पन्न हुने एक प्रकारको चित्र हो।[४] विम्ब प्रयोग र अध्ययनबारे अध्येताहरूका आफ्ना आफ्ना विचार वा मत रहे तापनि कवितामा शब्दद्वारा चित्र निर्माण गर्नु नै विम्बको मुख्य धर्म हो। विम्बसित इन्द्रियको गहिरो सम्बन्ध रहेको पाइन्छ। मूलतः विम्ब कला सम्बन्धित भएको हुनाले कवितामा यसलाई प्रमुख स्थान दिइएको छ। यस कारणले कवितामा विम्बको प्रयोगबारे गम्भीर रूपमा अध्ययन भइरहेको छ।

कवितामा विम्ब विविध प्रकारले प्रयोग गर्न सकिन्छ जसद्वारा कवितालाई जीवन्त बनाउन सकिन्छ। साथै विम्बले कवितामा भएका विविध विषयहरूलाई सम्प्रेषणीय बनाउन सहयोग गर्छ। मूलतः कविको भाव अनुभूतिलाई व्यक्त गर्न बिम्बको प्रयोग गरिन्छ। कविको मानसले प्राप्त गरेको कतिपय अनुभूति भाषाद्वारा पनि व्यक्त हुन सक्तैन, तसर्थ कविले त्यस अनुभूतिलाई सहज रूपमा व्यक्त गर्नका निम्ति विम्बको प्रयोग गर्दछन्। सञ्जय राईले आफ्नो पुस्तक *कविताको सन्दर्भ*-मा लेख्छन्- काव्यमा विम्बद्वारा वैज्ञानिक, अर्थनैतिक, औद्योगिक, जैविक, लोकजीवन, सांस्कृतिक, प्रकृति तथा राजनैतिक द्वन्द्व-साम्य आदिका सन्दर्भहरू प्रविष्ट हुन्छन्।[५] यस दृष्टिले हेर्दा विम्बले विविध विषय विशेषको अध्ययन गर्छ। यसरी कविता र विम्बको सम्बन्ध व्यापक रहेको प्रमाणित हुन्छ। साहित्यका अध्येताहरूले विम्बका अवधारणालाई अध्ययन लेखनमा यसको महत्त्वबारे आफ्ना आफ्ना प्रकारले चर्चा गरेका छन्।

पाश्चात्य साहित्यअन्तर्गत कविताका क्षेत्रमा विम्बको अवधारणाबारे व्यापक अध्ययन गरिएको पाइन्छ। मूलतः विम्बको अवधारणा कविताकेन्द्री भएर नै साहित्यमा देखिएको हो। यस अवधारणाको सम्बन्धबारे पूर्वीय र पाश्चात्य साहित्यका अध्येताहरूले

---

[४] नगेन्द्र, सन् १९९०, *काव्य बिंब,* दिल्ली : नेशनल पब्लिशिंग हाउस, पृ. २।

[५] सञ्जय राई, सन् २०१२, *कविताको सन्दर्भ,* वणारसी : ल्यूमिनस बुक्स, पृ. १४।

आफ्ना आफ्ना विचारलाई अगाडि बढाएका छन्। उनीहरूले विम्बलाई कवितामा कलात्मक रूपमा उतार्ने आवश्यक अङ्ग मानेका छन् साथै विम्बको विविध तत्त्वसित सम्बन्ध रहेको अध्ययन गरे। पाश्चात्य साहित्यका अध्येता सी डे लेविस लेख्छन्- केही इन्द्रियजन्य गुणसहितको शब्दचित्र नै काव्य विम्ब हो।[६] यसले कविता लेखनमा शब्दबाट नै जीवन-जगत्मा देखा परेको विषयहरूलाई चित्रको रूपमा स्पष्ट पार्ने कार्य हुँदछ। यसको प्रयोगले मात्र कविता अध्ययनमा चित्र प्रस्तुत गर्नु सम्भव छ। नगेन्द्रअनुसार विम्ब एक प्रकारको चित्र हो, जुन पदार्थको साथ विभिन्न इन्द्रियको सन्निकर्षबाट भावकको मनलाई उद्बुद्ध तुल्याउँदछ।[७] यसरी उनले पनि लेविसले झैं विम्बलाई चित्रकै रूप मानेका छन्। यहाँ विम्बलाई कुनै पदार्थसित इन्द्रियको सम्बन्ध देखाएर स्पष्ट रूपमा अध्ययन गर्ने प्रयास गरिएको देखिन्छ। उनले कविता सिर्जनामा विम्ब प्रयोगलाई आवश्यक विषय मानेका छन् साथै विम्बका माध्यमले नै कवितामा कलात्मक बन्न पुग्दछ भन्ने धारणा राखेका छन्।

घनश्याम नेपाल आफ्नो पुस्तक *आख्यानका कुरा*-मा लेख्छन्- विम्ब कलाको भाषा हो।[८] उनले विम्ब, भाषा र कलाको आन्तरिक सम्बन्धलाई गहिरो अध्ययन गरेका छन्। विम्ब प्रयोगले कविता सार्थक बन्न सक्तछ भन्ने नेपालको विचार रहेको देखिन्छ। यसै गरी अर्का अध्येता लक्ष्मणप्रसाद गौतमले विम्बको महत्त्वबारे लेख्छन्- विम्ब सर्जकका मानसपटलमा रहेको मानसिक तस्बिरलाई सम्मूर्तित बनाउने चित्रात्मक भाषा हो।[९] विम्ब सर्जकका अन्तरहृदयमा भएका भावहरूलाई मूर्तता प्रदान गर्ने माध्यम भाषा हो। सर्जक र भाषाको सबैभन्दा नजिक सम्बन्धबाट कवितामा विम्ब निर्माण हुँदछ भन्ने अध्ययन गरिएको छ। कविता-साहित्यमा विम्बको क्षेत्र व्यापक र विशाल रहेको कुरा

---

[६] सी डे लेविस, सन् १९५८, *दि पोएटिक इमेज्*, लन्डन : जोनाथन केप्, पृ. १९।

[७] नगेन्द्र, 'काव्य बिंब', पूर्ववत्, पृ. २।

[८] घनश्याम नेपाल, 'आख्यानका कुरा', पूर्ववत्, पृ. ११७।

[९] लक्ष्मणप्रसाद गौतम, 'समकालीन नेपाली कविताको बिम्बपरक विश्लेषण', पूर्ववत् पृ. १०।

पनि स्पष्ट हुन्छ। यसरी नै कवितामा विम्बलाई चित्रका रूपमा स्वीकार गर्दै सञ्जय राई लेख्छन्- विम्बले शब्दस्तरमा मात्र नभएर अनुभूति, भावना, घटना आदिमा पनि जीवनको चित्र प्रस्तुत गर्दछ।[१०] विम्ब शब्दमा मात्र सीमित नरहेर यो जीवन-जगत्को विभिन्न आयामहरूको व्याख्यालाई अझ अर्थपूर्ण बनाउन सक्षम छ। उनले पनि विम्बलाई जीवनको विभिन्न पाटोलाई हेर्न सकिने चित्रात्मक रूपमा स्वीकारेका छन्। उनको विचारअनुसार विम्ब कवितामा हुनुपर्ने एउटा आवश्यक उपकरण हो। यसरी नै विम्बबारे चर्चा गर्दै राजेन्द्र भण्डारीले 'विम्ब अनि नेपाली कविताको सन्दर्भ' शीर्षक लेखमा पाठक या श्रोतालाई रसदशामा पुऱ्याउन विम्ब अनि चित्रको आवश्यकता पर्छ[११] भनेर आफ्नो विचार राखेका छन्। उनले पनि अन्य अध्येताहरूले झैं विम्ब र चित्रलाई कविताका अनिवार्य अङ्ग मानेका छन्। कुनै पनि पाठक वा श्रोतामा रस निष्पत्ति हुनलाई विम्बको आवश्यकता पर्दछ भन्ने धारणालाई परिभाषित गरिएको छ। यसरी कवितामा प्रयोग गरिएको अथवा गरिने विम्बलाई अध्येताहरूले आफ्ना आफ्ना अध्ययनअनुसार व्याख्या गरिएको पाइन्छ।

वासुदेव त्रिपाठी लेख्छन्- विम्बवादी कविता प्रभावशाली अलङ्कारहरूद्वारा सृजित हुन्छ, यसले तीखो अनि समाधि-सदृश अन्तर्दर्शन दिन्छ, यो व्यङ्ग्यद्वारा चिह्नित हुन्छ र आविष्कार वा सचेतताको क्षणझैं प्रतीत हुन्छ।[१२] उनले विम्ब र अलङ्कारको सम्बन्धलाई प्रस्ट पार्दै कविता सिर्जनामा विम्ब र अलङ्कार दुवैको प्रयोगलाई अनिवार्य र आन्तरिक तत्त्व मानेका छन्। यी दुवैको प्रयोगले कविता कलात्मक र प्रभावशाली बन्न पुग्दछ। इन्द्रविलास पौड्याल विम्बबारे लेख्छन्- संसारिक वस्तु वा जीवन-जगत्का

---

[१०] सञ्जय राई, 'कविताको सन्दर्भ', पूर्ववत्, पृ. १९।

[११] राजेन्द्र भण्डारी, सन् १९८९, 'विम्ब अनि नेपाली कविताको सन्दर्भ ', *बृहत् समालोचना,* शिव प्रधान (सम्पा), सिक्किम : गान्तोक प्रकाशन, पृ. ६५९।

[१२] वासुदेव त्रिपाठी, सन् २००८, *पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा, भाग २,* काठमाडौं : साझा प्रकाशन, पृ. ८२।

व्यापक सन्दर्भबाट टिपिएका सामग्रीहरू विम्ब हुन्।[१३] यस परिभाषाले विम्बको सम्बन्ध जीवन-जगत्का विभिन्न वस्तुसित रहेको पुष्टि गर्दछ। कवितामा जीवन-जगत्का बाह्य र आन्तरिक दुवै स्थानबाट टिपिएका कुराहरू विम्ब भएर व्यक्त हुँदछ। विम्बकै सन्दर्भमा लक्ष्मणप्रसाद गौतम लेख्छन्- सजीव, सुन्दर, मनोरम र सरस मानसचित्र वा मानस प्रतिच्छवि नै काव्यविम्ब हो, जसमा कविको भावना, कविको अनुभूति, संवेदना र कवि कल्पनाले मूर्त रूप धारण गर्दछ।[१४] विम्बहरू एकाअर्कासित सम्बन्धमा रहेर कविले कवितामा प्रस्तुत गर्न चाहेको वास्तविक चित्रलाई प्रकट गर्दछ। विम्बले कवितामा विविध विषयहरूलाई मूर्तता प्रदान गर्दै आइरहेको कुरालाई उक्त भनाइले पुष्टि गरेको छ। विम्बलाई कविताको मूल तत्त्व मान्दै हिन्दी साहित्यका अध्येता नगेन्द्र लेख्छन्- विम्ब ऐन्द्रिक माध्यमद्वारा मानसिक अथवा बौद्धिक सत्यसम्म पुग्न सकिने मार्ग हो।[१५] पाठकले कवितामा प्रयुक्त विम्बद्वारा मानसिक सन्तुष्टि प्राप्त गर्न सक्छ साथै मानसिक अथवा बौद्धिक सत्यसम्म पुग्न सक्षम बन्छ भन्ने अन्तर्दृष्टि यहाँ रहेको छ।

एज्रा पाउन्डका विचारमा छोटो समयमा हुने बौद्धिकता र भावात्मकताको सम्मिश्रण नै विम्ब हो।[१६] यस परिभाषाबाट उनले कवितामा पाइने बौद्धिकता र भावनाको मिश्रण नै विम्ब हो भन्ने सङ्केत गरेका छन्। प्रतापचन्द्र प्रधानले भाषाको मितव्ययिता, लयात्मक संरचना, स्पष्ट वर्णन र मूर्तता नै विम्बवादको विशेषता हो[१७] भनेका छन्। यहाँ विम्बले भाषाको माध्यमद्वारा विभिन्न विषयलाई मूर्तता प्रदान गर्दछ भन्ने धारणा पाइन्छ। कुमारबहादुर जोशीको भनाइअनुसार सौन्दर्यको साक्षात्कार इन्द्रिययोगद्वारा पोषित कल्पनाद्वारा हुन्छ र कल्पनाले सुन्दर मनोमूर्ति वा विम्बलाई जन्म

---

[१३] कृष्णविलास पौड्याल, सन् २००२, *साहित्य-सिद्धान्त*, काठमाडौं : श्रीकृष्ण प्रकाशन, पृ. १२।

[१४] लक्ष्मणप्रसाद गौतम, 'समकालीन नेपाली कविताको बिम्बपरक विश्लेषण', पूर्ववत्, पृ. १०।

[१५] नगेन्द्र, 'काव्य बिंब', पूर्ववत्, पृ. ४।

[१६] लक्ष्मणप्रसाद गौतम, 'समकालीन नेपाली कविताको बिम्बपरक विश्लेषण', पूर्ववत्, पृ. ७।

[१७] प्रतापचन्द्र प्रधान, सन् २००२, *प्रतिनिधि आधुनिक नेपाली लामा कविता*, काठमाडौं : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, पृ. ३२।

दिन्छ।[१८] विम्बको धारणा विकसित हुनलाई विभिन्न तत्त्वहरूमध्ये इन्द्रिय र कल्पना आन्तरिक रूपमा देखा पर्दछ। यी दुवै तत्त्वद्वारा अन्तर्दृष्टि अभिव्यक्तिमा विम्ब निर्माण हुन्छ भन्ने उनको मत पाइन्छ। भाषालाई कल्पनाको माध्यमद्वारा कवि वा पाठकले कवितामा सौन्दर्य सृष्टि गर्दछ।

विम्बसम्बन्धी पूर्वीय र पाश्चात्य साहित्यका अध्येताहरूको विविध दृष्टिकोण र परिभाषा रहे तापनि पाठ वा कवितामा चित्र निर्माण गर्नु नै विम्बको मुख्य विशेषता हो। यस सन्दर्भमा विम्बबारे अध्येताहरूको गहन चिन्तन र व्याख्या पाइन्छ। कविता लेखनमा विम्बले निःसन्देह एउटा नौलो दिशा प्रदान गरेका छन्। विम्बले कविताका संरचनामा कलात्मक कलादृष्टि निर्माण गर्ने कार्य गर्दछ। कवितामा चित्रात्मक भाषाको प्रयोग नै विम्बको मूल विशेषता हो। विश्व कवितामा झैं नेपाली कवितामा पनि विषयवस्तुलाई परिवर्तन गर्ने क्रममा विम्बको प्रयोग गरिएको पाइन्छ। यसरी नै भारतीय नेपाली कवितामा पनि विम्बको प्रयोग प्रारम्भदेखि प्रयोग भएको देखिन्छ। यसले कविताको संरचना, शैली र प्रविधिलाई कलात्मक बनाउन प्रमुख भूमिका खेल्दछ। समग्रमा हेर्दा अध्येताहरूले कविताको प्रस्तुतीकरणमा कलात्मक र चित्रात्मक अभिव्यक्तिलाई विम्ब मानेका छन्।

## २.२ विम्बका प्रकार

पूर्वीय र पाश्चात्य साहित्यका अध्येताहरूले विम्बका प्रकारबारे आफ्ना आफ्ना अध्ययन र विचारलाई अघि बढाएका छन्। तथापि विम्बलाई कुनै निश्चित आधारमा राखेर वर्गीकरण गरेको पाइँदैन। अध्येताहरूले विम्बका प्रकारबारे विविध दृष्टिकोण र मत राखेका छन्। विम्बका प्रकारबारे लक्ष्मणप्रसाद गौतम लेख्छन्- विम्बलाई यति नै आधारमा वर्गीकरण

---

[१८] कुमारबहादुर जोशी, सन् २००९, *पाश्चात्य साहित्यका प्रमुख वाद*, काठमाडौं : साझा प्रकाशन, पृ. ८५।

गर्नुपर्छ र गर्न सकिन्छ भन्ने निश्चित आधारहरू देखिँदैनन्।[१९] यस भनाइबाट विम्बका प्रकारबारे एउटा निश्चित आधार नरहेको प्रमाणित हुन्छ। विम्ब प्रकारगत दृष्टिले विविध आधारलाई लिएर चौधवटा रहेको विभिन्न अध्येताहरूले देखाएका छन्।[२०] ती विम्बहरू यस प्रकार छन्-

| | | |
|---|---|---|
| (१) | प्रेरक अनुभूतिका आधारमा- | पूर्ण वा समाकलित विम्ब, सरल विम्ब, मिश्र विम्ब |
| (२) | विषयवस्तुका आधारमा- | भावात्मक विम्ब, मिश्रित विम्ब, बौद्धिक विम्ब |
| (३) | रचना प्रक्रियाका आधारमा- | कल्पित विम्ब, स्मृति विम्ब |
| (४) | प्रस्तुतिका आधारमा- | प्रस्तुत विम्ब, अप्रस्तुत विम्ब |
| (५) | काव्यार्थ दृष्टिका आधारमा- | एकल वा स्वतन्त्र विम्ब, संश्लिष्ट विम्ब |
| (६) | कार्यका आधारमा- | साधारण विम्ब, भावात्मक विम्ब, तात्कालिक विम्ब, संयुक्त विम्ब |
| (७) | विनियोगका आधारमा- | प्राथमिक विम्ब, विकसित विम्ब, व्युत्पन्न विम्ब |
| (८) | प्रभाव क्षमताका आधारमा- | समर्थवान् वा सजीव विम्ब, खण्डित वा निर्जीव विम्ब |
| (९) | काव्यानुभूतिको अभिप्रायका आधारमा- | दृश्य संवेदनात्मक विम्ब, शब्द विम्ब, मुक्त विम्ब वा मनोविम्ब, चिन्तनपरक विम्ब, संवेगात्मक विम्ब, अभिवृत्तिपरक विम्ब |

[१९] लक्ष्मणप्रसाद गौतम, 'समकालीन नेपाली कविताको बिम्बपरक विश्लेषण', पूर्ववत्, पृ. १५।
[२०] लक्ष्मणप्रसाद गौतम, 'समकालीन नेपाली कविताको बिम्बपरक विश्लेषण', पूर्ववत्, पृ. १८-२०।

(१०) प्रबन्धात्मकताका आधारमा- घटना विम्ब, प्रकरण विम्ब

(११) इन्द्रिय संवेद्यताका आधारमा- चाक्षुष वा दृश्य विम्ब, रस वा आस्वाद्य विम्ब, शब्द/ ध्वनि/ नाद विम्ब, गन्ध वा घ्रातव्य विम्ब, स्पर्श्य वा स्पर्श विम्ब

(१२) मिथकीयताका आधारमा- आद्यविम्ब, ब्रह्माण्ड विम्ब, किमाकार विम्ब, पौराणिक विम्ब, निजन्धरी विम्ब, प्रत्यय विम्ब, यातुधार्मिक विम्ब

(१३) कलात्मकताका आधारमा- शब्द विम्ब, वर्ण विम्ब, सामाजिक विम्ब, प्रश्रित विम्ब, कल्पनाश्रित विम्ब, व्यापार विधायक विम्ब

(१४) सादृश्यका आधारमा- प्रत्यक्ष विम्ब र धारणात्मक विम्ब

सी डे लेविसले आफ्नो पुस्तक *दि पोएटिक इमेज्*-मा विम्बलाई प्रभाव क्षमताका आधारमा दुई प्रकारका उल्लेख गरेका छन्।[२१] ती हुन्-

(१) सजीव विम्ब र

(२) निर्जीव वा खण्डित विम्ब।

यसरी नै नगेन्द्रले व्यावहारिक आधारमा विम्बलाई मूल रूपमा पाँचवटा वर्गमा विभाजित गरेका छन्।[२२] ती वर्गीकृत विम्बका विवरण यस प्रकार छन्-

(१) वर्ग एक- दृश्य वा चाक्षुष विम्ब, श्रव्य विम्ब, स्पर्श विम्ब, घ्रातव्य विम्ब, आस्वाद्य विम्ब

---

[२१] सी डे लेविस, 'दि पोएटिक इमेज्', पूर्ववत्, पृ. ८९-१११।

[२२] नगेन्द्र, 'काव्य बिंब', पूर्ववत्, पृ. १३।

(२) वर्ग दुई- लक्षित र उपलक्षित

(३) वर्ग तीन- सरल र संश्लिष्ट

(४) वर्ग चार- खण्डित र समाकलित विम्ब

(५) वर्ग पाँच- वस्तुपरक विम्ब तथा स्वच्छन्द विम्ब।

नेपाली साहित्यका अध्येता लक्ष्मणप्रसाद गौतमले समकालीन नेपाली कवितामा प्रयुक्त विम्बहरूलाई समान्य आधार मानेर स्थूल वर्गीकरणका रूपमा जम्मा पैँतिसवटा देखाएका छन्।[२३] ती यस प्रकार छन्-

(१) संवेदनात्मक विम्ब

(२) श्रव्य विम्ब

(३) रूप विम्ब वा चाक्षुष विम्ब

(४) रस विम्ब वा आस्वाद्य विम्ब

(५) गन्ध विम्ब वा घ्रातव्य विम्ब

(६) स्पर्श वा स्पृश्य विम्ब

(७) समसामयिक र यथार्थ विम्ब

(८) पारदर्शी विम्ब

(९) प्रतीकात्मक विम्ब

(१०) यौन विम्ब

(११) छायात्मक विम्ब

(१२) निजन्धरी विम्ब र लोक विम्ब

(१३) मिथकीय विम्ब

(१४) पौराणिक विम्ब

(१५) वैदिक वा औपनिषदिक विम्ब

---

[२३] लक्ष्मणप्रसाद गौतम, 'समकालीन नेपाली कविताको बिम्बपरक विश्लेषण', पूर्ववत्, पृ. २०-३२।

(१६) यातुधार्मिक वा तान्त्रिक विम्ब

(१७) ब्रह्माण्ड विम्ब

(१८) किमाकार वा आद्भुतिक विम्ब

(१९) प्राकृतिक विम्ब

(२०) ऐतिहासिक विम्ब

(२१) स्मृति विम्ब

(२२) शिशु विम्ब

(२३) घनात्मक विम्ब

(२४) ग्राम्य विम्ब

(२५) सांस्कृतिक विम्ब

(२६) स्वप्न विम्ब वा मनो विम्ब

(२७) आलङ्कारिक विम्ब

(२८) भाषा वा व्याकरणिक विम्ब

(२९) विज्ञान विम्ब

(३०) गणितीय विम्ब

(३१) सरल विम्ब

(३२) मिश्रित वा संक्षिष्ट विम्ब

(३३) क्रान्ति विम्ब

(३४) प्रणय विम्ब

(३५) निजी विम्ब

लक्ष्मणप्रसाद गौतमले माथि उल्लेखित विविध विम्बहरूलाई निम्नलिखित प्रकारले परिभाषित गरेका छन्-

**संवेदनात्मक विम्ब**

प्रत्यक्ष र ऐन्द्रियिक प्रभावहरूलाई चित्रबद्ध गर्ने र रिस, ईर्ष्या, दु:ख, चिन्ता, खुसी आदि मानवीय संवेग र संवेदनाहरूलाई प्रस्तुत गर्ने र चित्रण गर्ने विम्ब नै संवेदनात्मक विम्ब हो।

**श्रव्य विम्ब**

इन्द्रियसंवेद्यताको शब्दतत्त्वसँग सम्बद्ध विम्ब हो श्रव्य विम्ब। यसलाई नादविम्ब, ध्वानिविम्ब, शब्दविम्ब, श्रुतिविम्ब आदि नामले पनि जानिन्छ। कुनै सजीव वा निर्जीव वस्तुको आवाज (शब्द) विम्बका रूपमा कवितामा प्रतिध्वनित हुनु श्रव्य विम्बको मूल अभिलक्षण हो।

**रूप विम्ब वा चाक्षुष विम्ब**

इन्द्रियसं वेद्यताको दृश्य तत्त्वसँग सम्बद्ध विम्बलाई चाक्षुषविम्ब भन्न सकिन्छ। यसलाई रूपविम्ब वा दृश्य विम्ब पनि भनिन्छ।

**रस विम्ब वा आस्वाद्य विम्ब**

इन्द्रियसंवेद्यताको जिह्वा तत्त्वसँग सम्बद्ध विम्बलाई रस विम्ब वा आस्वाद्य विम्ब भनिन्छ। यसको रसतत्त्वसँग सम्बन्ध हुन्छ र जिह्वासंवेद्य विम्बका रूपमा यो देखिने गर्छ।

**गन्ध विम्ब वा घ्रातव्य विम्ब**

इन्द्रियसंवेद्यताको घ्राणतत्त्वसँग सम्बद्ध विम्बलाई घ्राणविम्ब वा घ्रातव्य विम्ब भनिन्छ। यसको सम्बन्ध गन्ध तत्त्वसँग हुन्छ। मिठो सुगन्ध, नमिठो गन्ध/दुर्गन्ध आदि यसका उदाहरण हुन सक्छन्।

**स्पर्श वा स्पृश्य विम्ब**

इन्द्रियसंवेद्यताको स्पर्शतत्त्वसँग सम्बद्ध विम्बलाई स्पृश्य वा स्पर्शविम्ब भनिन्छ। कोमल, नरम, कठोर, चिसो, तातो, खस्रो, मसिनो, चिल्लो आदि विविध विश्लेषणहरू यस्ता विम्बका रूपमा प्रयुक्त हुन सक्छन्।

**समसामयिक र यथार्थ विम्ब**

समसामयिक वा समकालीन युग जीवनबाट लिइएका यथार्थपरक विम्बहरूलाई समसामयिक र यथार्थपरक विम्ब भनिन्छ। वर्तमान युगजीवनका विकृति, विसङ्गति र विविध क्षेत्रका यथार्थहरूबाट ग्रहण गरिएका विम्बहरू यसअन्तर्गत पर्दछन्।

**पारदर्शी विम्ब**

निर्मल जल वा सिसाजस्तै अथवा अन्य कुनै पारदर्शी वस्तुहरू विम्बका रूपमा उपस्थित हुनु पारदर्शी विम्बको अभिलक्षण हो। यस्ता विम्बहरूको प्रयोगबाट कवितामा वस्तुता र स्पष्टता देखिन्छ।

**प्रतीकात्मक विम्ब**

विम्ब प्रयोगका सन्दर्भमा सबैभन्दा धेरै देखिने विम्बका रूपमा प्रतीकात्मक विम्बलाई नै मानिन्छ। प्रतीकात्मक विम्ब भनेको प्रतीकका रूपमा समेत प्रयुक्त विम्ब हो। प्रतीकात्मक विम्बमा सङ्केतमूलक चित्रात्मकता हुन्छ।

**यौन विम्ब**

यौन अनुभूति र मांसल चित्रण भएका विम्बहरू यौन विम्ब हुन्। सम्भोग, नग्नता, यौनेन्द्रिय आदिको वर्णन र मांसलचित्रण एवम् यौनको अनुभूति दिने विम्बहरू यस अन्तर्गत पर्दछन्। जेजस्तो रूपमा यौन विम्बको प्रयुक्ति देखाए पनि वासना अन्तर्गभित रहेको देखिनु यसको विशेषता हो।

**छायात्मक विम्ब**

कविता पढ्दा जब अस्पष्ट आकृतिको धूमिल भाव हाम्रो मनमस्तिष्कमा उपस्थित हुन्छ, त्योबाट छायात्मक विम्बको सिर्जना हुन्छ। यस्ता विम्बहरूले धूमिल, अस्पष्ट र स्वप्निल चित्रको सृष्टि गर्दछन्।

**निजन्धरी विम्ब र लोक विम्ब**

लोकसाहित्य, संस्कृति, लोकमान्यता, लोकविश्वास आदिको प्रतिविम्बन भएका, दन्त्यकथात्मक, जादुपरक र कहींकहीं पौराणिकताको समेत झझल्को दिने विम्बहरूलाई नेपाली र हिन्दीमा निजन्धरी विम्ब भन्ने नाम दिइएको छ।

**मिथकीय विम्ब**

मिथकीय विम्बलाई आदिम विम्ब वा आद्यविम्ब पनि भन्ने गरेको पाइन्छ। यहाँ मिथकीय विम्बलाई पुराकथात्मक विम्बका रूपमा लिन सकिन्छ। मानव जीवनका सार्वकालिक उद्वेगहरूले अवचेतनका तहमा गहिरो प्रभाव छाडेर गएका हुन्छन् र तिनले मान्छेलाई आदिम यथार्थतिर फर्काइदिन्छन्।

**पौराणिक विम्ब**

देवाख्यान वा देवीदेवताहरूका चरित्रमा आधारित, गम्भीर र उदात्तताले युक्त एवम् लोकविश्वास र आस्थासमेत पाएका विम्बहरू पौराणिक हुन्। वर्तमानका विविध अभिव्यक्ति प्रस्तुत गर्न पौराणिक चरित्रका विम्बहरूको महत्त्वपूर्ण भूमिका रहेको देख्न सकिन्छ।

**वैदिक वा औपनिषदिक विम्ब**

पुराणहरूमा भन्दा वेदउपनिषद्हरूमा बढी प्रयुक्त विविध पात्र र सन्दर्भहरूबाट लिइएका विम्बहरू वैदिक एवम् औपनिषदिक विम्ब हुन्। यस्ता वैदिक/औपनिषदिक विम्बहरू अधिकांशतः शब्द विम्ब र पात्र विम्बका रूपमा प्रयुक्त भएका छन्।

### यातुधार्मिक वा तान्त्रिक विम्ब

विशेषतः विविध प्रकारका तन्त्रशास्त्रसँग सम्बन्धित विम्बलाई यातुधार्मिक विम्ब भनिन्छ। पूर्वीय-पाश्चात्य तन्त्रशास्त्रका कर्मकाण्डीय विधि र मारण, मोहन, वशीकरण, स्तम्भन, उच्चाटन आदि तान्त्रिक विधिहरूमा प्रयोग गरिने 'ॐ क्लीँ क्लीँ क्लीँ फट् फट् फट् हुँ हुँ हुँ' आदि तन्त्रमन्त्रहरू पनि कवितामा विम्बकै रूपमा प्रयुक्त देखिन्छन्।

### ब्रह्माण्ड विम्ब

जलथलको सबै भाग र कल्पित विविध लोकहरूसमेतको समष्टि भाग ब्रह्यमाण्ड हो। ब्रह्यमाण्ड भन्ने बित्तिकै भूगोल, खगोल, भूगर्भ, इतिहास, सृष्टिचक्र, कालप्रवाह, ग्रहनक्षत्र आदि सबै कुराहरू आउँछन् र सृष्टिचक्रको परिवर्तन पनि यसैभित्र पर्दछ। त्यसकारण यी सबै क्षेत्रबाट लिइएका विम्बहरूलाई ब्रह्यमाण्ड विम्ब भन्न सकिन्छ।

### किमाकार वा आद्भुतिक विम्ब

आद्भुतिकता र डरलाग्दो परिवेशको चित्रण एवम् भावाभिव्यञ्जना प्रस्तुत गर्ने विम्बहरूलाई किमाकार वा आद्भुतिक विम्ब भन्ने गरिएको छ।

### प्राकृतिक विम्ब

प्रकृति जगत्बाट टिपिएका विम्बहरूलाई प्राकृतिक विम्ब भनिन्छ। मानव निरपेक्ष सौन्दर्यसत्ताका रूपमा प्रकृतिलाई अवलोकन गरी त्यसैबाट काव्यमा एउटा सौन्दर्य चेतनाको चित्रात्मकता उपस्थित गर्नु नै प्राकृतिक विम्ब आयोजना हो। प्रकृतिका ऋतुचक्र नदी, वन, पर्वत, सन्ध्या, वनस्पति, तलाउ, झरना, हिमशिखर आदि र तिनका अनुभूतिजन्य भावहरूबाट लिइएका विम्बहरू नै प्राकृतिक विम्ब हुन्।

**ऐतिहासिक विम्ब**

इतिहासका विषयवस्तु, घटना, पात्र, परिवेश वा स्थान र सन्दर्भहरू कवितामा विम्बमय भएर उपस्थित हुनु ऐतिहासिक विम्बको अभिलक्षण हो। यस्ता विम्बहरूमा प्रायः ऐतिहासिक पात्रहरू नै विम्बमय भएर उपस्थित हुन्छन्।

**स्मृति विम्ब**

कल्पना निष्क्रिय रहेर जब स्मृतिद्वारा विम्बको सिर्जना हुन्छ, तब त्यस्ता विम्बहरू स्मृतिविम्बका रूपमा देखिन्छन्। उदासीपना, निराशा, कुण्ठा, प्रेमको घनीभूत विप्रलम्भता, चिन्ता, पिर, दुःख एकाकीपनजस्ता विविध संवेदनाहरूको अभिव्यञ्जनाका क्रममा काव्यमा यस्ता स्मृति विम्बहरू प्रयुक्त हुन्छन्।

**शिशु विम्ब**

बालकका कार्यव्यापार, गीत, बोली र अन्य विविध स्थितिको आभास दिने विम्बहरू शिशु विम्ब हुन्। शिशु संवेद्य सम्पूर्ण वस्तु, दृश्यजगत् आदि विविध कुराहरू, बालकका खेलौना, चङ्गा, पुतली, उदाउँदो सूर्य, तारा, चन्द्रमा आदि विविध सन्दर्भ विम्बका रूपमा प्रयुक्त हुनु नै शिशु विम्बको अभिलक्षण हो।

**घनात्मक विम्ब**

विशिष्ट अनुभूति, गहन अभिव्यक्ति र चित्रकलाबाट प्राप्त घनत्वको अभिव्यक्तिका क्रममा घनात्मक विम्बहरू उपस्थित हुन्छन्। घनात्मक विम्बमा अमूर्त/मूर्त चित्रकलाको प्रभाव रहने हुँदा यस्ता विम्बहरू स्वतः चित्रात्मक हुन्छन्।

**ग्राम्य विम्ब**

ग्राम्य शब्द, पदावली र वाक् पद्धतिहरूका साथै उखानहरूको समेत विम्बमय उपस्थितिलाई ग्राम्य विम्बका रूपमा लिन सकिन्छ। विशुद्ध ग्रामीण परिवेशको

वर्णन/चित्रण कुनै न कुनै रूपमा विम्बमय बनेर कवितामा आउँदा ग्राम्य विम्ब सिर्जना हुन्छ।

**सांस्कृतिक विम्ब**

सामाजिक र सांस्कृतिक रागहरूलाई अभिव्यक्त गर्ने विम्बहरू सांस्कृतिक विम्ब हुन्।

**स्वप्न विम्ब वा मनो विम्ब**

मनोवैज्ञानिक वा मनोविश्लेषकहरूका अनुसार अवचेतन मनको वास्तविक प्रतिविम्बन स्वप्नमा हुन्छ र अवचेतन मनका स्वप्निल संवेदनाहरू काव्यमा विम्बमय भएर आउँछन् भने त्यस्ता विम्बलाई स्वप्न विम्ब भनिन्छ।

**आलङ्कारिक विम्ब**

आलङ्कारिक विम्बले पूर्वीय अलङ्कारसँग नजिकको सम्बन्ध राख्दछ। जुन जुन विम्बीय तत्त्वहरूले काव्यलाई अलङ्कृत पार्ने गर्छन्; ती विम्बहरू आलङ्कारिक विम्ब हुन्।

**भाषा वा व्याकरणिक विम्ब**

भाषिक क्षेत्रबाट ग्रहण गरिएका विम्बहरूलाई भाषा/व्याकरणिक विम्ब भनिन्छ। जहाँ ध्वनि, भाषा, शब्द, शब्दार्थ र व्याकरण एवम् भाषासम्बन्धी विविध सन्दर्भहरू स्वयम्मा विम्ब बनेर आउँछन्, त्यहाँ भाषावैज्ञानिक वा व्याकरणिक विम्बको सिर्जना हुन्छ।

**विज्ञान विम्ब**

विज्ञान प्रविधिबाट लिइएका विम्बहरूलाई विज्ञान विम्ब भनिन्छ। यस्ता विम्बहरू प्रायः शब्द विम्बका रूपमा देखिन्छन्। भूगर्भविज्ञान, रसायनविज्ञान, भौतिक विज्ञान, जीवविज्ञान, चिकित्साविज्ञान आदि विविध प्राविधिक क्षेत्रहरूमा प्रयुक्त प्राविधिक शब्द, शब्दावलीहरू विम्बका रूपमा प्रयुक्त हुनु विज्ञान विम्बको अभिलक्षण हो।

**गणितीय विम्ब**

गणितीय क्षेत्रबाट ग्रहण गरिएका विम्बहरू गणितीय विम्ब हुन्। यस्ता विम्बहरूमा ज्यामितीय आकार प्रकार वा चिन्हहरू, बीजगणितीय सङ्केतकहरू र अन्य गणितीय अङ्क एवम् सङ्केतकहरू पनि पर्दछन्। सङ्ख्याबोधक शब्दहरू पनि गणितीय विम्बकै रूपमा प्रयुक्त देखिन्छन्।

**सरल विम्ब**

पूर्वापर सम्बन्धबाट मुक्त र स्वतन्त्र रूपमा आएका विम्बहरूलाई सरल विम्ब भनिन्छ। यस्ता विम्बहरू सरल अनुभूतिबाट प्रेरित हुन्छन् र प्रायः शब्द विम्ब, पात्र विम्ब र प्राकृतिक विम्बका रूपमा आएका हुन्छन्।

**मिश्रित वा संश्लिष्ट विम्ब**

समग्र इन्द्रियसंवेद्यतायुक्त र मिश्रित अनुभूतिबाट प्रेरित विम्बलाई मिश्रित विम्ब भनिन्छ। जब विभिन्न विम्बहरू एकै ठाउँमा प्रयुक्त भइ जटिल अनुभूति दिन्छन् तब मिश्रित विम्बको सिर्जना हुन्छ।

**क्रान्ति विम्ब**

काव्यकृतिमा क्रान्ति चेतनाको समुद्घोषण गर्ने विम्बहरू नै क्रान्ति विम्ब हुन्।

**प्रणय विम्ब**

प्रणयराग अभिव्यञ्जित गर्ने विम्बहरू नै प्रणय विम्ब हुन्।

**निजी विम्ब**

पूर्वप्रयुक्त वा परम्परित विम्बभन्दा भिन्न किसिमका विम्बहरूलाई निजी विम्बका रूपमा मानिन्छ। यस्ता विम्बहरू स्वनिर्मित विम्बका रूपमा पनि चिनिन्छन्। कतिपय पुराना वा पारम्परिक विम्बहरूलाई पनि जब स्रष्टाले भिन्नै, विशिष्ट र नवीन रूपमा प्रयोग गर्छ, त्यस्ता विम्बहरूलाई पनि प्रयोग क्षमताका आधारमा निजी विम्ब भन्न सकिन्छ। निजी

विम्बको सिर्जना गर्दा स्रष्टाले आफ्नो जीवनवृत्त  र परिवेशबाट पनि विम्ब ग्रहण गर्न सक्छ। निजी विम्बहरू कविका आफ्ना विशिष्ट परिचायक तत्त्व पनि हुन्।

यी माथिका विविध वर्गीकरणमध्ये लक्ष्मणप्रसाद गौतमले देखाएका स्थूल वर्गीकरणलाई यस लघु शोधप्रबन्धमा लिइएको छ। ती वर्गीकरणलाई मूल आधार मानेर खड्गसिंह राई 'काँढ़ा'-को कविताहरूको विश्लेषण गर्ने प्रयास गरिएको छ।

## २.३ कवितामा विम्बको प्रयोग परम्परा

पाश्चात्य साहित्यमा विम्ब शब्द एउटा अवधारणाका रूपमा आएको हो। त्यसपछि विम्बले शब्दको माध्यमबाट कवितामा विविध विषयलाई अभिव्यक्ति दिन थालेको पाइन्छ। विशेषतः कवितामा अमूर्तलाई मूर्तता दिनका निम्ति विम्ब शब्दको प्रयोग गरिएको छ। साहित्यमा विम्ब शब्दको प्रयोग र प्रभाव प्रबल रूपमा बढेर गएको देखिन्छ। मूलतः यो कविता विधामा आवश्यक तत्त्व बन्न गएको छ। यसरी यसको प्रयोग, विकास र महत्त्व कविताका क्षेत्रमा अनिवार्य रूपले स्थापित भएको छ। विम्बको प्रयोग र प्रभावले कविता सिर्जनामा नयाँ चिन्तनको कलादृष्टि भित्रिएको छ। विम्बका कवितामा मूल विशेषता शब्दद्वारा नक्सा वा चित्र सृष्टि गर्नु हो। विम्बको यही विशेषताको कारण कविता संरचनामा विम्ब अध्ययनको उत्पत्ति र विकास भएको देखिन्छ। कविता र विम्बको सम्बन्धलाई लिएर अध्येताहरूले आफ्ना मत आफ्ना आफ्नै अध्ययनका आधारमा प्रस्तुत गर्ने कार्य गरेका छन्। पाश्चात्य साहित्यबाट प्रारम्भ भएको विम्बले पूर्वीय साहित्य हुँदै नेपाली कवितामा पनि प्रवेश गरेको पाइन्छ।

### २.३.१ पाश्चात्य कवितामा विम्बको प्रयोग

पाश्चात्य कविता-साहित्यको परम्परामा विम्बको अवधारणा बीसौं शताब्दीदेखि प्रारम्भ भएको मानिन्छ। यस अवधारणाको प्रारम्भ टी ई ह्युमले गरेका हुन्। विम्बवादी

आन्दोलनलाई विकसित गर्ने विशेष श्रेय एज्रा पाउन्डलाई दिइन्छ।[२४] उनले नै विम्बलाई साहित्यिक आन्दोलनका रूपमा अघि बढाउने कार्य गरे। यस अवधारणाले विशेष कवितालाई प्रभाव पारेको देखिन्छ। एज्रा पाउन्ड सँगसँगै मुख्यतः टि एस इलियट, लरेन्स, एमी लोवेल, जेम्स ज्वाइस, डुलिट, रिचर्डस अल्डिगटन, एडवर्ड स्टोरर, डब्ल्यु. बी यिट्स, ल्याफर्ग, एस एफ् फ्लिन्ट आदि कविहरूमा पनि यस अवधारणाको गहिरो प्रभाव देखिन्छ। यी कविहरू विम्बका पक्षधर हुन्। उनीहरूकै प्रयोग र प्रयासद्वारा विम्ब अवधारणाको कवितामा व्यापक र विस्तृत रूप विकसित भएको पाइन्छ। त्यसैले विम्ब कविता अध्ययनमा एउटा अनिवार्य तत्त्वका रूपमा उपस्थित भएको पाइन्छ। कविताको परम्परागत लेखनबाट छुट्टै खोज तथा अनुसन्धानको अध्ययन गराउने कार्य यस अवधारणाले गरे। सन् १९१४ मा एज्रा पाउन्डकै सम्पादनमा विम्बवादी कविताहरूको सङ्कलन *दि इमेजिस्ट अन् एन्थोलजी* प्रकाशित छ।[२५] कविता लेखनमा यस पुस्तकले अझ गहन प्रभाव पारेको देखिन्छ। यसरी विम्ब अवधारणा अध्ययनका क्षेत्रमा एउटा थप अध्याय बन्न पुग्यो।

विम्ब पाश्चात्य कवितामा पाइने एउटा मुख्य अवधारणा हो। यो विशेष रूपले कविता लेखन सम्बन्धित तत्त्व बनेर प्रचलनमा आएको देखिन्छ। यसले कविता अध्ययनमा नितान्त नयाँ धारणा विकसित गरेको छ। साथै विम्बको प्रयोगले ल्याएको परिवर्तनले कवितामा नयाँ अध्ययन र खोजको दिशातर्फ सङ्केत गरेको छ। विम्बवादी कविहरूले विम्बलाई कविताका अपरिहार्य तत्त्व मानेका छन्।

### २.३.२ पूर्वीय कवितामा विम्बको प्रयोग

पूर्वीय र पाश्चात्य साहित्यमा विम्ब र अलङ्कारको लामो परम्परा रहेको छ। पूर्वीय कविता-साहित्यको प्रारम्भमा विम्ब शब्दको स्वतन्त्र रूपमा प्रयोग भएको पाइँदैन।

---

[२४] भानुभक्त पोखरेल, सन् २००२, *सिद्धान्त र साहित्य*, ललितपुर : साझा प्रकाशन, पृ. ६७।

[२५] लक्ष्मणप्रसाद गौतम, 'समकालीन नेपाली कविताको बिम्बपरक विश्लेषण', पूर्ववत्, पृ. १२।

अध्येताहरूले विम्बलाई अलङ्कारसित सबैभन्दा नजिक रहेको देखाएका छन्। यसै सन्दर्भमा नगेन्द्रले अलङ्कारलाई कल्पना सृष्टि हुनको कारण विम्बको सम्बन्ध अलङ्कार, ध्वनि, वक्रताको साथ अधिक घनिष्ट हुन्छ[२६] भनेका छन्। कवितामा विम्बको सम्बन्ध अलङ्कार, ध्वानि, वक्रता आदिसित आन्तरिक सम्बन्ध रहेको मानेका छन्। यी दुवै एकाअर्कामा विकसित मान्यता हो। हिन्दी साहित्यका अध्येता रामकृष्ण अग्रवाल लेख्छन्- थुप्रै अलङ्कार विम्बको रूप हुन्छ।[२७] नगेन्द्रले झैं उनले पनि विम्ब र अलङ्कारकै सम्बन्धको चर्चा गरेका छन्। कवितामा यी दुवैको उपस्थितिले विभिन्न विषयवस्तुलाई प्रभावकारी रूपमा प्रकट गर्न सकिन्छ। विम्ब र अलङ्कारबारे लक्ष्मणप्रसाद गौतम लेख्छन्- पूर्वमा विम्ब शब्दको प्रथम प्रयोग अलङ्कारकै लक्षण निर्धारणका क्रममा भएको देखिन्छ।[२८] पूर्वीय साहित्यमा विम्बको अध्ययन सन्दर्भमा विम्ब अलङ्कारकै लक्षणका रूपमा मात्र प्रयोग भएको देखाइएको छ। विम्बकेन्द्री अध्ययन भने गरिएको पाइँदैन। केशवप्रसाद उपाध्याय अलङ्कारबारे लेख्छन्- अलङ्कार शब्दचित्र हो र विम्ब पनि त्यही हो।[२९] यसरी उनले अलङ्कार र विम्ब दुवैलाई कविताको आत्मा मानेका छन्। कविताको अध्ययन गर्ने क्रममा यी दुवै अति आवश्यक रूपमा देखा पर्दछ। यसै सन्दर्भमा सञ्जय राई लेख्छन्- विम्ब र अलङ्कारमा समय र युगको फरक भए तापनि मानव इतिहासको विकासको गाथालाई गति दिने क्रममा यी दुवै एकदेखि अर्को भिन्न छैन।[३०] विम्ब र अलङ्कारले मानव जगत् सम्बन्धित विषयहरूलाई गति दिने क्रममा एकाअर्कासित भिन्न नरहेको उनको धारणा रहेको छ।

---

[२६] नगेन्द्र, 'काव्य-बिंब', पूर्ववत्, पृ. १५।

[२७] रामकृष्ण अग्रवाल, सन् १९७९, *प्रसाद काव्य में बिम्ब योजना,* इलाहाबाद : लोकभारती प्रकाशन, पृ. २८।

[२८] लक्ष्मणप्रसाद गौतम, 'समकालीन नेपाली कविताको बिम्बपरक विश्लेषण', पूर्ववत्, पृ. ३२।

[२९] केशवप्रसाद उपाध्याय, सन् २०१०, *साहित्य-प्रकाश,* ललितपूर : साझा प्रकाशन, पृ. १९७।

[३०] सञ्जय राई, 'कविताको सन्दर्भ', पूर्ववत्, पृ. ४८।

यसरी अध्येताहरूले विम्ब र अलङ्कारबारे आफ्ना आफ्ना दृष्टिकोण र मतमतान्तरलाई प्रस्तुत गरेका छन्। वास्तवमा पूर्वीय साहित्यमा विम्ब सिद्धान्तको रूपमा चर्चा नभए पनि विम्ब र अलङ्कार कवितालाई जीवन्त बनाउने क्रममा समान रूपले देखा पर्दछ, यसलाई अध्येताहरूले स्वीकार गरेका छन्।

### २.३.३ नेपाली कवितामा विम्बको प्रयोग

नेपाली कवितामा विम्बको प्रयोग प्रारम्भिक कालदेखि नै भएको पाइन्छ। वीर धाराबाट प्रारम्भ भएको नेपाली कविताको इतिहासमा सुवानन्ददासलाई सर्वप्रथम कवि मानिन्छ। यिनी अहिलेसम्म फेला परेका नेपालीका पहिलो कवि हुन्।[३१] उनका कवितामा पाइने मूल स्वर वीर पुरुषको वीरत्वको प्रशंसा हो। पृथ्वीनारायणशाहका राजत्वकालमा लेखिएको सुवानन्ददासको वीररस भाव भएको कृतिलाई पहिलो कविता मानिएको छ।[३२] उक्त भनाइका आधारमा नेपाली साहित्यमा प्रथम कविता सुवानन्ददासको 'पृथ्वीनारायण'-लाई मान्न सकिन्छ। घनश्याम नेपाल लेख्छन्- आध्यात्मिक भाव र यसलाई अभिव्यक्ति दिने भाषिक तत्त्वहरू, विम्ब, प्रतीक र अलङ्कारादिको प्रयोग सुवान्ददासको कवितादेखि नै पाइन्छ।[३३] यसबाट नेपाली कवितामा विम्बको प्रयोग प्रारम्भिक कालदेखि हुँदै आएको देखिन्छ।

सुवानन्ददासको 'पृथ्वीनारायण' शीर्षक कविता विम्बात्मक भाषामा लेखिएको छ।[३४] सुवानन्ददासले 'पृथ्वीनारायण' कवितामा प्रतीकात्मक विम्बको प्रयोग गरेका छन्। उदाहरणको निम्ति यस पङ्क्तिलाई हेर्न सकिन्छ-

---

[३१] दयाराम श्रेष्ठ र मोहनराज शर्मा, सन् २००७, *नेपाली साहित्यको संक्षिप्त इतिहास,* ललितपुर : साझा प्रकाशन पृ. २८।

[३२] लक्खीदेवी सुन्दास (सम्पा), सन् १९८३, *सम्मेलन कविता सङ्ग्रह,* दार्जीलिङ : नेपाली साहित्य सम्मेलन, पृ. ग।

[३३] घनश्याम नेपाल, सन् २००९, *नेपाली साहित्यको परिचयात्मक इतिहास,* सिलगढी : एकता बुक हाउस, पृ. १२८।

[३४] सञ्जय राई, 'कविताको सन्दर्भ', पूर्ववत्, पृ. ६६।

नेपालको सिन्कि लुटि मंङ्रातको घिले भुटि

पालपाको ल्याव हिंग जिरो रिसिंगको ल्याप पिरो

तनहुँको भातसित भीर्कोटको दालसित

कञ्चन कटोरा भरि स्ववर्णका थलिया भरि

अष्टदलचौकि बसि गङ्गाजल झारि भरि पुरुव मुहुडा गरि

महाराजको जिउनार बनाउ है।

(पृथ्वीनारायण)[३५]

कवि सुवानन्ददासपछि शक्तिवल्लभ अर्ज्याल, राधावल्लभ, उदयानन्द अर्ज्याल, दैवज्ञकेशरी अर्ज्याल, यदुनाथ पोखरेल, सुन्दरानन्द बाँडा, शशीधर स्वामी, गुमानी पन्त, बालसिद्ध महासिंह थापा, वीरशाली पन्त, ज्ञानदिलदास, वसन्त शर्मा, गोविन्ददास, विद्यारण्यकेशरी, हीनव्याकरणी विद्यापति, इन्दिरस, भानुभक्त आचार्य, रघुनाथ, छविलाल नेपाल, रामदास, षडानन्द लोहानी, हरिदास, पतञ्जली गजुऱ्याल आदि प्राथमिककालका प्रतिनिधि कविहरू हुन्। यस धाराका कविहरूले लोक विम्बका साथै अनेक प्रतीक, कूटसङ्केत र अलङ्कार प्रयोगतर्फ पनि चासो राखेका छन्।[३६] यी कविहरूका कविता पनि विम्बात्मक नै देखिन्छ।

नेपाली साहित्येतिहासको माध्यमिककालमा देखिएका कविहरू मोतिराम भट्ट, लक्ष्मीदत्त पन्त, शम्भुप्रसाद ढुङ्गेल, राजीवलोचन जोशी, बबगुनी गुरुङ, गोपानाथ लोहानी, शिखरनाथ सुवेदी, डाकमान राई, दिलुसिंह राई, हाजिरमान राई, बहादुरसिंह बराल, देवराज लामिछाने, हरिनारायण दाहाल, दधिराम मरासिनी, दानराज लामिछाने, तीर्थराज पाण्डे, दलबहादुर राई, देवीदत्त पराजुली, राधानाथ लोहानी, दुर्गाप्रसाद घिमिरे, तारामान गुरुङ, केशवनाथ पौड्याल, पहलमानसिंह स्वाँर, धर्मसिंह चामलिङ, श्यामजी

[३५] चूडामणि बन्धु (सम्पा), सन् २०१०, *साझा कविता,* ललितपुर : साझा प्रकाशन, पृ. २।

[३६] वासुदेव त्रिपाठी र अन्य (सम्पा), सन् २००३, *नेपाली कविता, भाग-४,* ललितपुर : साझा प्रकाशन, पृ. १०५।

अर्याल, चन्द्रमान राई, कृष्णप्रसाद रेग्मी, रतननारायण, बलबहादुर सारु मगर, नरवीर तामाङ, डी बी राई, सुन्दरसिंह मुन्सी, प्रतापसिंह राई, रेवतीरमण न्यौपाने, सोमनाथ सिग्द्याल, चक्रपाणि चालिसे, भुवनप्रसाद उपाध्याय, कुञ्जविलास गौतम, रामप्रसाद सत्याल, होमनाथ खतिवडा, हरिविक्रम थापा, वैयाकरण नेपाल, रमाकान्त बराल आदि हुन्। यी कविहरूले पनि कविता लेखनलाई निरन्तरता दिए। प्राथमिककालीन नेपाली कविता केही भिन्न किसिमले अघि बढेको देखिन्छ। यस कालका कविताहरूमा पनि विम्बको प्रयोग गरिएको पाइन्छ।

आधुनिककालमा लक्ष्मीप्रसाद देवकोटा, सिद्धिचरण श्रेष्ठ, लेखनाथ पौड्याल, बालकृष्ण सम, माधवप्रसाद देवकोटा, धरणीधर कोइराला, साम्बभक्त शर्मा सुवेदी, पारसमणि प्रधान, प्रेमप्रसाद भट्टराई, महानन्द सापकोटा, बदरीनाथ भट्टराई, झपटबहादुर राणा, तारानाथ उपाध्याय, हर्कजङसिंह छेत्री, नयराज पन्त, गुणराज उपाध्याय, पुष्पलाल उपाध्याय, अगमसिंह तामाङ, पिनाकीप्रसाद आचार्य, तुलसीबहादुर छेत्री, गम्भीर राई, गोपाल पाँडे 'असिम' भीमनिधि तिवारी, रामचन्द्र गिरी, भूपतदास राई, भीष्मप्रसाद उपाध्याय, गोपालप्रसाद रिमाल, गोपालसिंह 'नेपाली', माधव घिमिरे, गोमा, युद्धप्रसाद मिश्र, भवानी भिक्षु, गमा, प्रेमराजेश्वरी, जगन्नाथ गुरागाई, केदारमान 'व्यथित', नित्यानन्द तिमसिना, हरिनारायण उपाध्याय, पझप्रसाद ढुङ्गना, कृष्णचन्द्रसिंह प्रधान, कुलमणि देवकोटा, भूपि शेरचन, विजय मल्ल, जनार्दन सम, राम 'अपतन', अच्छा राई 'रसिक', धर्मराज थापा, निरविक्रम प्यासी, वसन्तकुमार शर्मा, लक्ष्मण लोहानी, हृदयचन्द्रसिंह प्रधान, लक्ष्मीनन्दन चालिसे, फणीन्द्रराज खेताला, ठाकुरनाथ रिमाल, देवीप्रसाद 'किसान', वीरेन्द्र सुब्बा, दानियल खालिङ, ओकिउयामा ग्वाइन, शिवकुमार राई, तुलसी 'अपतन', नरेन्द्र कुमाई, सानुमती राई, रामकृष्ण शर्मा, अगमसिंह गिरी, आरती राई, जगत् राई, सन्तोष बरदेवा, लक्खीदेवी सुन्दास, मनबहादुर गुरुङ, सावित्री सुन्दास, चन्द्रमित लक्सम, भाइचन्द प्रधान, कृष्णप्रसाद ज्ञवाली, देवनम देवसा, नरबहादुर दाहाल, अच्छा राई

'रसिक', हरिभक्त कटुवाल आदि उल्लेखनीय पाइन्छ। यी कविहरूका कवितामा विम्ब अझ व्यापक रूपले प्रयोग भएको पाइन्छ। यसै सन्दर्भमा घनश्यम नेपालको यस भनाइलाई उल्लेख गर्न सकिन्छ। उनी लेख्छन्- पुराना प्रचलित अलङ्कार र विम्बहरूको अवलम्बनका साथै नवीन-नूतन विम्ब, प्रतीक र सादृश्यविधानको पनि विकास भयो।[३७]

आधुनिक नेपाली कविताले प्रयोगकालसम्म आइपुग्दा छुट्टै शैली र स्वरूप विकसित गरेको पाइन्छ। यस कालअन्तर्गत कविहरू मोहन कोइराला, मदन रेग्मी, पारिजात, द्वारिका श्रेष्ठ, उपेन्द्र श्रेष्ठ, रत्नशमशेर थापा, तुलसी दिवस, जगदीशशमशेर राणा, कृष्णप्रसाद श्रेष्ठ, कुमार नेपाल, परशु प्रधान, कालीप्रसाद रिजाल, रमेश धिताल, मोहनहिमांशु थापा, वासु शशी, कुमार घिसिङ, टेकबहादुर नवीन, गोपीनारायण प्रधान, वैरागी काइँला, ईश्वरवल्लभ, गुमानसिंह चामलिङ, खड्गसिंह राई 'काँढ़ा', रामबाबु सुवेदी, तुलसीराम शर्मा 'कश्यप', मेदिनीनाथ प्रतिवेशी, भानुभक्त पोखरेल, देवकान्त पन्थ, जगदीश घिमिरे, वासुदेव त्रिपाठी, लाटो साथी, अभि सुवेदी, भैरव अर्याल, दाताराम शर्मा, धुर्वकृष्ण दीप, वासुदेव लुइटेल, डिल्लीराम तिमसिना, भद्रा घले, सुशिला कोइराला, सुभाष घिसिङ, ज्ञान उदास, प्रेम सेर्पा 'विरोकी', अम्बर गुरुङ, गणेश रसिक, गोपाल योञ्जन, शरण प्रधान, मानवज्र ब्रज्राचार्य आदि हुन्। यस कालका कविहरूले पनि कवितामा विम्बको अधिक प्रयोग गरेका छन् साथै विम्बलाई कविताको नवीन शैली सिर्जना गर्ने मूल तत्त्व मानेका छन्। यहाँसम्म आइपुग्दा कविताहरूमा विम्ब एक अनिवार्य र आवश्यक तत्त्व भएको देखिन्छ। यी कविहरूका कविताले नेपाली कवितामा नितान्त मौलिक दिशातिर कवितालाई दोहोऱ्याएको छ। प्रयोगवादी नेपाली कवितामा कविता कृतिको सिङ्गो संरचना प्रायः अस्तव्यस्त र खजमजपूर्ण रहे पनि अनेक सुन्दर विम्ब-प्रतीक र सङ्केतहरूको उपस्थिति चाहिँ फेला पर्दछ।[३८]

---

[३७] घनश्याम नेपाल, 'नेपाली साहित्यको परिचयात्मक इतिहास', पूर्ववत्, पृ. १८१।

[३८] वासुदेव त्रिपाठी र अन्य (सम्पा), 'नेपाली कविता', पूर्ववत्, पृ. १२८।

यसरी नेपाली कवितामा विम्बको अध्ययन गर्दा कविताले सुरुदेखि विम्बलाई कवितात्मक अभिव्यक्तिका प्रमुख तत्त्व मान्दै आइरहेको देखिन्छ। प्राथमिककालीन कवि सुवानन्ददासको कविताबाट प्रारम्भ भएर आधुनिककालको प्रयोगकालसम्म आइपुग्दा कविता लेखनले प्रयोगका दृष्टिले विविध आयाम विकसित गरेको देखिन्छ।

### २.३.४ भारतीय नेपाली कवितामा विम्बको प्रयोग

भारतीय नेपाली साहित्यको प्रारम्भिक रूप कवितात्मक छ।[३९] यसले भारतीय नेपाली साहित्य इतिहासमा कविता विधाको सबैभन्दा लामो परम्परा रहेको पुष्टि गर्दछ। भारतीय नेपाली कविता लेखनमा विम्बको आरम्भदेखि नै प्रयोग भएको पाइन्छ। विशेषतः सन्त कवि ज्ञानदिलदासको प्रकाशित कृति *उदयलहरी* (सन् १८७७) देखि विम्ब प्रयोग प्रचलनमा आएको देखिन्छ। कुमार प्रधानले *हाम्रो समाज* (सन् १९९२) पत्रिकामा 'सन्त ज्ञानदिल र हाम्रो समाज' शीर्षक लेखमा *उदयलहरी*-लाई भारतीय नेपाली साहित्यको प्रथम रचना मानेका छन्।[४०]

सन्त कवि ज्ञानदिलदासको *उदयलहरी*-मा पौराणिक विम्बको प्रयोग भएको पाइन्छ। प्रस्तुत कवितामा हिन्दु धर्मअनुसार प्राचीन कालदेखि चलिआएको परम्परालाई नजिकबाट देखाइएको छ। उदाहरणार्थ-

> श्रीगणेशायनमः
>
> श्रीगुरु गणपति बुद्धि का दाता।।
>
> गायत्री सावित्री सरस्वती माता।।
>
> धन्ये हौ सरस्वती जगदम्बी माई।।

---

[३९] घनश्याम नेपाल, सन् २०१४, *विधा विविधा,* कालेबुङ : उपमा प्रकाशन, पृ. १४६।

[४०] कुमार प्रधान, सन् १९९२, 'सन्त ज्ञानदिल र हाम्रो समाज', *हाम्रो समाज,* अङ्क ३, राजनारायण प्रधान (सम्पा), दार्जीलिङ, पृ. १८।

अष्ट सिद्धि देउन गरिप्जनलाई। ।१। ।

(*उदयलहरी* )[४१]

कवितामा पाइने गणपति, गायत्री, सावित्री, सरस्वती माता, जगदम्बी माई आदि शब्दहरू पौराणिक विम्बका उदाहरण मान्न सकिन्छ। यी विम्बका प्रयोगले कवितालाई कलात्मक बनाएको छ। यसरी नै उनको अर्को कविता 'झ्याउरे भजन'-लाई लिन सकिन्छ-

गंगाको सिर्मा यो रानी भिर्मा
फुल्फुल्यो गोग्यानी।
नौबिसे भेडी-भड्षाला परे
भै गयौ जोगिनी। ।
हिराको दर्बार सुन गरिपर्वर
भै गयौ जोगिनी। ।१। ।

(झ्याउरे भजन)[४२]

यस कवितांशमा प्रतीकात्मक विम्बको प्रयोग भएको पाइन्छ। विम्बका दृष्टिले यहाँ 'गंगा' शब्दलाई प्रतीकात्मक रूपमा प्रयोग गरिएको छ। 'गंगा' शब्दले पवित्रको अर्थलाई सङ्केत गरेको छ। यी कविताहरूलाई विम्ब प्रयोगको एउटा नमुना मान्न सकिन्छ। यस प्रकार भारतीय नेपाली कविता लेखनमा विम्बको प्रयोग प्रारम्भीक कालदेखि नै रहेको जानकारी पाउन सकिन्छ।

सन्त कवि ज्ञानदिलदासपछि भारतीय नेपाली कवितामा बबगुनी गुरुङ, तुलाचन आले, धनवीरसिंह भण्डारी, डाकमान राई, दिलूसिंह राई, हाजिरमान राई, खम्बासिंह राया छेत्री, रत्ननारायण प्रधान, सुरवीर विश्वकर्मा, सुरवीर गुरुङ, गजवीर राणा, हरिनारायण

---

[४१] गुप्त प्रधान, सन् २००८, *धूमिल पृष्ठहरू*, दार्जीलिङ : गामा प्रकाशन, पृ. २१७।

[४२] गुप्त प्रधान, 'धूमिल पृष्ठहरू', पूर्ववत्, पृ. २३१।

दाहाल, बहादुरसिंह बराल, रहरसिंह राई, धरणीधर कोइराला, महानन्द सापकोटा, पारसमणि प्रधान, पुष्पलाल उपाध्याय, गोपालसिंह नेपाली, रामचन्द्र गिरी, वीरेन्द्र सुब्बा, दानियल (दान) खालिङ, अगमसिंह गिरी, तुलसी 'अपतन', ओकिउयामा ग्वाइन, हरिभक्त कटुवाल, वैरागी काइँला, ईश्वरवल्लभ, गुमानसिंह चामलिङ, खड्गसिंह राई 'काँढ़ा' आदिका कवितामा विम्ब प्रयोग भएको पाइन्छ।

भारतीय नेपाली कविता लेखनको प्रारम्भ सन्त कवि ज्ञानदिलदासदेखि प्रयोगवादी कवि खड्गसिंह राई 'काँढ़ा'-सम्म विम्बको प्रयोग नयाँ नयाँ प्रकारले हुँदै आएको देखिन्छ। साथै कवितामा यसले महत्त्वपूर्ण स्थान ओगटन सफल बनेको देखिन्छ। विम्बको प्रयोग भारतीय नेपाली कवितामा विशेष रूपले साठीको दशकदेखि यता अझ बढी प्रचल हुँदै आयो।

## २.४ प्रयोगवादी कवितामा विम्बको प्रभाव र प्रयोग

नेपाली साहित्येतिहासमा प्रयोगवादी लेखन सन् १९६१ सालदेखि सुरु भएको हो। साहित्यका विभिन्न विधामध्ये कविताका क्षेत्रमा यस लेखनले बढी प्रभाव पारेको देखिन्छ। यसको मूल विशेषता कविता-साहित्यमा भाषाको माध्यमबाट नवीन प्रयोगको विकास गर्नु रहेको छ। यसै कालदेखि कविता लेखनमा विभिन्न रूपमा विम्बलाई प्रयोग गरिएको पाइन्छ।

प्रयोगकालीन धाराका कविहरू ईश्वरवल्लभ, वैरागी काइँला हुँदै हरिभक्त कटुवाल, गुमानसिंह चामलिङ, खड्गसिंह राई 'काँढ़ा' आदि प्रमुख हुन्। यी कविहरूका कवितामा विम्बको अधिक प्रभाव र प्रयोग देखिन्छ। प्रयोगकालीन भारतीय नेपाली कविता लेखनमा कविहरू भाव, शिल्प-शैली र विचारका दृष्टिले नयाँ धारणा लिएर आएको देखिन्छ। उनीहरू परम्परागत कविताबाट माथि उठेर कवितामा बौद्धिकतालाई प्रस्तुत गर्न अग्रसर

देखिन्छन्। नेपाली कवितामा मौलिकतालाई प्राथमिकता दिदैं नयाँ धारणा निर्माण गर्नु यी कविहरूको मूल उद्देश्य र विशेषता रहेको थियो।

प्रयोगवादी लेखन सँगसँगै भारतीय नेपाली कविताको विकास परम्परामा तेस्रो आयाम एउटा नयाँ अवधारणाका रूपमा देखा पऱ्यो। मूलतः साहित्यकेन्द्री आन्दोलन भएकाले साहित्य अध्ययनमा यसको महत्त्वपूर्ण भूमिका रहेको छ। प्रयोगकालमा आएर कविताको गम्भीर दृष्टिकोणले अध्ययन गरियो। यसको रूप, संरचना, विचार आदिबारे अध्येताहरूले विशेष ध्यान दिए। कवितामा यस किसिमको विचार र प्रयोगबारे श्रेय तेस्रो आयामलाई जान्छ। यसै कालदेखि कवितामा विम्बको प्रयोग अधिक भएको देख्न पाइन्छ। आयामेली लेखनसम्बन्धी अध्येता लक्ष्मणप्रसाद गौतम लेख्छन्- विम्बवादी लेखनको विकासकै कुरा गर्ने हो भने पश्चिमी विम्बवादी अभियानको लगभग नेपाली संस्करणका रूपमा आयामेली कवितालाई लिन सकिने आधारहरू छैनन् भन्न मिल्दैन।[४३] यसरी आयामेली लेखनलाई प्रयोगधर्मिताको दृष्टिबारे अझैं स्पष्ट रूपले विचार राख्दै आयामेली कविहरूका कविता पूर्णतः विम्बमय भएर निस्केका देखिन्छन्।[४४] लक्ष्मणप्रसाद गौतमको मतानुसार आयामेली कविहरूका कवितामा विम्बको बढी प्रयोग भई नौलो कलादृष्टि निर्माण भएको छ भन्ने धारणा प्रमाणित गर्दछ। तसर्थ भारतीय नेपाली कविताको परम्परामा प्रयोगकालीन धाराको अध्ययन गर्दा तेस्रो आयाम आन्दोलनको चर्चा गर्नु आवश्यक देखिन्छ। आजसम्म भारतीय नेपाली कविता-साहित्यमा चलेका विविध आन्दोलनमध्ये आयामेली आन्दोलन प्रमुख हो।

### २.४.१ तेस्रो आयामको सङ्क्षिप्त परिचय

तेस्रो आयाम भारतको दार्जिलिङबाट सन् १९६३ मा प्रारम्भ भएको साहित्यिक आन्दोलन हो। यस आन्दोलनका प्रवर्तकहरू इन्द्रबहादुर राई, ईश्वरवल्लभ र वैरागी काइँला हुन्।

---

[४३] लक्ष्मणप्रसाद गौतम, 'समकालीन नेपाली कविताको बिम्बपरक विश्लेषण' पूर्ववत्, पृ. १५।
[४४] लक्ष्मणप्रसाद गौतम, 'समकालीन नेपाली कविताको बिम्बपरक विश्लेषण' पूर्ववत्।

तिलविक्रम नेम्बाङका सम्पादनमा *तेस्रो आयाम* (सन् १९६३) पत्रिकालाई तेस्रो आयाम साहित्यिक आन्दोलनको घोषणा-पत्र मानिएको छ। उक्त पत्रिकामा अगमसिंह गिरी, इन्द्रबहादुर राई, ईश्वरवल्लभ र वैरागी काइँलाका रचनाहरू समावेश गरिएका छन्। तेस्रो आयामलाई आयामेली लेखन पनि भन्ने गरिएको पाइन्छ। यस लेखनले कविता-साहित्यमा नवीन धारा र नौलो प्रयोगको सूत्रपात गरेको पाइन्छ। यस लेखनबारे साहित्यका अध्येताहरूले आफ्ना आफ्ना विचार र मत राखेका छन्। विशेष रूपले कवितामा गद्य शैली, विचार पक्षको प्राधान्य, मिथकीय प्रयोग, प्रतीक तथा विम्बको उपस्थिति र चित्रकलात्मक प्रस्तुति आयमिक विशेषता हुन्।[४५] नेपाली साहित्यमा चलेको आयामेली लेखन पाश्चात्य साहित्यको विचारधारा र प्रभाव देखिन्छ। घनश्याम नेपाल लेख्छन्- आयामवादीहरू फ्रान्सका स्टिफन मलार्मे, पल व्यालेरी, पल वर्लेन, र्‍याँबो, जर्मनेली रिल्के, रसियाली ब्लाख आदि प्रतीकवादीहरू, अमेरिकाली एज्रा पाउन्ड, टी इ ह्युम आदि विम्बवादी कवि-लेखकहरूका अतिरिक्त चित्रकला, मूर्तिकला र सङ्कलाका क्षेत्रमा इस्वीको उन्नाईसौँ र बीसौँ शताब्दीमा पश्चिममा आएका विभिन्न वाद र आन्दोलनहरूबाट प्रभावित थिए।[४६] तेस्रो आयामले विश्वका अन्य साहित्य-सिद्धान्तसित पनि सम्बन्ध राखेको कुरा थाहा उपर्युक्त कथनबाट पनि प्रमाणित हुन्छ। पाश्चात्य साहित्यमा सिद्धान्तका रूपमा चलेको अवधारणाले नेपाली साहित्यको प्रयोगकालमा आएर बढी प्रभाव परेको देखिन्छ।

आयामेली लेखनले नेपाली साहित्यको परम्परागत लेखनदेखि माथि उठेर जीवन-जगत्को ‘वस्तुता’ र ‘सम्पूर्णता’-लाई लेखिनुपर्छ भन्ने विचारलाई प्रस्तुत गरेको छ। विशेषतः यस अवधारणाको उद्देश्य साहित्यमा बौद्धिक लेखनको नयाँ चिन्तन र शैलीको खोज तथा अनुसन्धान गर्नु हो। यसै सन्दर्भमा इन्द्रबहादुर राईले *तेस्रो आयाम*-को सम्पादकीयमा लेखेका छन्- अबको साहित्य लेखनले मानिसको सम्पूर्णतालाई

[४५] लक्खीदेवी सुन्दास, सन् २००८, *समय र समीक्षणा,* दार्जीलिङ : सुन्दास परिवार, पृ. २२९।

[४६] घनश्याम नेपाल, ‘नेपाली साहित्यको परिचयात्मक इतिहास’, पूर्ववत्, पृ. २०५।

उचाल्नताक्नु पर्छ। मानिस आँखा मात्र, कान मात्र, मन मात्र होइन। ऊ जम्मै इन्द्रिय, हृदय, मस्तिष्कको पूञ्ज हो र अब लेखिने प्रत्येक वाक्य र पङ्क्तिले उसको सम्पूर्णतालाई समाउनु पर्छ, उचाल्नु पर्छ।[४७] यहाँ साहित्य र जीवनलाई हेर्ने जुन परम्परागत दृष्टिकोण छ त्यसलाई पूर्णतय परिवर्तन गर्नुपर्छ भन्ने विचार व्यक्त गरिएको छ। नेपाली कविता-साहित्यमा पनि शैली र अभिव्यक्तिको नौलो प्रयोगको प्रारम्भ बिन्दु तेस्रो आयामलाई मान्न सकिन्छ।

भारतीय नेपाली साहित्यको परम्परामा चलेको आन्दोलनमध्ये तेस्रो आयाम एउटा महत्त्वपूर्ण साहित्यिक आन्दोलन हो। यस आन्दोलनका प्रमुख प्रतिनिधि कविहरू ईश्वरवल्लभ र वैरागी काइँला हुन्। शैलीका दृष्टिले यी दुवै कविका कविता प्रयोगवादी देखिन्छन्। ईश्वरवल्लभका कवितामा अर्थहीनताको सिर्जना पाइन्छ भने वैरागी काइँलाको कवितामा अर्थनिरपेक्षताको सम्भावना अधिक छ।[४८] भाव र शैलीका दृष्टिले दुर्बोध्य, जटिल, अर्थहीनजस्ता प्रयोग कवितामा विकास भएको पाइन्छ। यही कालदेखि भारतीय नेपाली कवितामा विम्बको अधिक प्रयोग र विकास हुन थालेको पाइन्छ।

### २.४.१.१ ईश्वरवल्लभका कवितामा विम्ब

ईश्वरवल्लभ नेपाली कविताका प्रखर प्रयोगवादी कवि हुन्। उनको जन्म काठमाडौंको कालीमाटी ठाउँमा सन् १९३७ मा भएको थियो। ईश्वरवल्लभको खास कवित्वको प्रस्फुटन दार्जिलिङमा नै भएको हो।[४९] उनी तेस्रो आयाम साहित्यिक आन्दोलनका प्रतिनिधि कवि थिए। उनका निम्न लिखित कवितासङ्ग्रह प्रकाशित छन्।

(१) *आगोका फूलहरू हुन् आगोका फूलहरू होइनन्* (कवितासङ्ग्रह,

---

[४७] तिलविक्रम नेम्बाङ (सम्पा), सन् १९६३, *तेस्रो आयाम,* वर्ष १, अङ्क १, दार्जीलिङ : आयामिक मासिक प्रकाशन, पृ. १।

[४८] सञ्जय राई, सन् २०१५, 'बैरागी काइँलाका कवितामा लोकतत्त्व' *नेपाली अकादमी जर्नल,* वर्ष : ११, अङ्क ११, मोहन पी दाहाल (सम्पा), उत्तर बङ्ग विश्वविद्यालय : नेपाली विभाग, पृ. १७।

[४९] प्रतापचन्द्र प्रधान, 'प्रतिनिधि आधुनिक नेपाली लामा कविता', पूर्ववत्, पृ. १४५।

सन् १९७२)

(२) *एउटा सहरको किनारामा* (कवितासङ्ग्रह, १९७७)

(३) *समान्तर* (कवितासङ्ग्रह, सन् १९८१)

(४) *कस्मै देवाय* (कवितासङ्ग्रह, सन् १९८५)

उनका कविताहरू विविध पत्र-पत्रिकामा प्रकाशित छन्। उनले कविताबाहेक साहित्यका अन्य विधामा पनि कलम चलाएका छन्। उनले *फूल पात र पत्कर* (सन् १९६१) पत्रिकाको सम्पादन गरेका छन् तथा अन्य कतिपय पत्र-पत्रिकाको पनि सम्पादन गरेका छन्।

ईश्वरवल्लभका कविताहरूमा विम्बको प्रयोग धेर पाइन्छ। त्यसैले घनश्याम नेपालले उनी शब्दले होइन विम्बले कविता लेख्न चाहन्छन्[५०] भनेर ईश्वरवल्लभका बारेमा भनेका छन्। वल्लभको 'मेरी आमाले आत्महत्या गरेको देश' कवितामा विम्बको प्रयोग यस्तो छ-

तिम्री आमाले आत्महत्या गरेको देश
मेरी आमाले आत्महत्या गरेको देश
सबैकी आमाले आत्महत्या गरेको देश,
यो मेरो देश
यो तिम्रो देश।

(मेरी आमाले आत्महत्या गरेको देश)[५१]

उक्त पङ्क्तिमा 'आमा' शब्द प्रतीकात्मक विम्बका रूपमा प्रयोग गरिएको छ। यहाँ 'आमा'-सँग एउटा सिङ्गो देश जोडिएको छ जुन देशले आत्महत्या गरेको छ। कवितामा

---

[५०] घनश्याम नेपाल, 'नेपाली साहित्यको परिचयात्मक इतिहास', पूर्ववत्, पृ. २०५।

[५१] ईश्वरवल्लभ, सन् २०१६, *आगोका फूलहरू हुन् आगोका फूलहरू होइनन्*, काठमाडौं : मञ्जरी पब्लिकेसन, पृ. ९६।

देशको स्थिति र परिस्थितिलाई यथार्थ चित्रण गरिएको छ। यस कवितालाई लामो कविताको नमुना मान्न सकिन्छ।

उनको अर्को कविता 'क्षितिजमा अस्ताउन लागेका रहेछन्' शीर्षकमा कविले मानिसको समस्या र अस्तित्वलाई चित्रात्मक रूपमा अभिव्यक्त गरेका छन्। कवि लेख्छन्-

म अस्ताउदै गरेको घामहरूलाई केही भन्दिनँ
बिलाउन लागेका ती चित्रहरूलाई पनि केही भन्दिनँ
म अब सच्याउनँदिन यो खुम्चिएको, मैलो पुरानो आकाशलाई
बोलाउँदिनँ ती आवाजहरूलाई।

(क्षितिज अस्ताउन लागेका रहेछन्)[५२]

यस पङ्क्तिमा चित्रकलाको सोझो भाषाले समसामयिक विम्बको संयोजनद्वारा मानिसको अस्तित्वलाई राम्ररी देखाएको छ। वर्तमान कालमा भोग्न परेको अवस्थालाई यथार्थ रूपमा प्रस्तुत गरिएको छ। यहाँ विम्बका प्रयोगले कविता गहन र सुन्दर बन्न पुगेको कुरालाई नकार्न सकिँदैन। यसबाहेक ईश्वरवल्लभका अन्य कविताहरूमा पनि विम्बको प्रशस्त प्रयोग भएको पाइन्छ।

### २.४.१.२ वैरागी काइँलाका कवितामा विम्ब

वैरागी काइँला प्रयोगकालीन नेपाली कविता लेखनको अर्का प्रतिनिधि कवि हुन्। उनको जन्म पाँचथर जिल्लाको पौवा सर्ताप गाउँमा सन् १९३८ मा भएको हो। नेपाली साहित्यमा मूलतः कविता लेखनमा उनी सक्रिय देखिन्छन्। उनी तेस्रो आयाम साहित्यिक आन्दोलनका एकजना दरिलो पक्षधर हुन्। दार्जिलिङबाट ईश्वरवल्लभका सम्पादनमा प्रकाशित पत्रिका *फूल पात र पत्कर* (वर्ष १, अङ्क १, सन् १९६१) मा 'गल्लीका

---

[५२] ईश्वरवल्लभ, 'आगोका फूलहरू हुन् आगोका फूलहरू होइनन्', पूर्ववत्, पृ. ९२।

कविताहरू' शीर्षक कविताबाट कविता लेखनको प्रराम्भ भएको हो।[५३] यसरी आयामिक लेखन साहित्यिक लेखन सँगसँगै उनले नौलो प्रयोग गरेर कविता लेख्न थालेको देखिन्छ। अन्य पत्र-पत्रिकाहरूमा पनि उनका यस्तै प्रयोगवादी कविताहरू प्रकाशित भएको पाइन्छ। उनले तेस्रो आयाम पत्रिकाको सम्पादन पनि गरेका छन्। उनका मौलिक प्रकाशित कृतिहरू यस प्रकार छन्-

(१) *वैरागी काइँलाका कविताहरू* (कवितासङ्ग्रह, सन् १९७४)

(२) *अन्धा मान्छेहरू र हात्ती* (कवितासङ्ग्रह, सन् २०११)

(३) *बैरागी काइँलाका सङ्कलित कविता* (कवितासङ्ग्रह, सन् २०१९)

वैरागी काइँलाका कविता विम्ब, प्रतीक र मिथकहरूको भिडले गर्दा अधिक प्राञ्जल र पारदर्शी शैलीमा लेखिएका छन्।[५४] यस कवितासङ्ग्रहका कविताहरूमा नेपाली जनजीवनसँग सम्बन्धित विषयलाई समातेर उनले विभिन्न विम्बका माध्यमद्वारा तिनलाई प्रकट गरेका छन्। उनको 'अस्तित्वको दावीमा सावातको वैला उत्सव' कविता यस्तै प्रयोगको नमुना हो। यसमा मिथकीय विम्बको सफल र सचेत प्रयोग गरिएको पाइन्छ-

तिगेनजोङना !
काँसका थालमा उमारेका जोखनाका बोटहरूले,
के भन्छन् ? द्वन्द्व युद्धमा मान्छे र बाघको,
तितेपातीका ग्रन्धहरू आकाश नपुग्दै काट्टिएर खस्दछन्.......

(अस्तित्वको दावीमा साबातको बैला उत्सव)[५५]

---

[५३] प्रतापचन्द्र प्रधान, 'प्रतिनिधि आधुनिक नेपाली लामा कविता', पूर्ववत्, पृ. ५६।

[५४] घनश्याम नेपाल, 'नेपाली साहित्यको परिचयात्मक इतिहास', पूर्ववत्, पृ. २०६।

[५५] वैरागी काइँला, सन् १९९७, *वैरागी काइँलाका कविताहरू*, काठमाडौं : लिम्बूसाहित्य र संस्कृति उत्थान तथा प्रकाशन समाज, पृ. ५५।

'तिगेनजोङना' लिम्बू मुन्धुममा प्रचलित लोककथा हो। यसलाई मुन्धुममा आमाको (स्त्री) रूपमा वर्णन गरिएको पाइन्छ। कविले यस कवितामा प्रयोगधर्मिताका दृष्टिले मिथकीय विम्ब प्रयोग गरेका छन्। यसै प्रयोगले कविता प्रभावकारी र कलात्मक बन्न पुगेको छ। विम्ब प्रयोगको क्रममा अर्को कविता 'मातेको मान्छेको भाषणः मध्यरातपछिको सडकसित'-लाई लिन सकिन्छ-

ए सडक हो !
यौटा मानिस तिमीमाथि हिँड्दैछ
म अटाइनँ तिम्रो फैलावटमा
यसर्थ, म हुकुम गर्दछु.........
अझै तिमीहरू फाट्टिदेऊ, च्यातिदेऊ, फैलिदेऊ.........
तिम्रो फैलावटको सीमामाथि अतिक्रमण गर्ने
प्रतिक्षण इतिहास बनिरहेका क्षणसित
यी ठुलाठुला बिल्डिङका पेटीहरू
मात्र कोतपर्वका विजेताका
मात्र शासन गर्ने परिवारका
प्रशस्ति र वंशावली लेखिएका इतिहासका नाङ्गा पन्नाजस्ता
यी पेटीहरूलाई
मुटुदेखि मस्तिष्कसम्म चिरिने गरेर
तिमीले च्यातिदेऊ...........फाटिदेऊ..........।

(मातेको मान्छेको भाषणः मध्यरातपछिको सडकसित)[५६]

[५६] वैरागी काइँला, 'वैरागी काइँलाका कविताहरू', पूर्ववत्, पृ. ३२।

प्रस्तुत कवितामा मानिसको उन्मुक्ति र अधिकारबारे गरिएको विद्रोहको यथार्थ चित्रण प्रस्तुत गरिएक छ। यहाँ मुक्ति, परिवर्तन, स्वतन्त्रता खोज्ने अधिकार प्रत्येक मानिसको छ भन्ने प्रसङ्गको उल्लेख पाइन्छ। कविले कवितामा मानिसको दबाइएको आवाजलाई स्वतन्त्रतापूर्वक बोल्न पर्ने आग्रह गरेका छन्। यहाँ विद्रोहको अभिव्यक्तिमा क्रान्ति विम्ब प्रयोग गरिएको छ।

## २.५ निष्कर्ष

विम्बको अवधारणा पाश्चात्य साहित्यमा नयाँ विचारको सृष्टि गर्दै विशेष रूपले कविता विधामा आएको छ। कविले जीवन-जगत्का विविध विषयवस्तुहरूलाई नौलो प्रकारले विम्बका माध्यमद्वारा कवितामा अभिव्यक्त गर्दछ। कवितामा विम्बलाई अनिवार्य नभए तापनि महत्त्वपूर्ण तत्त्व भने आवश्य हो। विम्बको प्रयोगले कविता जीवन्त बन्दछ भन्ने कुरोमा विम्बवादीहरू विश्वास राख्दछन्। कविता लेखनमा विम्बको प्रयोग हुनुपर्छ भन्ने विचारको स्थापना भएपछि विम्बलाई कविताको कलात्मक पक्षसित जोडेर अध्ययन गर्ने परम्पराको प्रारम्भ भयो। कवितालाई कलात्मक रूप दिनका लागि विम्बको प्रयोग हुनु आवश्यक रहेको ठानिन्छ। वास्तवमा विम्बले कवितामा शब्दद्वारा चित्र प्रस्तुत गर्ने कार्य गर्दछ। यस दृष्टिले कविता लेखनका निम्ति विम्बको भूमिका महत्त्वपूर्ण रहेको देखिन्छ। कविताको अध्ययनमा विम्बको अवधारणा महत्त्वपूर्ण बनेको छ। यसले नेपाली कवितालाई पनि अत्याधिक प्रभाव पारेको देखिन्छ। नेपाली कवितामा विम्बको प्रयोग र सङ्केत सुवानन्ददासको 'पृथ्वीनारायण'-देखि पाइन्छ भने भारतीय नेपाली कवितामा सन्त कवि ज्ञानदिलदासको 'उदय लहरी'-मा यसको सङ्केत पाइन्छ। भारतीय नेपाली कवितामा विम्बको सचेत प्रयोग भने प्रयोगवादी कालमा देखिएको तेस्रो आयाम साहित्यिक लेखनले सर्वप्रथम ग्रहण गरेको देखिन्छ।

# तेस्रो अध्याय

# भारतीय नेपाली कविता लेखन परम्परामा खड़गसिंह राई 'काँढ़ा'

# तेस्रो अध्याय

## ३. भारतीय नेपाली कविता लेखन परम्परामा खड्गसिंह राई 'काँढ़ा'

### ३.१ खड्गसिंह राई 'काँढ़ा'-को व्यक्तित्व र कृतित्व

भारतीय नेपाली साहित्यमा खड्गसिंह राई 'काँढ़ा' एक परिचित नाउँ हो। कविता लेखनबाट नै उनले भारतीय नेपाली साहित्यमा आफुलाई स्थापित गरेका छन्। उनलाई कवि, प्रवक्ता, शिक्षक र समाजसेवीका रूपमा चिनिन्छ। नेपाली साहित्यमा कविता विधालाई आफ्नो लेखनको पक्ष बनाए। साहित्यका अतिरिक्त फुटबल, भलीबल, हक्की, क्रिकेट र व्याटमिन्टन खेलहरूमा पनि उनको उत्तिकै रूचि रहेको थाहा पाइन्छ। उनले यी खेलहरूको माध्यमबाट युवावर्गलाई प्रोत्साहन दिने कार्य पनि गरेका थिए। आफ्ना यिनै प्रतिभाका माध्यमबाट उनले कर्मथलो गाउँ तकदाह कान्टुमेन्टलाई ठुलो सहयोग र योगदान पुऱ्याएका छन्। यसरी साहित्यका साथसाथै अन्य क्षेत्रमा पनि सक्रिय रहेर उनले आफ्नो छुट्टै व्यक्तित्वको परिचय दिएका छन्।

#### ३.१.१ परिचय

**(क) जन्म, शिक्षा र व्यवसाय**

खड्गसिंह राई 'काँढ़ा'-को जन्म १६ मार्च सन् १९४१ मा क्वेटा छावनीमा भएको थियो। आमा स्व सन्तमाया राई र बाबा स्व पदमसिंह राईका छोरा-छोरीमध्ये उनी जेठो छोरो थिए। पिताको सेवानिवृतिपछि उनको परिवार दार्जिलिङको जोरबङ्गलामा आएर बसेका थिए। त्यहाँबाट उनको पिताले नोकरी छोडेर परिवारसमेत त्याग गरी अन्य स्थानतिर गएपछि 'काँढ़ा'-का परिवारमा आर्थिक सङ्कट पऱ्यो। यसो हुँदा उनले धेरै पारिवारिक समस्या खप्नु परेको थियो। यस समस्यालाई उनले आफ्ना कृतिमा पनि अभिव्यक्त गरेका छन्- देख्छु समस्या केवल समस्या। म आफु समेत अलकत्राले धुवाँसिएको समस्या भइसकेको छु। मभित्र केवल रोडा, धुवाँ छ, अलकत्रा छ। वर्षौंदेखि

दन्किरहेको आगो छ।[1] यस भनाइबाट उनले जीवनमा धेरै समस्या र सङ्कट भोग्नु परेको बुझिन्छ। यस्तै समस्या, सङ्कट र अभावको प्रभाव उनका कृतिहरूमा देख्न पाइन्छ।

खड्गसिंह राई 'काँढ़ा'-को वैवाहिक जीवन पनि त्यति स्थिर नरहेको देखिन्छ। सन् १९६९ मा उनको चन्द्रवती राईसित दस्तुरअनुसार मगनी विवाह भएको थियो। उनीहरूको छोरा र छोरी गरी दुई सन्तानको जन्म भएको थियो। तर केही कारणवश उनले फेरि शान्ति तामाङसित दोस्रो विवाह गरे जसबाट एउटा छोरोको जन्म भएको थाहा पाइन्छ। केही समयपछि दोस्रो पत्नी शान्तिको आकस्मिक मृत्यु भएकोले फेरि वीणा थापा नामक युवतीसित विवाह गरेको थाहा पाइन्छ।

उनको प्रारम्भिक शिक्षा दार्जिलिङको नगरपालिका विद्यालयबाट भएको थियो। त्यसपछि टर्नबुल उच्च विद्यालय अनि सरकारी उच्च विद्यालयमा पनि उनले अध्ययन गरेका थिए। केही कारणवश यी स्कुलबाट म्याट्रिक परीक्षा दिन पाएनन्। उनले केही समयपछि प्राइवेट परीक्षार्थीका रूपमा म्याट्रिक परीक्षा पास गरेका थिए। म्याट्रिक परीक्षा पास गरेपछि उनी कृष्णमाया स्कुल, सिलगडीमा शिक्षकका रूपमा नियुक्त भए। केही दिन त्यहाँ अध्यापन गरेपछि उनी आफ्नै गाउँ जोरबङ्गला स्थित काङ्ग्रेस प्राथमिक पाठशालामा शिक्षकका रूपमा नियुक्त भए। यसरी धेरै दिनसम्म शिक्षण पेसामा संलग्न रहेका खड्गसिंह राई 'काँढ़ा' पछि स्वास्थ्य विभाग, गोरुबथानमा हेल्थ एसिस्टेन्टको ओहोदामा सेवारत भए। जीवनको अन्तिम अवस्थासम्म उनी तकदाह स्वास्थ्य विभागमा हेल्थ इन्सपेकटरको ओहोदामा कार्यरत रहे। ४ दिसम्बर सन् १९८८ मा दार्जिलिङको प्लान्टर्स अस्पतालमा उनको मृत्यु भएको थियो।

---

[1] खड्गसिंह राई 'काँढ़ा' सन् १९९३, *मेरो नामले पुगेन मलाई*, दार्जीलिङ : युगपरिबोध प्रकाशन, पृ. १५५।

**(ख) सङ्घ संस्थासँग संलग्नता**

खड़गसिंह राई 'काँढ़ा'-को नाउँ विभिन्न सङ्घ संस्थासित पनि जोडिएको छ। उनले आफ्ना सक्रियतामा जोरबङ्गलामा सन् १९६३ तिर 'मिलन समिति' नामक संस्थाको स्थापना गरेका थिए। उनीद्वारा स्थापित यो समिति आजसम्म पनि जोरबङ्गलामा रहेको कुरो 'स्व खड़गसिंह राई 'काँढ़ा': व्यक्तिगत जीवन' शीर्षक लेखमा उल्लेख भएको पाइन्छ।[२] उनले यस समिति स्थापना गरी त्यहाँका गाउँबासीलाई ठुलो योगदान पुऱ्याएका छन्। उनले तकदाह कान्टुमेन्टमा साई समितिका मूल सचिवका पदमा रही समितिको अगुवाइ गरेको पनि थाहा पाइन्छ। यीबाहेक उनी स्वासित भूमिको छुट्टै राज्य-प्राप्ति निम्तिको आन्दोलनमा प्रारम्भदेखि नै संयुक्त थिए।[३] यसबाट कवि कविता-साहित्यमा मात्र सीमित नरहेर दार्जिलिङको असीको दशकमा चलेको गोर्खाल्यान्ड आन्दोलनमा पनि सहभगी बनेको स्पष्ट हुँदछ।

यी सङ्घ संस्थाका माध्यमबाट उनले निरन्तर अनि सक्रिय रूपमा सामाजिक कार्यहरू गरेको थाहा लाग्छ। यसरी साहित्यका साथसाथै सामाजिक क्षेत्रमा पनि उनले महत्त्वपूर्ण योगदान पुऱ्याएको कुरो उल्लेखनीय छ। यसरी उनले आफ्नो सम्पूर्ण जीवन नै साहित्य र समाजप्रति समर्पित गरे।

**(ग) प्रकाशित कृतिहरू**

खड़गसिंह राई 'काँढ़ा' भारतीय नेपाली साहित्यको आधुनिककालका विशेषतः प्रयोगवादी कालका कवि हुन्। सन् २०१४ मा प्रकाशित इन्द्रबहादुर राईको *सम्पूरक*-मा 'खड्गसिंह राई 'काँढ़ा' शीर्षक एउटा लेख पाइन्छ। यस लेखमा खड़गसिंह राई 'काँढ़ा'-लाई एउटा छुट्टै कविका रूपमा चिनाउँदै उनका निम्नलिखित प्रकाशित कविताहरूबारे यसरी जानकारी दिएका छन्- *मालिङ्गो* (सन् १९६५) पत्रिकामा 'दायित्वबोधः एक

---

[२] खड़गसिंह राई 'काँढ़ा', 'मेरो नामले पुगेन मलाई', पूर्ववत्, पृ. ञ।

[३] इन्द्रबहादुर राई, सन् २०१४, *सम्पूरक*, कालेबुङ : उपमा प्रकाशन, पृ. ३३।

स्वीकारोक्ति' *भारती नेपाली वाङ्मय प्रवेशाङ्क* (सन् १९८०) पत्रिकामा 'याद एक कथा', 'मोहको पुनरावृतिः मरूभूमि' र 'मेरो नामले पुगेन मलाई' यी कविताहरू छापिएका छन्।[४]

यसै गरी जगत छेत्रीद्वारा सम्पादित *जनदूत* पत्रिकामा 'तलास', 'विजय पाठ' (सन् १९६६) र 'फेरि एकाएक' (सन् १९६७) कविताहरू प्रकाशित भएको थाहा पाइन्छ। सुवास घिसिङ र नारद छेत्रीद्वयका सम्पादनमा प्रकाशित पत्रिका *धुवाँ* (सन् १९६७) मा 'एक अर्को समयमा' र 'म फेरि उठ्छु' (सन् १९६८), 'आज प्रभातमा' (सन् १९७९) आदि कविताहरू छापिएको जानकारी पाइन्छ। यी प्रकाशित कविताहरूबारे लोक थापाले आफ्नो लेख 'कवि खड़गसिंह काँढ़ाः एक व्यक्तित्व'-मा उल्लेख गरेका छन्।[५]

यीबाहेक खड़गसिंह राई 'काँढ़ा'-का भारतबाट प्रकाशित हुने नेपाली पत्रिकाहरू- *पहाड़ी खोला* (मूल २, स्रोत १, सेप्टेम्बर १९६४) मा 'सपना कति बिपना कति', *जनदूत* (वर्ष ४, अङ्क ७, सितम्बर १९६४) मा 'किरिया खानभन्दा अघि', *दियालो* (वर्ष २०, हाँगो ९५, नोभेम्बर १९८१) मा 'एक स्मित प्रसन्नता', *बैंशालु* (वर्ष ११, अङ्क २, पूर्णाङ्क ४२, अप्रेल-जून १९८२) मा 'संवाद वोहक', *नेपाली अकादमी पत्रिका* (वर्ष ५, सङ्ख्या ७-१२, जुलाई १९८५) मा 'एउटा अर्को दन्त्य कथा', *किरण* (वर्ष १४, अङ्क ४, अप्रेल १९९२) मा 'यस दौरमा इतिहास लेखिन्छ', *स्रष्टा* (वर्ष २३, मार्च-अप्रेल २००२, अङ्क ५०) मा 'दिनहरू त्यसरी गुज्रँदैनन्....' प्रकाशित छन्। यी कविताबाहेक *संगम* (सङ्कलन २, अप्रेल १९६९) पत्रिकामा एउटा कथा 'पीड़ा अनि निदान' पनि प्रकाशित भएको पाइन्छ। यस कथाले खड़गसिंह राई 'काँढ़ा'-लाई कथाकारका रूपमा पनि चिनाएको छ।

---

[४] इन्द्रबहादुर राई, 'सम्पूरक', पूर्ववत्, पृ. २४।

[५] लोक थापा, सन् १९९४, 'कवि खड़गसिंह काँढ़ाः एक व्यक्तित्व', *प्रक्रिया,* वर्ष ८, अङ्क १३, वीरभद्र कार्कीढोली (सम्पा), पश्चिम सिक्किम : प्रक्रिया प्रकाशन, पृ. २३१।

पुस्तकहरूमा पनि उनका कविताहरू प्रकाशित भएका छन्। *सम्मेलन कविता संग्रह* (सन् १९८३) मा 'अप्रत्यासित' विश्व र 'अस्ति', *नव आधुनिक नेपाली कविता* (सन् १९८५) मा 'उद्घोषकले भने जस्तो', *राष्ट्रीय भावनाका नेपाली कविताहरू* (सन् १९८७) मा 'अल्प संख्यकको देशप्रेम', *नेपाली कविता यात्रा* (सन् १९९०) मा 'मेरो गाउँ: ऐनापारि' प्रकाशित छ।

खड्गसिंह राई 'काँढ़ा'-ले आफ्ना रचनाहरू विभिन्न पत्र-पत्रिकातिर निरन्तर रूपले प्रकाशित गर्दै आएको देखिन्छ। यस अनुसन्धान कार्यबाट थाहा लागेअनुसार सन् १९५९ मा लेखिएको कविता 'चिना-पर्ची' उनको पहिलो प्रकाशित कविता हो। खड्गसिंह राई 'काँढ़ा'-का साहित्यिक लेखनसम्बन्धी अध्ययन गर्दा कवितालाई नै उनले आफ्ना साहित्य-सिर्जनाका क्षेत्र बनाएका तथा अन्य विधातिर कलम थोरै चलाएका छन्। उनका *मेरो नामले पुगेन मलाई* (सन् १९९३) र *सपना कति-बिपना कति* (सन् २०१९) उपलब्ध छन्। यी मौलिक कृतिले नेपाली साहित्यमा खड्गसिंह राई 'काँढ़ा'-लाई एक सफल कविका रूपमा पाठकसमक्ष परिचित गराएको छ।

## ३.२ साहित्यिक व्यक्तित्व

खड्गसिंह राई 'काँढ़ा' भारतीय नेपाली साहित्यमा मूलतः कविका रूपमा परिचित छन्। उनले साहित्यका विभिन्न विधामध्ये कविता विधालाई आफ्नो लेखनको क्षेत्र बनाएका छन्। उनले साहित्यलाई आफ्नै जीवनसित सम्बन्धित एउटा गहन, गम्भीर र आवश्यक विषय ठानेका छन्। साहित्यको माध्यमबाट नै जीवनका हरेक पाटाहरूलाई अभिव्यक्त गर्न सकिन्छ भन्ने कुरामा उनी विश्वास राख्दछन्। यसै सन्दर्भमा स्वयम्ले आफ्नो कवितासङ्ग्रह *मेरो नामले पुगेन मलाई*-को भूमिकामा लेख्छन्- मैले जीवनलाई प्रथम र प्रमुख सम्झेर कविता-साहित्यलाई डोऱ्याएको हुँ।[६] यस भनाइले उनको कविता-

[६] खड्गसिंह राई 'काँढ़ा', 'मेरो नामले पुगेन मलाई', पूर्ववत्, पृ. ढ।

साहित्यप्रतिको झुकाउलाई प्रस्ट पार्दछ। यही विचारका आधारमा उनलाई आशावादी, विचारशील र प्रयत्नशील प्रतिभा मान्न सकिन्छ।

### ३.२.१ कविका रूपमा

खड्गसिंह राई 'काँढ़ा' भारतीय नेपाली कविताका प्रयोगकालमा देखा परेका कवि हुन्। साठीको दशकदेखि यता उनी कविता लेखनमा सक्रिय देखिन्छन्। उनका प्रारम्भिक कविताहरू स्वच्छन्दतावादी धारामा लेखिएका पाइन्छन् भने पछिल्ला समयका कविताहरू प्रयोगवादी किसिमले हुर्केका छन्। नेपाली साहित्यका प्रयोगवादी कालमा देखा परेका वैरागी काइँला, ईश्वरवल्लभ, तुलसी दिवस आदि कविहरूका प्रभाव आफ्ना कवितामा रहेको कुरालाई उनले स्वीकार गरेका छन्। यिनै कविहरूबाट प्रभावित र प्रेरित भइ कविता लेखनतिर सक्रिय रूपमा लागि परेको पाइन्छ। हिन्दी साहित्यका सर्जकहरू अज्ञेय, कुँवार नारायण, जगदीश गुप्त तथा पाश्चात्य साहित्यका आर्चिवल्ड, गुन्टर ग्रास, भ्याकलिशजस्ता कविहरूबाट पनि उनी प्रभावित थिए। उनीहरूबाट प्रभाव र प्रेरणा ग्रहण गरेका कुरालाई उनले आफ्ना कृतिमा इमानदारपूर्वक राखेका छन्- मेरो कविको व्यक्तित्वमा म कति अग्रज कविहरूद्वारा प्रभावित पनि छु।[७] अन्य कविहरूबाट प्रभावित रहे तापनि उनी आफ्ना कवितामा नयाँ प्रयोग र प्रस्तुतिकरणमा छुट्टै अभिव्यक्ति दिन प्रयासशील देखिन्छन्।

नेपाली कविता-साहित्यमा प्रयोगवादी चेत राखेर कविता लेख्ने कविहरू मोहन कोइराला, वैरागी काइँला, ईश्वरवल्लभ, गुमानसिंह चामलिङ, पारिजात, लक्खीदेवी सुन्दास, हरिभक्त कटुवाल, तुलसी दिवस, कालीप्रसाद रिजाल, नरबहादुर दाहाल, चन्द्रमित लक्सम, जगत् राई, सावित्री सुन्दास, मनबहादुर गुरुङ आदि विशेष रूपले उल्लेखनीय

---

[७] खड्गसिंह राई 'काँढ़ा', 'मेरो नामले पुगेन मलाई', पूर्ववत्, पृ. ण।

छन्।[८] खड्गसिंह राई 'काँढ़ा' यी कविहरूका समकालीन हुन्। तथापि यी कविहरूका कवितामा भन्दा उनका कवितामा छुट्टै विशेषता र मौलिकता पाइन्छ।

उनका कविताहरूले वैयक्तिक चिन्तन, अनुभूतिका अतिरिक्त नेपाली जीवन-जगत्का विभिन्न गतिविधि र समस्याहरूलाई समेटेको देखिन्छ। विशेष रूपले उनका कवितामा समाज र जातिको आवश्यकतामाथि केन्द्रित रहेको देखिन्छ भने, पाठकको रुचिअनुसार कविताको कलात्मक पक्षलाई पनि उनले सचेत रूपमा प्रस्तुत गरेका छन्। उनका कविताहरूको अभिव्यक्ति सरल भए तापनि विषय भने गम्भीर देखिन्छ। तथापि उनी आफ्ना समयमा त्यति चर्चित नभएको वसन्त शर्माको भनाइबाट थाहा लाग्छ। समग्रमा हेर्दा धेरै कविता लेखेर पनि चर्चित हुनु भएन कवि खड्गसिंह राई 'काँढ़ा' जुन हाम्रै दुर्भाग्य हो।[९] इन्द्रबहादुर राई लेख्छन्- मेचीयताका मुख्य नेपाली कविहरूलाई सम्झँदा एक औँला खड्गसिंह राई 'काँढ़ा'-को नाउँ भनेर भाँच्थ्यौं।[१०] यस भनाइले खड्गसिंह राई 'काँढ़ा' आधुनिक प्रयोगकालीन युगका एकजना प्रतिभाशाली र स्थापित कवि हुन् भन्ने कुराको पुष्टि हुन्छ।

### ३.२.२ कथाकारका रूपमा

खड्गसिंह राई 'काँढ़ा'-लाई कथाकारका रूपमा चिनाउने हालसम्म प्राप्त उनको एउटै कथा प्रकाशित छ। नरबहादुर दाहाल र गोकुल सिन्हाद्वारा सम्पादित पत्रिका *संगम* (सङ्कलन २, अप्रेल १९६९) मा उनको 'पीड़ा अनि निदान' कथा प्रकाशित छ। यस कथामा भाषा र शैलीको प्रयोग सरल र सुन्दर पाइन्छ। नेपाली समाजभित्र घटेका यथार्थ घटनालाई कथाको मूल विषय बनाएका छन्। यसलाई सामाजिक यथार्थवादी कथा मात्र

---

[८] घनश्याम नेपाल, सन् २००९, *नेपाली साहित्यको परिचयात्मक इतिहास,* सिलगढी : एकता बुक हाउस पृ. २०७-२०८।

[९] वसन्त शर्मा, 'कवि खड्गसिंहका कविताहरूको उद्घोषणा', पूर्ववत् पृ. २३५।

[१०] इन्द्रबहादुर राई, 'सम्पूरक', पूर्ववत्, पृ. २४।

सकिन्छ। यसै कथाले खड्गसिंह राई 'काँढ़ा'-लाई भारतीय नेपाली साहित्यमा कथाकार पनि हुन् भन्ने प्रमाणित गर्दछ।

### ३.३ भारतीय नेपाली कविता र खड्गसिंह राई 'काँढ़ा'

कविता साहित्यको एक पुरानो र महत्त्वपूर्ण विधा हो।[११] यस भनाइले नेपाली साहित्येतिहासमा कविताको लामो परम्परा रहेको प्रमाणित हुन्छ। भारतको नेपाली कविता लेखन परम्परामा सन्त ज्ञानदिलदासलाई अग्रणी प्रतिभा मानिएको छ।[१२] घनश्याम नेपालले सन् १८७७ मा प्रकाशित *उदय लहरी* कृतिलाई पहिलो काव्य मात्र नभइ लोकलयप्रधान काव्य लेखनको एउटा लामो परम्पराको थालनी बिन्दुका रूपमा महत्त्वपूर्ण मानिएको विशेष रूपले उल्लेख पाइन्छ। यसै सन्दर्भमा गोकुल सिन्हा लेख्छन्- भारतमा नेपाली कविताको खेवरा गर्ने पहिलो पुरुष सन्त ज्ञानदिलदास हुन् भन्दा फरक नपर्ला।[१३] यी आलोचकद्वयका मतअनुसार भारतीय नेपाली कविताका सन्दर्भमा पहिलो कविका रूपमा सन्त ज्ञानदिलदासलाई मान्नु उचित देखिन्छ।

भारतीय नेपाली कविता परम्परामा सन्त ज्ञानदिलदासको मैलिक कृति *उदय लहरी*-को प्रकाशनपछि कविता लेखनको प्रारम्भ भएको हो। सन्त ज्ञानदिलदासपछि भारतीय नेपाली कविता लेखनमा देखा परेका कवि र उनका कृतिहरू यस प्रकार छन्- बबगुनी गुरुङको *ब्रह्यतत्त्वको सवाई* (सन् १८९३), तुलाचन आलेको *मणिपुरको लडाइँको सवाई* (सन् १८९३), धनवीरसिंह भण्डारीको *अब्बर पहाडको लडाइँको सवाई* (सन् १८९४) र *सिलाङको भैँचालाको सवाई* (सन् १८९७), डाकमान राईको *दार्जिलिङको पहिराको सवाई* (सन् १८९९), दिलूसिंह राईको *दार्जिलिङको पहिराको सवाई* (सन् १८९९), हाजिरमान राईको *मिठा मिठा नेपाली गीत* (सन् १९००),

---

[११] वासुदेव त्रिपाठी (सम्पा), सन् २००७, *नेपाली कविता, भाग-१*, ललितपुर : साझा प्रकाशन, पृ. १।

[१२] घनश्याम नेपाल, 'नेपाली साहित्यको परिचयात्मक इतिहास', पूर्ववत्, पृ. १४५।

[१३] गोकुल सिन्हा, सन् २०१८, 'भारतीय नेपाली कविता परम्पराको प्राथमिक पर्व', *भारतीय नेपाली समालोचना*, सुदर्शन श्रेष्ठ (सम्पा), काठमाडौं : साथी प्रकाशन, पृ. २५२।

खम्बासिंह राया छेत्रीको *धर्म-अधर्मको सवाई* (सन् १९०८), रत्ननारायण प्रधानको *भक्तिप्रकाश* (सन् १९०९), सुरवीर विश्वकर्माको *कलि-कौतुकको सवाई र पैसाको सवाई* (सन् १९१२), सुरवीर गुरुङको *भक्तिको सवाई,* गजवीर राणाको *नागाहिल्सको सवाई,* हरिनारायण दाहालको *गीतमाला,* बहादुरसिंह बरालको *बरालको आँसु,* रहरसिंह राईको *गोपिनीको श्लोक* आदि प्रकाशित भएका पाइन्छन्। कविता लेखनको प्रारम्भमै विविध विषय भएका मौलिक कविताहरू लेखिएकाले यो क्षेत्र समृद्ध देखिन्छ। यी कृतिहरूको भारतीय नेपाली कविता परम्परामा महत्त्वपूर्ण योगदान रहेको छ।

भारतको दार्जिलिङबाट नेपाली कविता लेखन परम्परा विकसित हुनुमा सन्त ज्ञानदिलदासको भूमिका उल्लेखनीय छ। उनीपछि धरणीधर कोइरालाले *नैवेद्य* (सन् १९२०) र *स्पन्दन* (सन् १९४७) प्रकाशित गरेका छन्। कविताको क्षेत्रमा उनको पनि महत्त्वपूर्ण योगदान र स्थान रहेको छ। यस कालमा उनले कवितालाई जीवनोपयोगी वस्तुका रूपमा निर्माण गरी दार्जिलिङका जनसाधारण पाठकसमक्ष पुऱ्याउने प्रथम कविका रूपमा देखिन्छन्।[१४] उनले भारतीय नेपाली कवितालाई नयाँ दिशा दिएका छन्। धरणीधर कोइरालापछि महानन्द सापकोटाको *मनलहरी* (सन् १९२३) र *अपुङ्गो* (सन् १९५०) कवितासङ्ग्रह प्रकाशित भएको पाइन्छ। यसले नेपाली कविताको विकासमा थप सहयोग पुऱ्याएको छ। यस परम्परामा देखिएका अर्का कवि पारसमणि प्रधान हुन्। उनको भारतीय नेपाली कवितामा प्रमुख स्थान रहेको पाइन्छ। उनको दुईवटा मौलिक कृति *बटुलबाटुल* (सन् १९५७) र *जापमाला* (सन् १९५७) प्रकाशित छन् जसमा सामाजिक चेतनामूलक दृष्टि प्रस्तुत भएको पाइन्छ। यसबाहेक पुष्पलाल उपाध्यायको *पुष्पाञ्जली* (सन् १९६८) र *उषामञ्जरी* (सन् १९८७), गोपालसिंह नेपालीको *कल्पना* (सन् १९३०) र *रानी* (सन् १९३१), रामचन्द्र गिरीको *समाज दर्पण* (सन् १९८२)

---

[१४] घनश्याम नेपाल, 'नेपाली साहित्यको परिचयात्मक इतिहास', पूर्ववत्, पृ. १७५।

आदि पनि नाउँ उल्लेख योग्य छन्। सन्तवीर लिम्बू, गम्भीर राई, बी पी दास राई, राम 'अपतन' आदि पनि यस कालका कविहरू हुन्।

नेपाली कवितामा लक्ष्मीप्रसाद देवकोटाको आगमनले आधुनिक कालको प्रारम्भ हुन गयो साथै रोमान्टिसिज्मको प्रवर्तन भएको पाइन्छ। यस प्रभावबाट भारतीय कविहरू पनि अछुतो रहन सकेनन्। भारतीय नेपाली कविता रोमान्टिक लेखनसम्म आइपुग्दा कविताले पाठकलाई नयाँ दृष्टिकोण प्रदान गरेको देखिन्छ। तुलसी 'अपतन'-को *बापू-वन्दना* (सन् १९५२), *सङ्कल्प* (सन् १९५४), *के होला* (सन् १९५९), *नहेर आज मलाई* (सन् १९७६), *कर्ण-कुन्ती* (सन् १९८८), *बुद्धि बङ्गरो* (सन् १९९२) नयाँ शैलीमा लेखिएका कविताहरू हुन्। वीरेन्द्र सुब्बाले *मेघमाला* (सन् १९६३) र *स्वर्णिमा* (सन् १९८१) जस्ता उच्च कोटिका कृतिहरू यस कालमा प्रकाशित गरेका छन्। उनले कवितामा चित्रात्मक शैलीको प्रयोग गरेका छन्। उनको यस शैलीका सन्दर्भमा धनश्याम नेपाल लेख्छन्- भाषाको स्वनिमिक गुण, वर्णको साङ्गीतिक सम्पदा र अव्ययहरूको चित्रात्मक प्रस्तुति-क्षमतालाई कविताका विशेष साधनका रूपमा प्रयोग गर्न पुगेका छन्।[१५] अगमसिंह गिरीको *याद* सन् १९५५, *आँसु* (सन् १९५६-१९६८), *आत्मव्यथा* (सन् १९५९), *जीवन गीत* (सन् १९६०), *युद्ध र योद्धा* (सन् १९७०), *जलेको प्रतिबिम्बः रोएको प्रतिध्वनि* (सन् १९७८) आदि पनि यसै कालमा प्रकाशित भएका कृतिहरू हुन्। उनका कविताहरूमा वैयक्तिक तथा परिवेशजन्य, नैराश्य, दुःख र पीडालाई व्यक्त गरेका छन्। उनका कविताले मूल रूपमा जातीय सङ्घर्षलाई सम्बोधन गरेको पाउँदछौं। अग्रज कविहरू धरणीधर कोइराला, महानन्द सापकोटा आदिले नेपाली जातिलाई सामाजिक सुधार र उत्थानका सन्देश दिएका कविताहरू लेखेका थिए भने गिरीका कविता जातीयतावाद, जातिको अस्तित्व र सङ्कटमाथि केन्द्रित रहेको पाउछौं। यस दृष्टिले अगमसिंह गिरीका कविता अग्रज कविका कविताभन्दा भिन्न किसिमका छन्।

---

[१५] घनश्याम नेपाल, 'नेपाली साहित्यको परिचयात्मक इतिहास', पूर्ववत्, पृ. १८४।

यस सम्बन्धमा कुमार प्रधानले *अधीति केही*-मा लेख्छन्- गिरीको कवितामा धरणीधरको झैं अर्ती र उपदेश छैन।[१६]

ओकिउयामा ग्वाइन यस कालका अर्का चर्चित कवि हुन्। उनका प्रकाशित कृतिहरू *चित्रलेखा* (सन् १९५७), *भावसम्भवा* (सन् १९५८), *अनामिका* (सन् १९५८) र *सुनखरी* (सन् १९७८) जस्ता कविता सङ्कलन उल्लेखनीय छन्। उनी परम्परित लेखनबाट भिन्न नवीन शैलीमा कविता लेख्छन्। यसरी यस कालका कविहरूले आआफ्नै नवीन शैली र धारणाका कविताहरू लेखेर भारतीय नेपाली कवितामा नयाँ आयामको निर्माण गरेका छन्।

नेपाली कवितामा साठीको दशकदेखि प्रयोगवादी कविता लेखनको प्रारम्भ भएको पाइन्छ। भारतीय नेपाली कविताको प्रयोगकालमा हरिभक्त कटुवालको *सम्झना* (सन् १९५८), *भित्री मान्छे बोल्न खोज्छ* (सन् १९६१), 'यो जिन्दगी खै के जिन्दगी !' (सन् १९७२), *बदनाम मेरा आँखाहरू* (सन् १९८८) प्रकाशित भएका छन्। हुन त कटुवाललाई पनि स्वच्छन्दतावादी कविका रूपमा नै चिनिन्छ। तथापि उनले रोमान्टिक धारादेखि केही माथि उठेर कविता सिर्जना गरेका छन्। उनले कवितामा नेपाली जातिले भोग्न परेका समस्यालाई मूल विषय बनाएका छन्।  गुमानसिंह चामलिङ यस कालका अर्का सशक्त कवि हुन्। उनको *जीवन परिधिभित्र* (सन् १९६२), *अन्तर्द्वन्द्व* (सन् १९६४) *सूर्य उदाउनुभन्दा पहिल्यै* (सन् १९६८), *कारागारभित्र प्रतीक्षा र अन्य कविता* (सन् १९७८) कृतिहरू विभिन्न शैलीमा लेखिएका कविताहरू हुन्। कवितामा विम्ब, प्रतीक र मिथकहरूको प्रयोग गरेर उनले कविता लेखनमा आफ्नै किसिमले परिचय र स्थान बनाएका छन्। यस कालका कवितामा विचार र चिन्तनको अलग्गै विशेषता पाइन्छ। प्रयोगकालमा देखा परेका यिनै प्रयोगवादी कविहरूका समकालीन कविका रूपमा खड्गसिंह राई 'काँढ़ा' पनि देखा परेका हुन्।

---

[१६] कुमार प्रधान, सन् २००५, *अधीति केही,* सिलगडी : पूर्णिमा प्रकाशन, पृ. १३२।

भारतीय नेपाली साहित्यमा प्रयोगवादी धाराको प्रवर्तनले कविता लेखनमा विभिन्न धारणाको विकास भएको पाइन्छ। प्रयोगवादी कविहरूका कवितामा शैलीगत प्रयोगधर्मिता प्रमुख विशेषता रहेको छ। कविताहरूमा विम्ब, प्रतीक र मिथकजस्ता तत्त्वहरूको प्रयोगले कविताको विषय, संरचना र भावमा नवीनता आएको देखिन्छ। जनजीवनका चेतना, अस्तित्व सङ्कट, कुण्ठा, जटिलता, युगीन नैराश्य, संवेदनशीलता, व्यङ्ग्य आदि विषयलाई नवीन शैलीमा कविताहरूमा प्रस्तुत गर्न प्रयोगवादी कविहरू लागि परेका छन्।

यसरी प्रयोगकालीन कविहरूले परम्परागत काव्य शैलीभन्दा छुट्टै नवीन शैलीको प्रयोग गरेर कवितालाई विकसित गर्ने प्रयास गरेका छन्। यसै अवधारणाअन्तर्गत प्रयोगवादी विचार, दृष्टिकोण र शैली सम्बन्धित चेत राखेर लेख्ने कविहरूमध्ये खड्गसिंह राई 'काँढ़ा' पनि एकजना हुन्। उनका कविताहरू विभिन्न परिवेशमा केन्द्रित छन्। विम्ब, प्रतीक र मिथकको प्रयोगले कवितालाई उनले नवीन शिल्प र स्वरूप प्रदान गर्न सक्षम बनेका छन्।

## ३.४ निष्कर्ष

भारतीय नेपाली साहित्यको प्रारम्भ कविताबाट भएको हो। सन्त कवि ज्ञानदिलदासको सन् १८७७ मा लेखिएको *उदय लहरी*-बाट नेपाली काव्यको प्रारम्भ भयो। सामाजिक, सांस्कृतिक परिवेशअनुसार तथा बिच बिचमा जनमानिसले भोग्नु परेको प्राकृतिक प्रकोपको प्रभावको फलस्वरूप लहरी सवाइँहरू रचिएको पाइन्छ। नेपाली साहित्यको विकास परम्परामा समयअनुसार विभिन्न मोड अनि प्रवृत्तिहरू देखा परे। समग्रमा नेपाली साहित्यमा आएको विकासले भारतीय नेपाली कविता लेखन परम्परामा पनि प्रभाव पारेको छ। लहरी, सवाइँ आदिबाट सुरु भएको भारतीय नेपाली कविताले पनि आधुनिक कालमा आएका स्वच्छन्दतावाद, प्रयोगवादजस्ता अवधारणा ग्रहण गरेको देखिन्छ। आधुनिक कालको प्रयोग कालमा भारतीय नेपाली कवितामा खड्गसिंह राई 'काँढ़ा' भिन्नै साहित्यिक व्यक्तित्व र विशेषता लिएर देखा पर्दछन्। परम्पारागत प्रवृत्तिमा देखिएका कविताहरूभन्दा

उनका कविताहरू भिन्न छन्। खड़गसिंह राई 'काँढ़ा'-ले कवितामा शैलीको छुट्टै र आफ्नै किसिमको सिर्जना दिन खोजिएको पाइन्छ। प्रयोगवादी कालमा देखिएका तथा समालोचक इन्द्रबहादुर राईले प्रयोगवादी कवि मानेका भए तापनि उनी नेपाली कविताका क्षेत्रमा मौलिक लेखनलाई अङ्गालेर नवीन अवधारणाको खोजीमा अग्रसर भएका देखिन्छन्। त्यसैले उनको भारतीय नेपाली साहित्यको कविता लेखनमा महत्त्वपूर्ण स्थान रहेको छ।

चौथो अध्याय

# खड्‌गसिंह राई 'काँढ़ा'-का कवितामा प्रयुक्त विम्ब

# चौथो अध्याय

## ४. खड्गसिंह राई 'काँढ़ा'-का कवितामा प्रयुक्त विम्ब

### ४.१ खड्गसिंह राई 'काँढ़ा'-का कविता

पाश्चात्य साहित्यबाट विम्बको अवधारणा विकसित भए तापनि विम्ब कुनै एउटा मात्रै साहित्य जगत्को सम्पत्ति हुन सक्तैन। साहित्यका अन्य विधामा भन्दा कवितामा विम्बलाई महत्त्वपूर्ण उपकरणका रूपमा प्रयोग गरिएको पाइन्छ। विम्बको प्रयोग पाश्चात्य साहित्यमा मात्र सीमित नरहेर विश्व साहित्यमै यसको प्रयोग प्रारम्भदेखि पाइन्छ। नेपाली कवितामा पनि विम्बको प्रयोग भएको छ। विशेष रूपले नेपाली कवितामा यसको प्रयोग र प्रभाव नेपाली साहित्यको प्रयोगकालमा आएर बढी देखा पर्दछ। नेपाली कविता लेखन परम्परामा विम्बको अलग्गै धारणा विकसित हुँदै आएको देखिन्छ। आज आएर कविता सिर्जनामा विम्ब नभई नहुने तत्त्वको रूपमा देखिन्छ। विम्बको प्रयोगले कवितामा अमूर्त विषयवस्तुलाई मूर्तता प्रदान गर्दछ। यसै विम्बको अवधारणाको आधारमा खड्गसिंह राई 'काँढ़ा'-को कविताहरूको अध्ययन र विश्लेषण गरिनेछ।

#### ४.१.१ विम्ब प्रयोगका दृष्टिले खड्गसिंह राई 'काँढ़ा'-का कविता

खड्गसिंह राई 'काँढ़ा' साठीको दशकदेखि यता नेपाली कविता लेखनमा निरन्तर रूपले लागि परेको देखिन्छ। उनको सिर्जानात्मक लेखन प्रयोगवादी कविहरूको नजिक रहेर हुर्क्यो। प्रयोगवादी लेखन धाराका अन्य कविहरूजस्तै उनलाई पनि बिर्सन सकिँदैन। सिर्जानात्मकका दृष्टिले उनी कविता लेखनमा इमान्दार रहेका छन्। कवितासम्बन्धी कवि स्वयम्ले आफ्नो सङ्ग्रहभित्र 'के निहुँ पाऊँ' शीर्षक लेखमा लेखेका छन्- कविता प्रयासशील सन्धान औ शिल्पयुक्त विचार होस्। प्रयत्न इमान्दारी रहे रचना निश्चयतः

सफल बन्ने छ।[1] उनका विचारमा कविताले दिन खोजेको कुरा नितान्त मौलिक र शिल्पयुक्त भए कविता उपयोगी बन्न पुग्दछ। प्रयोगकालमा विशेषतः विम्ब, प्रतीक र मिथक आदिको बढी प्रयोगले कवितामा प्रस्तुत विचार र शैलीमा मौलिकता आएको छ। सोहीअनुसार कविता अध्ययनमा पनि नौलो दृष्टिकोण आएको छ। खड्गसिंह राई 'काँढ़ा' प्रयोगकालकै कवि हुनाले उनका कविताहरूमा पनि विम्बको प्रयोग र प्रभाव स्पष्ट रूपमा देख्न पाइन्छ।

खड्गसिंह राई 'काँढ़ा'-को हालसम्म दुईवटा कवितासङ्ग्रह *मेरो नामले पुगेन मलाई* (सन् १९९३) र *सपना कति-बिपना कति* (सन् २०१९) प्रकाशित छ। उक्त प्रकाशित कृतिभित्रका कविताहरूमा जीवन-जगत्सम्बन्धी अभिव्यक्ति पाइन्छ। कविले विम्बको प्रयोगद्वारा आफ्ना कविताहरूमा यिनै विषयहरूलाई पाठकसमक्ष प्रस्तुत गर्न सफल भएका छन्। यसैले उनले कविताहरूमा प्रयोग गरेका विम्बहरूलाई अध्ययन र विश्लेषण गर्नु आवश्यक रहेको छ। कविका कविताहरूमा प्रयोग गरिएका विम्बहरूलाई यस शोध कार्यले अध्ययन गर्ने प्रयास गरेको छ। उनका कविताहरू अध्ययन गर्दा पाइएका विम्बहरूलाई यस प्रकारले राख्न सकिन्छ-

४.१.१.१ ऐतिहासिक विम्ब

४.१.१.२ समसामयिक र यथार्थ विम्ब

४.१.१.३ क्रान्ति विम्ब

४.१.१.४ प्रणय विम्ब

४.१.१.५ प्रतीकात्मक विम्ब

४.१.१.६ मिथकीय विम्ब

४.१.१.७ रूप विम्ब वा चाक्षुष विम्ब

---

[1] खड्गसिंह राई 'काँढ़ा', सन् १९९३, *मेरो नामले पुगेन मलाई,* दार्जीलिङ : युगपरिबोध प्रकाशन, पृ. ण।

४.१.१.८ श्रव्य विम्ब

४.१.१.९ प्राकृतिक विम्ब

४.१.१.१० स्मृति विम्ब

४.१.१.११ पौराणिक विम्ब

४.१.१.१२ ब्रह्माण्ड विम्ब

४.१.१.१३ आलङ्कारिक विम्ब

### ४.१.१.१ ऐतिहासिक विम्ब

खड़गसिंह राई 'काँढ़ा'-को *मेरो नामले पुगेन मलाई* सङ्ग्रहभित्र रहेको प्रथम कविता 'दार्जीलिङ १९९३' कवितामा विम्बको प्रयोग गरिएको पाइन्छ। नेपाली जातिको ऐतिहासिक घटना, परिवेश र स्थितिलाई विम्बको माध्यमबाट यस कवितामा चित्रण गरिएको पाइन्छ। उदाहरणार्थ-

यो क्षण
कत्ति हिंसाहरू मेरो हत्या गर्न तम्सन्छन्
थुप्रै बिराना अनुहारहरू त्यसै झम्टन्छन्
चारैतिरबाट कुना-काप्चाबाट
नचिनेको, नसुनेको, नबुझेको
लिवासहरू, रिवाजहरू, बोलीचालीहरू
आक्रमणलाई प्रस्तुत, अतिक्रमणलाई तैयार
नानावाली सभ्यतामाझ, म अललिन्छु
नानाभाँती संस्कृतिमाझ, म कहालिन्छु
एउटा जन्तु झैं बाटो मान्छेको बस्तीमा
घेरिएर, खेदिएको, जिस्काइएको

उफ ! हेपिएको !

(दार्जीलिङ १९९३)[२]

दार्जिलिङ र नेपाली जातिको सामाजिक, सांस्कृतिक र राजनैतिक मान्यतालाई सधैं सुरक्षित राख्नुपर्छ भन्ने कुरो कवितामा मूल स्वर बनेको देखिन्छ। कविले दार्जिलिङ र नेपाली जातिले वर्तमान र आउँदा दिनहरूमा के कस्तो सङ्घर्ष गर्नुपर्छ भन्ने कुरालाई प्रस्तुत गरेका छन्। भारतीय नेपाली जातिको अस्तित्वबारे कवि बढी सचेत छन्। उनीहरू आफ्नै ठाउँमा प्रत्येक दिन हेपिएर बस्नु परेको मूल कारण जान्ने र बुझ्नुपर्छ भन्ने कुरामा सचेतता देखिन्छन्। भारतीय नेपाली जातिले बाँचेको परिवेश दिनहुँ परिवर्तन हुँदै गइरहेको र गरिएको षड्यत्र देखाएर जातीय अस्तित्वबारे चिन्ता व्यक्त गरिएको छ। वास्तवमा भारतकै नागारिक भएर पनि सधैं दोस्रो दर्जाको नागारिकजस्तै व्यवहार खप्नु परेको हुनाले छुट्टै राज्यको गठनले यहाँको नेपाली जातिको अस्तित्व सुरक्षित होला भन्ने उनको व्यक्तिगत विचार पनि कवितामा कतै कतै रहेको पाइन्छ। इतिहाससम्बन्धी लेखिएको अर्को कविता 'मेरो नामले पुगेन मलाई'-मा उनी यस्ता भाव अभिव्यक्त गर्छन्-

अब यो नामले-उपनामले
आज मेरो म खोजिरहेछ;
एउटा घर खोजिरहेछ, एउटा जात खोजिरहेछ
युद्धलाई होइन युद्धको धर्मलाई खोजिरहेछ
ब्युझेर लाटोपनले प्रतिकार चाहिरहेछ
-कि अब उच्चार्नु परिरहेछ अधिकारलाई
एक अर्को स्वरमा
-कि उजिल्याउन परिरहेछ अस्तित्वलाई

[२] खड्गसिंह राई 'काँढ़ा', 'मेरो नामले पुगेन मलाई', पूर्ववत्, पृ. ३।

अर्कै रूपमा-अर्कै रंगमा।

(मेरो नामले पुगेन मलाई)[३]

कविका यस कवितामा आफ्नो जातिको सङ्घर्षरत अवस्थालाई चित्रण गरेका छन्। नेपाली जातिको अस्तित्वको विषयमा उठाएका विभिन्न घटनाहरूको प्रसङ्गका दृष्टिले यस कवितामा पाइने मूल भाव ऐतिहासिक विम्ब भई अभिव्यक्त भएका छन्। कविले आफ्नै ठाउँमा आफुलाई हराएजस्तो किसिमले खोज्नुपर्ने स्थितिलाई सङ्केत गरेका छन्। कवितामा देशको निम्ति यो जातिले दिएको बलिदान र योगदानबारे प्रश्न उठाएका छन्। मूलतः जातिले भोग्न परेका समस्या, सङ्घर्ष र दुर्धटनाहरू प्रस्तुत छन्। यसरी नै अर्को कविता 'कुनै देश तिम्रो देश भएन'-मा उनी लेख्छन्-

तिमीले यो पनि सोंच्नु पर्ने
तिम्रो धारिलोपनले आफ्नो पनि रक्षा गर्नु पर्छ
तिमी आफ्नै हतियार हौ
तिम्रो सुगन्धले आफ्नो घर महकिनु पर्छ
तिमी आफ्नै श्रमको पुष्प हो
तिम्रो विश्व विजयले आफ्नो एउटा गाउँ बनिनु पर्छ
तिमी वीरताको रूप हौ
तिम्रो लोक गीतहरू यही हौसिनु पर्छ
तिमी यहीको गीतांगे हौ
छ, तिम्रो एउटा दुस्साहसी इतिहास छ
जो, त्योतन्देरी शहरको छात्तीभित्र दुख्छ,
तिम्रो लोक कथामा यहाँको बस्ती बाँचेको छ,

---

[३] खड़गसिंह राई 'काँढ़ा', 'मेरो नामले पुगेन मलाई', पूर्ववत्, पृ. ५-६।

जो, यो बैशालु शहरको मुटुभित्र रून्छ।

(कुनै देश तिम्रो देश भएन)[४]

भारतमा नेपाली जातिको आफ्नै इतिहास र परिचय छ। भारतमा मात्र नभएर नेपालीलाई अन्तर्राष्ट्रिय स्तरसम्म पनि वीर जाति भनेर चिनिन्छ। कविले कवितामा गाउँ, बस्ती, सहर, लोक गीत, लोक कथा आदिलाई जातीय चिनारीका रूपमा प्रस्तुत गरेका छन्। उनका कवितामा यस्ता विषयलाई मूल केन्द्र बनाइएको देखिन्छ। देशभित्र आफ्नो छुट्टै देश नहुनुको पीडा कवितामा छ। यसरी नै जातीय चिनारी खोजिएको अर्को कविता 'अल्प संख्याकको देशप्रेम'-मा कवि लेख्छन्-

मेरो देश,

तिमीसित मलाई औधी प्रेम छ

जति नै टाढ़ा रहे पनि

तिमीलाई मेरो ख्याल नभए पनि

मेरो हर धड़कन तिमीसितै छ।

तिम्रो हर खुशीमा खुश

हर दुःखमा दुःखी

मेरो हर भावना तिमीसित बहन्छ।

(अल्प संख्याकको देशप्रेम)[५]

यस कवितांशमा पाइने मूल स्वर भारतभित्र अलग राज्यको जुन सपना छ त्यही हो। कवितामा सुख, दुःख, खुसीमा आफ्नो देश भनेको आफ्नै हुन्छ भन्ने भाव व्यक्त गरिएको छ। कविले देश भएर पनि आफ्नो देश नहुनुको अवस्थालाई लेखेका छन्। नेपाली

---

[४] खड़गसिंह राई 'काँढ़ा', 'मेरो नामले पुगेन मलाई', पूर्ववत्, पृ. १२३।

[५] खड़गसिंह राई 'काँढ़ा', 'मेरो नामले पुगेन मलाई', पूर्ववत्, पृ. ७९।

जातिले अस्तित्व रक्षार्थ छुट्टै राज्यका निम्ति गरेका आन्दोलन र सङ्घर्षको इतिहासलाई 'यस दौरमा इतिहास लेखिन्छ' कवितामा निम्नलिखित ढङ्गमा व्यक्त गरेका छन्। उदाहरणार्थ-

यस दौरमा इतिहास लेखिन्छ
तिमी टेक दरिलो यो भूइँ
यही ठाउँ सीमाना दरिन्छ।
कहालिरहेछ समय अहिले
फगत सादा पानी पल्टिँदै,
पुंषत्वको त्यो तीब्र क्रान्ति
तिम्रो मुहारमा चिन्न खोज्दै
एक सही थपिदेऊ तिमी
एउटा सनद पत्र लेखिन्छ,
यो क्षण अर्थवान गनिन्छ।

यस दौरमा इतिहास लेखिन्छ...
(यस दौरमा इतिहास लेखिन्छ)[६]

अलग राज्य मागको सङ्घर्ष लामो रहेको यथार्थलाई यहाँ प्रस्तुत गरिएको छ। यो सङ्घर्ष अझैं दीर्घकालीन रहनेछ भन्ने सम्भावना पनि कवितामा सङ्केत गरिएको छ। पुस्ता पुस्तादेखि यहाँको भूमिलाई सिचे, गाउँ-बस्ती बसाएर चियाबारीमा अथक श्रम गरेर दार्जिलिङको चिया उत्पादनलाई विश्व प्रसिद्ध बनाउने यो जातिको असुरक्षित अस्तित्वप्रति कवि यसरी चिन्तन गर्छन्-

पुस्ताहरूका इतिहास यहाँसम्म

[६] खड्गसिंह राई 'काँढ़ा', 'मेरो नामले पुगेन मलाई', पूर्ववत्, पृ. ९४।

रूँदै यो माटो अहिलेसम्म
टाकुरा-टाकुरा गड़तिर बगरहरू
बस्ती, पखेरू, बोट बोट चियाबारीहरू
सारा पुख्यौली-सपना मुना विपना लाचारीहरू
स्याहार्दै मोहका छाप, शौर्य चिनारीहरू
आलै छ है अझ
त्यो रगत पसिनाको संस्कार
दोहोरिएर सधैं बारम्बार
त्यो मेरो इष्ट वफादारी
त्यो मेरो शिष्ट चौकीदार
अललिन खोज्छ अहिले यताउता
मेरा सुसुप्त आग्नेय दावानलहरू
हर चिहानबाट ब्युँझेर संस्कार साइनाहरू।

(बुँख्याचाको परिधिः सिमलका भुवाहरू)[७]

यस कवितामा कविले देशलाई नेपाली जातिको सुंरक्षा र संरक्षणका निम्ति आग्रह गरेका छन्। यसरी नै ऐतिहासिक विम्ब प्रयोग गरेर लेखिएको अर्को कविता 'बलिदानको साटोमा'-मा कवि लेख्छन्-

हो, मैले युद्ध लड़ेको छु नबिसाइकन
शताब्दी-शताब्दी लड़ेको छु
युद्धलाई केवल युद्ध संझी

[७] खड़गसिंह राई 'काँढ़ा', 'मेरो नामले पुगेन मलाई', पूर्ववत्, पृ. १४१।

ईमानदारीले लड़ाइँ लड़ेको छु।

(बलिदानको साटोमा)[८]

यहाँ नेपाली जातिको संस्कार-संस्कृति, रीति-रिवाज आदि उहिलेदेखि नै यस ठाउँको माटोसित हुर्किएको घटनालाई कविले कवितामा प्रस्तुत गरेका छन्। स्वदेशको सुरक्षार्थ युद्ध गरेर दिएका वलिदानका प्रसङ्गलाई स्पष्ट रूपमा चित्रण गरेका छन्। युद्धमा नेपाली जाति सधैं देशप्रति इमान्दार रहेको कुरालाई यथार्थ रूपमा व्यक्त गरेका छन्।

### ४.१.१.२ समसामयिक र यथार्थ विम्ब

खड़गसिंह राई 'काँढ़ा'-को प्रकाशित कविता सङ्ग्रहभित्र भएको 'एक आदिवासी उजुर !' कवितालाई लामो कविताको नमुना मान्न सकिन्छ। यस कवितामा मान्छेको यथार्थ स्थितिको चित्रण विम्बद्वारा गरिएको छ-

हजुर, पत्तो थिएन मलाई
अहिले पनि कवच निर्मित हुन्छ भनेर,
बिर्सुवा लापरवाह मलाई के थाह
बद्लिरहन्छ अनुहार,
मखुन्डो अनुहार भनेर !

(एक आदिवासी उजुर)[९]

यहाँ 'मखुन्डो' शब्दले वर्तमान समय र मान्छेको बद्लिदो अनुहारको यथार्थ चित्रलाई सङ्केत गरेको छ। 'मुखुन्डो अनुहार' मान्छेभित्र रहेको जटिलताको चित्र पनि हो जसलाई ढाकेर छोपेर उसले बाहिर अर्कै स्वरूप प्रदर्शन गर्छ। यहाँ मान्छेको भोगाइ, अतिक्रमण र छटपटाइरहेको अवस्थालाई अभिव्यक्त गरिएको छ। प्रत्येक दिन सङ्कट

---

[८] खड़गसिंह राई 'काँढ़ा', 'मेरो नामले पुगेन मलाई', पूर्ववत्, पृ. ६०।

[९] खड़गसिंह राई 'काँढ़ा', 'मेरो नामले पुगेन मलाई', पूर्ववत्, पृ. ४८।

जटिल समस्या बन्दै गइरहेको समस्यालाई देखाएर अस्तित्व र स्वतन्त्रताको खोजी गर्नुपर्ने स्थितिलाई कवितामा देखाइएको छ। प्रस्तुत कवितामा पाइने यी कुराहरू यथार्थ विम्ब हुन्। यथार्थ विम्बद्वारा निर्मित कविता 'उद्घोषकले भने जस्तो'-मा कवि लेख्छन्-

उद्घोषकले भने जस्तो
न म पछिल्ला यद्धहरू भुल्न सक्छु
फेरि कुनै सन्धि
नयाँ कागजको छातीमा लेखिए तापनि
बेवारिस मानवताको साक्षी
न अन्धो संहारको नांगो नाच म न भुल्न सक्छु
चेतनाको जरा-जरासम्म भासिएका
रक्तका बीजहरू, खानीहरू-
हिंसाको, विश्वासघातको
न सहजै त्यागन सक्छु
मनोचिकित्सकले जत्तिकै सुधारे पनि।

(उद्घोषकले भने जस्तो)[१०]

नेपाली जातिले पहिले लडेका युद्धहरू, आफ्नो परिचय र अस्तित्व जोगाउन गरेका सङ्घर्ष आदि विषयलाई कविले काव्यिक स्वर प्रदान गरेका छन्। जातिको अस्तित्वलाई लिएर कवि चिन्तित देखिए तापनि युद्धमा दिएका उत्सर्ग त्यसै खेरो जाने छैन भन्ने आशावादी स्वर पाइन्छ। यस सन्दर्भमा इन्द्रबहादुर राईले लेख्छन्- जातीय तथा सामाजिक स्थितिका कविता खड्गले जति पनि लेखे तीमा सधैं आशावादको योग छ।[११] नेपाली जातिको यो इतिहासलाई विषयवस्तुका रूपमा कवितामा यथार्थ विम्बको प्रयोगद्वारा

[१०] खड्गसिंह राई 'काँढ़ा', 'मेरो नामले पुगेन मलाई', पूर्ववत्, पृ. ११५।
[११] इन्द्रबहादुर राई, सन् २०१४, *सम्पूरक,* कालेबुङ : उपमा प्रकाशन, पृ. ३४-३५।

अभिव्यक्त गरेका छन्। यस प्रकार कविता कलात्मक र प्रभावकारी बन्न पुगेको छ। यसै गरी अर्को कवितामा कवि लेख्छन्-

उत्तापको वर्तमानता खोसिएर फेरि
सियाँलको आश्वासन कहाँ पूरा भयो,
दर्दको उदय औ अस्त बीचको अध्याय
बाँच्न नपाइ यहाँ कहाँ निरूद्देश्य,
कुन स्थितिमाझ आइपुगें
सताइ अहिले मरुको मोहको,
तातो बालुवामा पाइला भसाएर
ठोस जमीनको चाहना चाहेको
ठोस जमीन खोई र दर्दको सीमाना खोई ?

(मोहको पुनरावृत्तिः मरुभूमि)[१२]

यस कवितामा वर्तमान काल, परिवेश, स्थिति र समस्यालाई देखाएर नेपाली जातिको सङ्घर्ष र जीवनलाई गम्भीरतापूर्वक चित्रण गरेका छन्।

### ४.१.१.३ क्रान्ति विम्ब

कवि खड्गसिंह राई 'काँढ़ा'-ले कवितामा क्रान्ति विम्बको प्रयोग गरेका छन्। 'एक फिलिंगो बोल्छ' कवितामा क्रान्ति विम्बको प्रयोग पाउन सकिन्छ। जस्तै-

... ... ... ... लड़िरहेछु इतिहासदेखि नै
दमनकारी फौजसित जुझेर
किन परास्त बन्छौ तर्की-तर्की

[१२] खड़गसिंह राई 'काँढ़ा', 'मेरो नामले पुगेन मलाई', पूर्ववत्, पृ. १०७।

एकैपटक हतियार नउठाएर।

(एक फिलिंगो बोल्छ)[१३]

यहाँ कविले नेपाली जातिले विश्वभरि लडेका अनेकौं युद्धहरूको ऐतिहासिक यथार्थ स्मरण गराएका छन्। जाति र व्यवस्थाको अतिक्रमणदेखि परास्त भएको यस जातिलाई विगतका वीरता नभुल्ने र सङ्घर्षको अस्तित्वका निम्ति फेरि हतियार उठाउने आग्रह गरेका छन्। खड्गसिंह राई काँढ़ा-का कविताबारे इन्द्रबहादुर राई पनि यसरी लेख्छन्- आन्दोलनमाथि अनेकौं कविता लेखिएका थिए, राम्रा लेखिएका थिए।[१४]

नेपाली जातिले लडेको युद्धको कुनै मूल्याङ्कन नगरिएको यथार्थलाई कविले निम्न प्रकारले व्यक्त गरेका छन्-

... ... ... ... तिमी लड़ाईसित लड़िदिन्थ्यौ
न कुनै शत्रु हुन्थ्यो, न कुनै शर्त
केवल सिगौरी खेल्न अघि सर्थ्यौं,
तिम्रो रक्त साँचो अर्घ्य थिएन यसैले
तिम्रो वलिदानको अर्थ थिएन यसैले।
तिमी मरिदिएर नै के गर्नु !
त्यो मर्नु शहीद हुनु थिएन
त्यो मर्नु कुनै कारणवश थिएन
त्यो मर्नु त एक बलिदान थियो,
वेवारिस अनगन्ती लाशहरूमाझ
एक बेपत्ताको मरण थियो,
जहिले सुकै होम गर्दै आफ्नो प्राण

---

[१३] खड्गसिंह राई 'काँढ़ा', 'मेरो नामले पुगेन मलाई', पूर्ववत्, पृ. ६३।
[१४] इन्द्रबहादुर राई, 'सम्पूरक', पूर्ववत्, पृ. ३३।

विदेशी माटोको निम्ति

परायको धरतीमा।

त्यो जिवाइ न जीवन भयो

त्यो मरण न मुत्यु भयो... ... ... ...।

(तिम्रो बलिदानको अर्थ थिएन, यसैले)[१५]

मान्छेको जीवन मूल्यवान छ। नेपाली जातिले धेरै युद्ध लडे तर वीरगति प्राप्त गरे पनि उनीहरू सहिद कहलाएइनन् उनीहरूको बलिदान व्यर्थै भयो। यस किसिमको युद्धलाई कविले अर्थहीन भन्दै अब उसो यस्तो उपलब्धिविहिन युद्ध नलड्ने क्रान्ति चेतना व्यक्त भएको देखिन्छ। यस कवितामा आफ्नै जाति र माटोको निम्ति सहिद हुनुमा मात्र बलिदान र रगतको साँचो अर्थ प्राप्त गर्न सकिन्छ भन्ने विचार पाइन्छ। कवि लेख्छन्-

अब हाम्रो युद्ध छ नीजत्व रक्षार्थ

हाम्रो आगामी अधिराज्य निमित्त

हाम्रो आफ्नो घर, आफ्नो सीमानाको निमित्त

युद्धलाई केवल युद्ध सम्झिनेहरू

अब युद्ध छ

जातीयताको पर्याय निमित्त।

(मन्त्रणा)[१६]

कवितामा अबको युद्ध केवल जातिको निम्ति लडिनुपर्छ भन्ने भावलाई प्रस्तुत गरिएको छ। पुस्तादेखि बसोबास गर्दै आएको भूमिमा अन्यको अतिक्रमणले सम्पूर्ण जातिकै

---

[१५] खड्गसिंह राई 'काँढा', 'मेरो नामले पुगेन मलाई', पूर्ववत्, पृ. ६४।

[१६] खड्गसिंह राई 'काँढा', 'मेरो नामले पुगेन मलाई', पूर्ववत्, पृ. ९६।

अस्तित्वमा सङ्कट आएको अवस्था देखेर कविले आफ्नै राज्य निर्माण गर्नुपर्छ भन्ने क्रान्ति चेतना यसरी राखेका छन्-

> मेरो आवाजको हक खोसियो
> निर्वोध मुहारहरूमा
> संदेहको ध्वाँसो पोतियो,
> वैरीजस्तो भयो
> सम्दीको फर्साइलोपन,
> विरामी परेर समस्त रउसेपन
> ठट्टा-रमाइलहरू
> सारा गाउँ आजकल
> कानेखुसीमा बात मार्छन्;
> व्यस्त भएर एक भय अन्जान
> कुहिरेजस्तो मेरो गाउँभरि
> मान्छेहरू एकार्कादेखि भागी हिँड्छन्।
>
> (मेरो गाउँ: ऐनापारि)[१७]

जातिको वीरताको गाथा र आफ्नो भूमिमाथिको अधिकार प्रत्येक गाउँदेखि नै विलुप्त हुँदै गइरहेको अवस्थाप्रति नेपाली जाति गम्भीर र सचेत हुने समयलाई सङ्केत गरेका छन्। भावनात्मक मात्र नभएर व्यवहारिक रूपमा जातिप्रतिको उत्तरदायित्व अनुभव गर्ने चेतना प्रदान गर्ने प्रयास गरेका छन्। उनी अझ लेख्छन्-

> हामी त थियौं अहिलेतक
> समुद्रहरूमा पाउ चोबलिएका,

---

[१७] खड्गसिंह राई 'काँढ़ा', 'मेरो नामले पुगेन मलाई', पूर्ववत्, पृ. ८७।

डड़ाउँदै शिरको केश सूर्यसि

माटो र आकाशलाई नापिरहेका।

धागो बन्न खोज्यौं जब अनलको

देशलाई खाँचो भयो जब बलको

बालुवा औ हिउँ समेट्यौं हातले

हत्याहरू कति चूपचाप छोपी रातले।

(अतलवासी)[१८]

कवितामा आफ्ना जातिलाई सबल र सम्पन्न जातिले प्रयोग गरेको अनि नेपालीहरूले पनि कुनै स्वार्थ नराखी बलिदान दिएको बुझ्न सकिन्छ तर वर्तमानमा आएर उनीहरूको आफ्नै अस्तित्व र अधिकार सङ्कटमा परेकामा सचेत नभएकामा कवि चिन्तित देखिन्छन्। यो जातीय चिन्तन कवितामा कलात्मक रूपले विम्ब बनेर आएको छ। उनको यो चिन्तनले नेपाली जातिमा चेतना ल्याउने छ भन्ने मन्तब्य इन्द्रबहादुर राई यसरी पोख्छन्- जातीय तथा सामाजिक स्थितिका कविता खड्गले जति लेखे सधैं उनबाट आशावादको योग छ।[१९]

### ४.१.१.४ प्रणय विम्ब

खड़गसिंह राई 'काँढ़ा'-ले प्रणय चेतनामा आधारित कविता निकै लेखेका छन्। कवितामा प्रणय विम्बको कलात्मक प्रयोग निम्न कवितामा पाइन्छ-

याद,

गीत बनेर छोइरहन्छ मलाई

थुरिन्छ मभित्र

वेदनाको लयमा समस्त अवयव हुँदै;

---

[१८] खड़गसिंह राई 'काँढ़ा', 'मेरो नामले पुगेन मलाई', पूर्ववत्, पृ. ४६।

[१९] इन्द्रबहादुर राई, 'सम्पूरक', पूर्ववत्, पृ. ३४-३५।

तिमी

नृत्य बनेर छाउन चाहन्छौ

मेरो सुधिभरि

मेनका भइदिएर।

(याद एक कथा')[२०]

प्रेम स्थायी अनुभूति होइन, प्रेम सदैव अधुरो नै पूर्ण हुन्छ। त्यसैले सफल प्रेम गर्नेहरूले कहिले पनि वैवाहिक जीवन अथ्याएका छैन। प्रेमको सफलता नै विछोड हो। त्यस पीडामा हुने अनुभूतिले नै प्रेमको वास्तविक स्वरूप निर्माण छ। कविले यस भावबारे विचार गरेका छन्। 'मेनका'[२१]-को प्रतीकात्मकताले प्रेमको सञ्चारी रूपले देखाइएको छ। यस कवितांश आफैमा विम्बात्मक छ। मनमा सधैं गीतको भाका गुञ्जिरहन्छ जसरी प्रेमिलहरूको मनमा वेदना अनि प्रेम मेनकाको नृत्यजस्तै छमछम नाचिरहन्छ चेतनाको प्रेमलोकमा। त्यसैले कविले यस कवितामा प्रणय विम्बको सुन्दर प्रयोग गरेका छन्। यसै गरी प्रणय चेत सम्बन्धित लेखिएको अर्का कवितामा उनी लेख्छन्-

मलाई फूल

यसरी आभासले मात्र पनि

फूल मलाई,

यसरी धूनको ख्यालले मात्र पनि

गीत मलाई;

नारी, शालीता अनि कोमलताले पनि

नारी मलाई

---

[२०] खड्गसिंह राई 'काँढ़ा', 'मेरो नामले पुगेन मलाई', पूर्ववत्, पृ. ११०।

[२१] राणा प्रसाद शर्मा, सन् २०१३, *पौराणिक कोश,* वाराणसी : ज्ञानमण्डल लिमिटेड, पृ. ४३१। (प्रसिद्ध अप्साराको नाम हो जसले विश्वमित्रको कठोर तपस्यासँग डराएर इन्द्रले उनकी तप भङ्ग गर्नका लागि पठाएको थियो।)

तिम्रो उपस्थितिले मात्र पनि जिन्दगी प्रणय मलाई।

(प्रणय)[२२]

यस कवितांशमा फुल, गीत-सङ्गीत, नारी र प्रणयको तुलना धर्म देखाइएको छ। यी सम्पूर्ण विषयमा पाइने धर्म प्रेम वा कोमलता नै यसको विम्ब हो। एउटी नारीमा पाइने कोमलता, गातको सुमधुरता, सङ्गीतको लयात्मकता अनि फुलको सौन्दर्य एकै धर्मका हुन्। त्यसैले धर्म प्रेममा पनि हुन्छ भन्ने कविको विचार देखिन्छ। यसमा प्रेमको सौन्दर्य र कोमलतालाई विम्बात्मक रूपमा प्रस्तुत गरिएको छ। उनको अर्को 'अर्पणमै सार्थकता होंसोस् भनेर' कवितामा पनि यसको उदाहरण पाइन्छ। कवि लेख्छन्-

तिमीले चाह्यौ भने तर
प्रिय, म हावालाई समातेर
सुर बाँसुरीमा भरिदिन सक्छु,
आफु त संवाहक केवल
मन्त्र जीवनको तिम्रो
कलात्मकता साथै फुकिदिन सक्छु-
प्रेम एक बँघौचा बनोस् भनेर
अर्पणमा सार्थकता हाँसोस् भनेर।

(अर्पणमै सार्थकता होंसोस् भनेर)[२३]

मानव जीवनमा प्रेम आवश्यक हुन्छ। आरम्भदेखि मानवको संवेदनाका रूपमा यो निहित छ। प्रेम एक प्रकारले मनोवैज्ञानिक गतिविधि हो। प्रेमबिना कुनै पनि वस्तुको मूल्य

---

[२२] खड्गसिंह राई 'काँढ़ा', 'मेरो नामले पुगेन मलाई', पूर्ववत्, पृ. ८१।

[२३] योगेश लिम्बू (सङ्कलन/सम्पादन), सन् २०१९, *सपना कति-बिपना कति*, पाइन्स प्रकाशन : रङ्बुल, पृ. २९-३०।

नरहेको कुरोलाई यहाँ सङ्केत गरिएको छ। प्रेमले नै मानवलाई शाश्वत राख्नुपर्छ भन्ने भाव कवितामा अभिव्यक्ति छ।

प्रेमबारे घनश्याम नेपाल लेख्छन्- माया हाम्रो निम्ति छल, प्रपञ्च होइन, यो जीनवको अनिवार्यता हो, जीवन-शैली हो।[२४] मानव जीवनमा प्रेम अनिवार्य रूपले उपस्थित रहेको हुन्छ। खड्गसिंह राई 'काँढ़ा'-का कवितामा पाइने विशेषताहरूमध्ये प्रेमको विषय प्रमुख रहेको देख्न पाइन्छ। उनी अझ लेख्छन्-

सारा दिन बिर्सिपठाएको
सारा रात सपनामा भुलेको,
नयाँ बिहानीको मिर्मिरेमा तर
एक मूर्ति साकार हुन्छ तिम्रै
एक स्मृति उज्यालिन्छ तिम्रैः
नयाँ बस्ती बस्दै गरेको ठाउँ
नव वर्ष बर्सेको बेला
नव पूर्णिमाको एक्लो रूखमुन्तिर,
भिज्दै बसेको अन्धकारमा
हाँस्दै बगेको उज्यालीमा
तिम्रै-तिम्रै भाव
तिम्रै-तिम्रै छवि
त्यही थाहा, त्यही चाल

---

[२४] घनश्याम नेपाल, सन् २०१४, *विधा विविधा,* कालेबुङ : उपमा प्रकाशन, पृ. ११०-१११।

मेरो सम्पूर्णता वरिपरि।

(तिमी अतिरूप)[२५]

यस कवितामा कविले जतातत‍ै प्रेमले भरिएको जीवनलाई देखेका छन् साथै उनले प्रेमको निराकार र सर्वज्ञ स्वरूपको चित्रण गरेका छन्। तसर्थ उनी प्रेमलाई शाश्वात मान्छन् र प्रेमको उपस्थितिले नै जीवन सुन्दर बन्दछ भन्ने भाव व्यक्त गर्दछन्। यसरी नै प्रणय चेतको अर्को उदाहरण उनको 'पुनर्जन्म प्यारको' कवितालाई लिन सकिन्छ-

अब आऊ कि,
दुःख-सुख, छल क्षमालाई जमात मानिलिऊ
नभए त धरतीको जति सद्भावनालाई नकेर्नु हुनेछ
एल्किएर आफू, यो विश्वलाई नहार्नु हुँदैन न जित्नु हुनेछ
फूल फूलिरहेको भ्रम हनेछ
ऋतु दोहोरिनु मिथ्या हुनेछ
आकाशभरिको तारा नभेट्नु हुनेछ न टिप्नु हुनेछ
आऊ कि, प्यारको आवाजलाई गर्भ दिऊँ, जन्म दिऊँ।

(पुनर्जन्म प्यारको)[२६]

यस कवितमा प्रेमको व्यापकताबारे वर्णन गरिएको छ। दाम्पत्य जीवनमा जुन अनुभूति हुन्छ त्यसलाई प्रस्तुत गरिएको छ। साथै जीवनमा सामाजस्य मिलाउँदा आइपर्ने चुनौतिलाई पनि यहाँ सङ्केतात्मक रूपमा राखिएको छ। जीवनको कुनै पनि परिस्थिति र समाचारहरूमा नअल्झिएर जीवन र यसमा आइपर्ने समस्याहरूलाई स्वीकार गर्दै उपभोग गर्ने र त्यसैमा जीवनको सार्थकता रहेको पनि कविले बताएका छन्। जीवन गतिशील

---

[२५] योगेश लिम्बू (सङ्कलन/सम्पादन), 'सपना कति-बिपना कति', पूर्ववत्, पृ. ५६-५७।

[२६] खड्गसिंह राई 'काँढ़ा', 'मेरो नामले पुगेन मलाई', पूर्ववत्, पृ. ४।

हुन्छ र यसलाई एउटा ठाउँमा राख्न हुँदैन। कविताामा प्रेमप्रति आशावादी स्वर पाइन्छ। अर्को कविता 'प्रश्नहरू'- मा कवि लेख्छन्-

शताब्दी शताब्दी चहारेर
देश महादेश बरालिएर
विज्ञापन र कोशमा डुबेर
कहाँ ? यो हाम्रो यात्राको
अनिवार्य दुर्घटनाग्रस्ततामा,
यो एक्लो खोजको
अचनाक चट्टानमा
एक विनम्र मानवीयताको
आदिम बेहोशमा।
हे मेरो अप्रप्य !
मेरो अभाव,
दुई कैचीजस्तो गतिमा
अझ कतिसम्म घुम्नु ;
एकै दिशा दगुरेमा हामी
बान्धवी
यो गोलोमा कतिपल्ट
सिद्धिनु।

(प्रश्नहरू)[२७]

---

२७ खड्गसिंह राई 'काँढ़ा', 'मेरो नामले पुगेन मलाई', पूर्ववत्, पृ. १५३।

कसैको निम्ति जीवन सुन्दर हुन्छ भने कसैको निम्ति त्यही जीवन सबैभन्दा कठिन बन्दछ। यसरी नै मान्छेले सोचे र चाहेजस्तो जीवनको खोज गर्ने क्रम निरन्तर चलिरहन्छ भन्ने भाव कवितामा पाइन्छ। मान्छेको यही अनन्त आकाङ्क्षालाई कविले विम्बद्वारा कवितामा कलात्मक ढङ्गले प्रस्तुत गरेका छन्। प्रणय चेतलाई लिएर लेखिएको अर्को कविता 'किनाराहरू'-मा कवि प्रेमको निस्वार्थ स्वरूपको चर्चा यसरी गर्छन्-

को संझदी होली उ
मेरो वैशाखी पाखा बतासमा पुगेको देखी
होइन, मेरो वयस्क मायाले काँचुली फेरेको, होइन
होइन बसन्तको निम्तोमा
पाहुना मानिएको होइन
हिउँद-वर्खा एउटै मौसम प्रदत्त प्रेम
अंगालोमा कि भंगालोमा
बहावको साथ छोड्ने होइन
बरू हो कि पारि पाखा उत्ताउलिएकी
नौलो परिधान ओड़ेर
अपरिचित देखिएकी।

(किनाराहरू)[२८]

यहाँ प्रेमी र प्रेमिकाबिचको निस्वार्थ सम्बन्धलाई देखाइएको छ। प्रेमको विविध स्वरूपलाई लिएर निचोडमा प्रेमको मूल रूप निस्वार्थ हुन्छ भन्ने कुरोलाई प्रणय विम्बको माध्यमद्वारा व्यक्त गरेका छन्।

---

[२८] खड्गसिंह राई 'काँढ़ा', 'मेरो नामले पुगेन मलाई', पूर्ववत्, पृ. ३६।

#### ४.१.१.५ प्रतीकात्मक विम्ब

खड्गसिंह राई 'काँढ़ा'-का कवितामा प्रतीकात्मक विम्ब प्रयोग पनि पाइन्छ। नेपाली जातिको सङ्घर्ष, भोगाइ र समस्याहरूलाई प्रतीकात्मक विम्बद्वारा प्रस्तुत गरेका छन्। उनी लेख्छन्-

यसरी चाल नपाइ कहिल्यै
मान्छेकोमा 'बलभद्र' मर्दोरहेछ,
अहिले किरियामा मृत देवको
म वासी शब्दहरूको वक्ता
म केवल तिमीहरूलाई जगाउने
जस्तो फेरीवाला
मेरो जागो त एकदम नांगो छ
काँढ़ा उम्रेको उदांगो छ।

(एक सुनसान यात्रा)[२९]

यस कवितांशमा उल्लेख गरिएका 'बलभद्र'[३०]-लाई नेपाली जातिको वीर पुरुषको प्रतीक मानिन्छ। वर्तमानमा बलभद्रजस्ता वीर पुरुष नेपाली जाति र समाजमा नरहेको भन्नै अब नेपाली जातिमाझ बलभद्र जन्मिनुपर्छ भन्ने सङ्केत गरेका छन्। नेपाली जातिको विचारलाई अन्य समुदायले सामाजिक र राजनीतिक व्यवस्थाद्वारा षड्यन्त्र गरेर दबाएको अवस्थालाई कवितामा देखाएर कवि स्वयम् पनि यस परिवेशमा बाँच्न बाध्य भएको बोध हुन्छ। नेपाली जातिको जीवन सम्बन्धित यथार्थ परिवेशलाई उनी यसरी पनि प्रस्तुत गर्छन्-

---

[२९] खड्गसिंह राई 'काँढ़ा', 'मेरो नामले पुगेन मलाई', पूर्ववत्, पृ. ३३।
[३०] इन्द्रबहादुर राई, 'सम्पूरक', पूर्ववत्, पृ. २९।

अचम्ममा छु
काला-सेता कोठाहरूमा घेरिएर
होसियारी चालसित
छान-बिने मन लिएर
अहिले
हजार-हजार मृत्यु मरेर
एक जिवाइ भोलिको खातिर
आशंकित छु
आफ्नो रक्षाको भार अरूको भारमा छोड़ेर
सेतो राजाको जीतलाई
कालो राजाको जीतलाई
एक्लो गुरिल्ला छु,
एक्लो गुरिल्ला हजार आक्रमणहरू विरूद्ध।

(हैरान छु आफैसित)[३१]

यहाँ कविले दार्जिलिङको तत्कालीन राजनैतिक अराजकताको चित्रण गरेका छन्। सधैं आशङ्कित भएर बाँच्नुपर्ने परिस्थितिको पनि चित्रण पाइन्छ। राजनैतिक नेतृत्वको उत्तरदायित्वविहीन नीतिले यहाँका जनता विचल्ली भएको वर्णन प्रतीकात्मक विम्बद्वारा प्रस्तुत गरिएको पाइन्छ। सडक-गल्ली, पसल, मानिस, मन्दिर, भाषण, घोषणा-पत्र, धर्म गुरु, राजनीतिक बुद्धिजीवि आदिको उपस्थिति भएका ठाउँमा कविले स्वयम्लाई खोज्नुपर्ने अवस्थाको चित्रण कवितामा गरेका छन्। कवि लेख्छन्-

चौड़िदै-साँघुरिंदो

[३१] खड्गसिंह राई 'काँढ़ा', 'मेरो नामले पुगेन मलाई', पूर्ववत्, पृ. १५।

प्रकाश छाँयाको पात्रता सामु,

थाके कि तिम्रा पाइलाहरू ?

अघाए कि त्यो मन अन्तुष्ट

बिग्रेर गयो कि रंगरूप

यस अचानक चट्टानमा बसाई तिम्रो !

(अचानक चट्टानः स्वकथन)[३२]

चोडिदै-साँघुरिदो, प्रकाश-छायाँ शब्दहरूको विम्ब र त्यसमा पाइला शब्दले उतारेको विम्बले मान्छेको अस्तुष्टि मनको चित्र दिन्छ। त्यस साथै चट्टान शब्दले कहिले नसकिने समस्या आदिको विम्ब पाठकले देख्न सक्छ। त्यसै गरी अर्को 'सूर्य ग्रहणपछि' कवितामा उनी लेख्छन्-

एकपल्ट फेरि हामीले

सूर्यलाई हेऱ्यौं

त्यो नजिकको सत्यलाई हेऱ्यौं

निम्नदेखि बाँचेको एक नित्यलाई हेऱ्यौं।

निस्तब्ध स्वासहरूमा तब बिस्तारै

जीवन उक्सँदै आएको छ

रंग उपजँदै आएको छ

हरिएर जम्मै आकाशहरू

डुल्न लागेका छन्

जल रूख र भवनहरू

धेरै धेरै उपलब्धीहरू

[३२] खड्गसिंह राई 'काँढ़ा', 'मेरो नामले पुगेन मलाई', पूर्ववत्, पृ. ५३।

अनेक के के जन्मिएका छन् फेरि।

(सूर्य ग्रहणपछि)[३३]

यहाँ 'सूर्य' प्रतीक हो जसभित्र कविले जीवनको विविध रूपलाई अध्ययन गरेका छन्। कविले यस कवितामा सूर्यभित्र निहित शक्तिद्वारा सञ्चालित प्रकृतिको बारेमा गम्भीर धारणा व्यक्त गरिएको छ। यसरी नै प्रतीकात्मक विम्बको प्रयोग गर्दै लेखिएको अर्को कविता यस प्रकार छ-

तब जन्मन्छ अनि द्वन्द्व
अघि बढ्दछ संघर्ष,
आविष्कारको मेलो खनिन्छ
अभिव्यक्तिको आर्तनादभित्र
कि जुर्मराएर उठनेछन् रथहरू
तन्कने दूरी आवस्थाको पूरा गर्न,
त, आउला नर्भदेखि गंगा फेरि
पखाल्नलाई मैले धरती
के नहार्ला भगिरथहरू !

(नयाँ दिन)[३४]

यहाँ कविले सोचे र भनेजस्तो नयाँ दिनको आगमनलाई इङ्गित गरेका छन्। दुषित वातावरणलाई मानवको द्वन्द्व र सङ्घर्षबाट सिर्जित वातावरणलाई ध्वंस गरेर नयाँ समाजको सिर्जना कविको सोच हो। गंगा, भगिरथ आदिजस्ता शब्दहरूले कवितामा

[३३] खड्गसिंह राई 'काँढ़ा', 'मेरो नामले पुगेन मलाई', पूर्ववत्, पृ. १२७।
[३४] खड्गसिंह राई 'काँढ़ा', 'मेरो नामले पुगेन मलाई', पूर्ववत्, पृ. ९।

प्रतीकात्मक विम्ब प्रकट भएको छ। अर्को कविता 'गुलाफः आत्म-चित्र'-मा कवि लेख्छन्-

गुलाफ म,
कहिले सोंचेको थिइनँ
वायुमा वृत्त-वृत्त सुवास
मेरो मनदेखि फिँजिनेछ
रूपको आभा यसरी
दृष्टिहरूतिर
मनहरूतिर।

(गुलाफः आत्म-चित्र)[३५]

यहाँ जीवन बाँच्ने क्रममा भोगिएका साँचो घटनाहरू विम्बद्वारा प्रस्तुत छन्। गुलाफ फुलसित कविको वा मान्छेको जीवनलाई एकाकार गराइएको चित्रण यहाँ पाइन्छ।

### ४.१.१.६ मिथकीय विम्ब

खड्गसिंह राई 'काँढ़ा'-ले आफ्ना कविताहरूमा मिथकीय विम्बको प्रयोग गरेका छन्। मिथकीय चिरित्रलाई लिएर वर्तमान समस्यहरूलाई प्रस्तुत गरेका छन्। उनी भन्छन्-

साँझैपिच्छे उनी
खाली हात फर्किन्छ पुरूषोत्तम,
सुनको सपना गालेर
मृगको भोक मारेर
        लखतरान्

---

[३५] खड्गसिंह राई 'काँढ़ा', 'मेरो नामले पुगेन मलाई', पूर्ववत्, पृ. ११३।

गत अभिमान

आफैसितको युद्धमा हारेर,

जस्तो बृद्ध दिनमान,

गल्लीको अर्को छेउमा

अस्तमान-अस्तमान

जल्छ एउटा रूग्न चिता

बहुरूपी रावणको छलमा

सधैं हरण हुन्छ सीता।

(अर्को दन्त्य कथा)[३६]

मिथकको प्रयोगद्वारा कविले मानव जीवनको अभाव, दुर्घटना आदिको चर्चा गरेका छन्। रावण, सीताजस्ता मिथकीय चरित्रका माध्यमबाट उनले जीवन-जगत्का लोभ-लालासा, छल-कपट, असुरक्षाजस्ता स्थितिको वर्णन गरेका छन्।

### ४.१.१.७ रूप विम्ब वा चाक्षुष विम्ब

खड़गसिंह राई काँढ़ा-का कवितामा रूप विम्ब वा चाक्षुष विम्ब प्रयोग गरिएको पाइन्छ। यसले विशेष रूपले कवितामा जीवन-जगत्सम्बन्धी विषयवस्तुलाई समेटेको छ। जस्तै-

यस्तो एउटा दिन, मौसम

जति खेर बिग्रिने संभावना

औ भित्र नांगो कोठामा

एक्लो बसिरहेको म

मेरो प्यार जोगाउन-

मरम्मत गरिरहेको चार भित्ता घरको

---

[३६] खड़गसिंह राई 'काँढ़ा', 'मेरो नामले पुगेन मलाई', पूर्ववत्, पृ. २२-२३।

यही व्यस्तता मेरो

यही कार्यक्रम मेरो।

(हराएको)[३७]

प्रस्तुत कवितांशमा कविको आफ्नो दाम्पत्य जीवनले जन्माएको माया, प्रेम, मेल र प्रीतिबाट प्राप्त भाव र त्यसलाई जोगाएर राख्ने उपक्रमलाई व्यक्त गरिएको छ। विम्ब प्रयोगका दृष्टिले हेर्दा यहाँ चाक्षुष विम्बको अर्थपूर्ण रूपमा प्रयोग भएको देखिन्छ।

### ४.१.१.८ श्रव्य विम्ब

खड्गसिंह राई 'काढ़ा'-का कवितामा श्रव्य विम्ब पनि प्रयोग भएको पाइन्छ। यस विम्बमा आधारित कवितालाई यहाँ प्रस्तुत गरिएको छ-

कहिले पाहुना बनेर आउँछ जिन्दगी

कहिले बन्द गल्ली बन्दछ जिन्दगी।

आशाहरूको ढोका उघारी

घाम झैं उजलिन्छ यो

कहिले निराशाको मुखसरि भइ

आँसुले पखालिन्छ यो

कहिले पाहुना बनेर आउँछ जिन्दगी

कहिले बेहुली बनेर आउँछ जीन्दगी

कहिले वियोगी रात बन्दछ जिन्दगी।

(जीन्दगी ! यो जिन्दगी !)[३८]

---

[३७] खड्गसिंह राई 'काँढ़ा', 'मेरो नामले पुगेन मलाई', पूर्ववत्, पृ. ७।

[३८] खड्गसिंह राई 'काँढ़ा', 'मेरो नामले पुगेन मलाई', पूर्ववत्, पृ. २४६।

प्रस्तुत कविताको संरचना गीतसित मिल्दा जुल्दा पाइन्छ। यहाँ मान्छेको जीवनभित्र रहने सुख र दुःख आदिजस्ता विषयहरू गीतका रूपमा सुन्न सकिने किसिमले प्रस्तुत गरिएको छ। अर्को कविता 'एक गीत'-मा पनि श्रव्य विम्ब प्रयोग भएको पाइन्छ-

देखें किन तिमीलाई
भेटें किन तिमीलाई
चाहें किन तिमीलाई।
बड़ो ढुक्क थिए म आफैमा
बड़ा मुक्त थिए म आफैमा
देखें जून, किरण दाह भो
अघि मस्त थिए म आफैमा।
देखें किन तिमीलाई
चिनें किन तिमीलाई
पर्खें किन तिमीलाई।
कति गीत बैलाइ गए त्यसै
कति फूल बिर्सिइ गए त्यसै
रोजें तिमी, जीवनको डाह भो
कति भूल मेटिइ गए त्यसै।
देखें किन तिमीलाई
रोकें किन तिमीलाई
पाएँ किन तिमीलाई।

(एक गीत)[३९]

---

[३९] योगेश लिम्बू (सङ्कलन/सम्पादन), 'सपना कति-बिपना कति', पूर्ववत्, पृ. ६६।

यहाँ जीवन सम्बन्धित घटनाहरू लयात्मक प्रतिध्वनि बनेर विम्बका रूपमा आएका पाइन्छन्। यस पङ्क्तिले सङ्गीतमय सङ्केत दिन्छ। कविले प्रेमी-प्रेमिका वा मान्छे-मान्छेबिच हुने मानसिक भावलाई कविताको माध्यबाट प्रकट गरेका छन्।

### ४.१.१.९ प्राकृतिक विम्ब

खड्गसिंह राई 'काँढ़ा'-ले प्रकृतिसम्बन्धी पनि कविता लेखेका छन्। यी कवितामा उनले प्राकृतिक विम्बको प्रयोग गरेका छन्। जस्तै-

आशीष थियो मलाई, शीतल भई
रूख बढ़ेर फिजिनुपर्ने,
सयपत्री झुली गह्रा-गह्रामा
शिरहरू गुणकेशरीका सजाउने,
भाकाल थियो मैले समर भई
अन्यायका दाबीहरू नास्नुपर्ने,
उठाएर औजार प्रेम-मैत्रीको
परलाई वर बनाउनुपर्ने,
के भो हाँगा-हाँगा टुक्रिएर
मूढ़ भूइँभरि लड़िरहेछु,
चुड़िएको पत्र-पत्र अलपत्र
विषालु गन्ध सरि उड़िरहेछु।

(फूल हुनुपर्ने मैले त)[४०]

यहाँ मान्छे र प्रकृतिबिचको सम्बन्धलाई प्रस्तुत गरिएको छ। कविका विचारमा यी दुवै एकाअर्काका निम्ति अनिवार्य तत्त्व हुन्। विम्बद्वारा यी दुवैमा पाइने महत्त्वपूर्ण

[४०] खड्गसिंह राई 'काँढ़ा', 'मेरो नामले पुगेन मलाई', पूर्ववत्, पृ. १६-१७।

परिवेशलाई कवितामा समावेश गरिएको पाइन्छ। वर्तमान कालमा प्रकृति वा पर्यावरणको विनाश एउटा गम्भीर चिन्ताको विषय बन्दै गइरहेको कुरालाई पनि सङ्केत गरेका छन्। यसरी नै प्राकृतिक विम्ब प्रयोग भएको अर्को कविता 'गृष्मागमन'-लाई हेर्न सकिन्छ-

कहाँ छौ तिमी
मेरी, विषय रसिका !
गृष्म आएछ,
माटोको गाँठो फोरेर
हरियो उक्किएछ,
मकैघारी पारी
बक पङ्क्ति एक हुल उड़ेछ
बास्ना तिम्रो आगमनको
कपूरको जस्तो छरिएछ,
अझ तर कहाँ छौ तिमी ?

(गृष्मागमन)[४१]

यस कवितामा पनि प्राकृतिक विम्ब प्रयोग भएको पाइन्छ। कवि प्रकृति प्रेमी देखिन्छन्। उनी प्रकृतिलाई आन्तरिक ह्रदयबाट प्रेम गर्नछन्। वर्तमान समयमा प्रकृति वा पर्यावरणमाथि ठुलो सङ्कट आएको छ र यसलाई जोगाएर राख्नुपर्ने आवश्यकताको सङ्केत गरेका छन्। यो कविताको मूल आग्रह यही हो। प्रकृति वा पर्यावरणमा आएको सङ्कट विषयक उनी अझ सचेत हुँदै लेख्छन्-

(अब त) म एक पदार्थ थलथले,
गिलगिलो, धृणित, अस्पृश्य;

---

[४१] योगेश लिम्बू (सङ्कलन/सम्पादन), 'सपना कति-बिपना कति', पूर्ववत्, पृ. ३२।

जीवन !- केवल अणुको उचाई

अणुको संहतता

अणुको शक्ति !

ओ अन्तस्थ प्रकृति, (स्वप्नमा चिच्चाई)

ओ गुह्यस्थ प्रवृति, फेरि एकपल्ट छ र

(मुक्तभावमा)

ती सुरक्षित बिऊका दानाहरू

इतिहासका पुराना मन्त्रहरू झैं

कति त उम्रनेछ यही माटोमा

कति ढुंगामा परे पनि।

कि म मेरो रूख-लता फेरि चिन्न सकुँ

कि यो नौलो बसन्तसित फेरि परिचय मागुँ !

(कि, यो बसन्तसित फेरि परिचय मागुँ)[४२]

प्रस्तुत कवितामा प्रकृति र मान्छेको जीवन क्रम माझ गहिरो सम्बन्धलाई रहेको देखाइएको छ। यहाँ प्रकृति चेत गम्भीर रूपमा प्रकट भएको पाइन्छ। मान्छेलाई बाँच्नका लागि प्रकृतिको सदैव आवश्कयता पर्न जान्छ। कवितामा प्रकृतिबारे चिन्ता व्यक्त भएको पाइन्छ। कवि लेख्छन्-

डाँड़ा-काँड़ा सम्मिएर गएको

हरियो-परियो उड़ेर गएको

चराको चिरिबिरि

खोलाको कलकल हराएर गएको

---

[४२] खड्गसिंह राई 'काँढ़ा', 'मेरो नामले पुगेन मलाई', पूर्ववत्, पृ. ७५-७६।

बिर्सेर गएको मातृभाषाको बोली, कि
एक संयोग
परदेश  र परदेशी परिवेश माझ
एउटा अनुहार पूर्व परिचित !

(आईतबार)[४३]

यस कवितामा दुःख, चिन्ता र समस्या आदि कवितामा पाइने विषय हुन्। कवितामा जीवन-जगत् सम्बन्धित खोला, डाँडा-काडा, हरियो-परियो, चरा-चुरुङ्गीलाई जोगाएर राख्नुपर्ने आग्रह छ। यी कुराहरूमा कवि गम्भीर र सचेत छन्। मानव जातिले प्रकृतिको संरक्षण गर्नु अति आवश्यक विषय रहेको कवितामा जानकारी पाइन्छ। प्रकृतिको महत्त्वलाई कविले यसरी प्रस्तुत गरेका छन्-

आहा, खाली पार्क, खाली खाली,
तर फूल गुनगुनाइ रहेको
एक कुना मौरी मगमगाउँने चाकामा
यहाँ लट्ठ परेको छैन भमरा कुनै
सुगन्ध र परागको लोभाउँदो भाकामा
विचार उकुसमकुस परी रित्तो बेञ्चमा
सोच यहाँ कोचमा परे झैं छ,

(एक यात्रा कागजे फूलतक)[४४]

[४३] खड्गसिंह राई 'काँढ़ा', 'मेरो नामले पुगेन मलाई', पूर्ववत्, पृ. ११२।
[४४] खड्गसिंह राई 'काँढ़ा', 'मेरो नामले पुगेन मलाई', पूर्ववत्, पृ. १३१-१३२।

यस कवितामा पनि प्राकृतिक विम्ब प्रयोग भएको पाइन्छ। प्रकृतिमा भएका विभिन्न क्रियाकलाप र मानव जीवनको सम्बन्धलाई प्राकृतिक विम्बद्वारा प्रकट गरिएको छ। मान्छेको जीवनको अनन्त यात्रामा ऊ सधैं प्रकृतिसित घनिष्ट बनेको छ।

### ४.१.१.१० स्मृति विम्ब

खड़गसिंह राई 'काँढ़ा'-का कवितामा पाइने विभिन्न विम्बहरूमध्ये स्मृति विम्ब एउटा हो। स्मृति विम्बको प्रयोग गरेर कविले व्यक्तिगत र मानव जीवन दुवैको संवेदनालाई कवितामा प्रकट गरेका छन्।

मात्र पीड़ा गाथा
बटुलिन्छन् त्यस्तै
अधुरा सपनाहरूको लास;
ती तिम्रा अतीत गौरव
कहलाइन्छन् त्यस्तै
विफल विपनाका लिबास;
यी मृत समुदाय ओगटी
मौन म ठड़िरहेको छु।
चम्किलो पुतली
पछ्याएथें मैले पनि लास भेटाएँ
हिंस्राक बाघको खेदो मेरो पनि थियो
त्यसको छाला फेला पारें,
त्यस्तै शान्त ताल र फूल उम्रेको दृश्य
रंगीन चित्रमा सुरक्षित पारेको छु

केवल 'म्युजियम' उभिएको छु।

(म्युजियम)[४५]

प्रस्तुत कवितामा स्मृति विम्बको प्रयोग पाइन्छ। थुप्रै आशावादी योग हुँदा हुँदै पनि त्यस ठाउँमा पुग्न नसक्दाको व्यक्तिगत पीडाहरू कविको कल्पनाबाट निर्माण भएका छन्। कविले आफुलाई म्युजियम र सम्झनामा मात्र बाँचेको एक्लो मान्छेको कल्पनालाई कवितामा प्रस्तुत गरिएको पाइन्छ। यसरी नै अर्को कविता 'एक्लोपनाको स्थिति'-मा पनि यस्तै संवेदना भेटिन्छ-

यो विदा दिएको, आफू विदा भएको
दिनको टुङ्गोमा, दिनभरिको सहकर्मीहरूसित
यो अड़ेको पाउ एक्लै बड़िरहेछ -
घरतिर, गृहिणीतिर
ओछ्यानतिर, राततिर
यो फुर्सद (विदापछिको)
केही गम्न पर्ने क्षण
यो यस्तो ढुङ्गो एक्लोपन
आकाशले खिज्याएकोमा
उड़ेको, मन हारेको तन
जड़ भई, लाचार भई, थेत्तर भइ ;
एक चुम्बकत्वहीन स्थिति
मौखिक निन्दा तुरेर खल्लो भएको अन्तकरण

[४५] खड़गसिंह राई 'काँढ़ा', 'मेरो नामले पुगेन मलाई', पूर्ववत्, पृ. ११८।

फोहोर पारेर मेटाइएको यो चित्र-भत्ति ।

(एक्लोपनाको स्थिति)[४६]

प्रस्तुत कवितामा उदासी, निराशा, चिन्ता, पीर, दुःखजस्ता लक्षणहरू पाइन्छन्। यी लक्षणले नै कवितामा संवेदना प्रकट हुन सकेको छ। स्मृति विम्बद्वारा कवितामा मानवको नितान्त व्यक्तिगत संवेदना प्रकट गरिएको अर्का कवितामा कवि लेख्छन्-

हिजै, मैले दोहोराई डाक्दा पनि ऊ
बोली फुटाउन नसकी हिँड़िहालेका हो ठम्ठमाएर
रातमा त भेट्टाएँ, बन्द रहिछ परेलीभित्र
तब ती सब निचोरिएका ख्यालहरू मेरा
कल्पना र भाव प्रवणताले
ठिक्क पारेको रङ्ग, कूचो र क्यानभस जति
चलाइदिएछु मनपरि
निर्धक्क मेरो सपनामा ।

(सपना कति-बिपना कति)[४७]

यहाँ कविले 'सपना' भनेर विगतका सम्झनालाई सङ्केत गरेका छन्। 'ऊ बोली फुटाउन नसकी हिँडिहालेका हो' भन्दै कविले जीवनको असुन्तुलित परिवेशलाई देखाएर कवितालाई अझ विम्बमय बनाएका छन्। प्रस्तुत कविताले व्यक्तिगत मात्र होइन तर मानव जीवनमा हुने स्मृतिलाई पनि वहन गरेको छ।

---

[४६] योगेश लिम्बू (सङ्कलन/सम्पादन), 'सपना कति-बिपना कति', पूर्ववत्, पृ. ६४-६५।
[४७] योगेश लिम्बू (सङ्कलन/सम्पादन), 'सपना कति-बिपना कति', पूर्ववत्, पृ. १९।

### ४.१.१.११ पौराणिक विम्ब

देवाख्यान वा देवीदेवताहरूसँग सम्बन्धित विम्बलाई पौराणिक विम्बको रूप मानिएको छ। खड्गसिंह राई 'काँढ़ा'-का कवितामा पौराणिक विम्ब प्रयोग भएको पाइन्छ। जस्तै-

एक सिन्का सलाई कोर्नु हो
कामहरूको जङ्गलमा म व्यक्तिले
अनि
जहिले पनि अधकल्चो सल्कन्छ डड़ेलो
आगोको मुस्लो-धरतीभित्रको
अधकल्चो प्रत्येक मनुजको कर्म
अधुरो प्रत्येक पदार्थको धर्म
यहाँ जल्नु आधा, यहाँ भिज्नु आधा।

(डड़ेलो लागेका मेरा कर्महरू)[४८]

यस कवितामा प्रयुक्त शब्द 'मनुज'[४९] पौराणिक विम्ब हो। यहाँ कवि स्वयम्को जीवन अर्थहीन, असुन्तुलित र अधकल्चो भएको अवस्थालाई सङ्केत गरिएको छ। जीवनको गति अधकल्चो र अधुरो भए तापनि जीवनप्रति कवि आस्थावान देखिन्छन्। उनी लेख्छन्-

आकाश छायाँमा
माया भूइँको छुट्टिएको
अधरमा झुण्डिएको, पौरिएको
विवेक पार-पार

---

[४८] खड्गसिंह राई 'काँढ़ा', 'मेरो नामले पुगेन मलाई', पूर्ववत्, पृ. ५९।

[४९] राणा प्रसाद शर्मा, 'पौराणिक कोश', पूर्ववत् पृ. ३९९।
(धर्म अनि विश्वा या विश्वाशाको पुत्र दस विश्वेदेवमा एक विश्वदेव)

अलौकिकताको घेरोदेखि तटस्थ
एक अवस्था भुवनसित कणको
समिपस्थि, स्वीकारोक्ति अद्वैतमा अहम्‌को
एक कण हुँ म पनि
ईश्वरीय अभिव्यञ्जनाको,
किरण कणको तम जालमा
कर्म चुकाउने
शरीर केही सार्थकता निम्ति
यो मेरो उपस्थिति-
तन सम्बोधनमा
शैल किरण।

(हिमाल-दर्शन)[५०]

प्रस्तुत कवितांशमा मानिसमा सृष्टिदेखि रहेको ईश्वरीय आस्थालाई कलात्मक शैलीमा प्रस्तुत गरिएको छ। 'एक कण हुँ म पनि ईश्वरीय अभिव्यञ्जनाको'-मा कविको आध्यात्मिक चिन्तनप्रति झुकाउ देखिन्छ। जीवनलाई विश्वासको नजिक राखेर हेरिएको छ। यस्तै अर्को कविता 'स्मित प्रसन्नता'-मा कवि भन्छन्-

संगीतमयी हे,
तिमी हिउँको जस्तो व्यक्तित्वमा
मुस्कानको पातलो ताप ओड़र हेर,
मेरो धर्म त घरतीको जस्तो
खेत र बालीको जन्म-मरण सहने,

[५०] खड़गसिंह राई 'काँढ़ा', 'मेरो नामले पुगेन मलाई', पूर्ववत्, पृ. २७।

मेरो उपस्थिति त गीतिकाको जस्तो

युद्धको विभीषिका माझ

शौर्य्यको सुर बाँध्ने,

-निस्तब्ध साँझहरूको आँगनमा

एउटा दीयो बाल्ने

अभिनन्दन र आरती।

(स्मित प्रसन्नता)[५१]

प्रस्तुत कवितामा उपासक र उपसनाको चित्रण छ। जीवनमा आइपर्ने घटना, दुर्घटना, स्थिति-परिस्थिति आदि माझमा पनि मान्छेले आफ्ना अन्तरमा रहेका आस्थालाई जीवित राखेको हुन्छ। कविका पौराणिक विम्बयुक्त कविताहरू हेर्दा उनको आस्था साकार ईश्वरमा नभएर निराकार र आध्यात्मिक चिन्तनप्रति बढी रहेको देखिन्छ।

### ४.१.१.१२ ब्रह्माण्ड विम्ब

भूगोल, खगोल, भू-गर्भ, इतिहास, सृष्टि, वैज्ञानिक जीवन-जगत् आदिका विविध पाटाहरूको बोधलाई अभिव्यक्त गर्ने विम्बलाई ब्रह्माण्ड विम्ब भनिन्छ। खड्गसिंह राई 'काँढ़ा'-का कविताहरूमा पनि ब्रह्माण्ड विम्ब कतै कतै प्रयोग भएको देखिन्छ। जस्तै-

यो ऋणको बोझा

बिकिसकेको जमिन

खोतलिसकेको माटो, खानी, समुन्द्र

चाटिसकेको शास्त्रहरू

'पोष्ट-मार्टम' गरी सिध्याएको नारी-देह

यो केवल मान्छे, केवल भोग, ऐन्द्रिक-चेतनाले

---

[५१] खड्गसिंह राई 'काँढ़ा', 'मेरो नामले पुगेन मलाई', पूर्ववत्, पृ. ३८।

अट्स-पट्स घर-घर र बजार-बजार

यो यति बिघ्न कचहरी, मन्दिर, विद्यालय

यो सात आसमान र

सातपत्र साड़ीको अनावरणता,

मेरा अग्रज शास्त्रवेत्ताहरू !

(म कहाँ लगाऊँ बाली)[५२]

प्रस्तुत कवितामा मानव जाति, राजनीति, विज्ञान, अर्थशास्त्र आदि विषयहरूको चर्चा गरिएको पाइन्छ। यी सबै कवितामा ब्रह्माण्ड विम्ब बनेर आएका छन्। कविले यहाँ आधुनिक युगको विसङ्गत परिवेश र मानवको असुरक्षित स्थितिको चित्रण गरेका छन्। कवितामा यो परिवेश र व्यवस्थादेखि कसरी बाँच्न सकिन्छ भन्ने सङ्केत पनि कविले राखेका छन्।

### ४.१.१.१३ आलङ्कारिक विम्ब

अलङ्कार भनेको काव्यलाई शृङ्गारी त्यसलाई मनोहर एवम् रूचिकर तुल्याउने सुन्दर उपदान हो।[५३] आलङ्कारिक विम्बले पूर्वीय अलङ्कारसँग नजिकको सम्बन्ध राख्दछ भन्ने धारणालाई लक्ष्मणप्रसाद गौतमले उल्लेख गरेका छन्।[५४] खड़गसिंह राई 'काँढ़ा'-का कवितामा आलङ्कारिक विम्बको सुन्दर प्रयोग पाइन्छ। उदाहरणार्थ-

एउटा ठोस, प्रामाणिक अस्तित्वको खोजमा म

भारी शरीर लिएर सागरहरूमा पसेछु

मुट्ठीलाई बन्द राखेर भिक्षालाई पुकारेछु

बितेको तारीख लिएर पत्रहरू कोरेछु

---

[५२] खड़गसिंह राई 'काँढ़ा', 'मेरो नामले पुगेन मलाई', पूर्ववत्, पृ. ८४।

[५३] केशवप्रसाद उपाध्याय, सन् २०१०, *साहित्य-प्रकाश*, ललितपूर : साझा प्रकाशन, पृ. १९७।

[५४] लक्ष्मणप्रसाद गौतम, 'समकालीन नेपाली कविताको बिम्बपरक विश्लेषण', पूर्ववत्, पृ. २८।

रित्तो घर र अरूको अनुहारमा आफ्नो प्रतिविम्ब खोजेछु
छोड़िएको बाटो र अनाम साथीहरूको चाह गरेछु
यसरी आउँदा गीतहरू र अव्यक्त ईश्वरलाई
म मूर्तिमान दर्द भएको छुः
आफ्नो अनुहार हराएर ऐनाहरूको घर भएको छु।

(ऐनाको घर)[५५]

जीवन जिउनका लागि मान्छेले गरेका विविध चेष्टाहरूको वर्णन यस कवितांशमा पाइन्छ। लक्ष्यको अनुसन्धानमा मान्छेले आफु सङ्घर्षशील बन्दा ऐनाहरूको घरजस्तो दुर्बल भएको अनुभवलाई कविले कवितामा राखेका छन्। यी विषयहरूलाई प्रस्तुत गर्न कविले आलङ्कारिक विम्बको प्रयोग गरेका छन्। कवि अझ लेख्छन्-

अरू त रोज्दछन् भूमि निर्माणलाई
गति पवनको आज रोज्दछु म
ग्रहण लागेको सूर्य लिएर
आकाशमा पुनर्वास खोज्दछु म ।
अधुरा रचनाहरूको लास बोकेर
रित्तो आँखामा वास खोज्दछु म ।

(पुनर्वास खोज्दछु म)[५६]

प्रस्तुत कवितामा आलङ्कारिक विम्ब राम्ररी प्रयोग गरिएको पाइन्छ। यहाँ जीवनको आन्तरिक द्वन्द्वको चित्रण पाइन्छ। जीवनको यात्रा जति नै असहज भए पनि आशावादी

---

[५५] खड्गसिंह राई 'काँढ़ा', 'मेरो नामले पुगेन मलाई', पूर्ववत्, पृ. १०३।

[५६] योगेश लिम्बू (सङ्कलन/सम्पादन), 'सपना कति-बिपना कति', पूर्ववत्, पृ. ३६।

भएर जीवन बाँच्न सक्नु मान्छेको अभिष्ट हो भन्ने कविको विचार व्यक्त भएको छ। यस पङ्क्तिमा कविले जीवनबारे गहिरो चिन्तन प्रकट गरेका छन्।

## ४.२ निष्कर्ष

खड़गसिंह राई 'काँढ़ा' भारतीय कवितामा प्रयोगवादी कवि र गम्भीर अध्येताका रूपमा परिचित छन्। उनका कविताहरूमा ऐतिहासिक विम्ब, समसामयिक र यथार्थ विम्ब, क्रान्ति विम्ब, प्रणय विम्ब, प्रतीकात्मक विम्ब, मिथकीय विम्ब, रूप विम्ब वा चाक्षुष विम्ब, श्रव्य विम्ब, प्राकृतिक विम्ब, स्मृति विम्ब, पौराणिक विम्ब, ब्रह्माण्ड विम्ब, आलङ्कारिक विम्ब आदि विम्बहरू पाइन्छन्। यी विविध विम्बहरूका प्रयोगले कविता युक्तिसङ्गत अर्थपूर्ण र कलात्मक भएका छन्। नेपाली जातिले भोग्न परेका सामाजिक र राजनैतिक सङ्कट; मानव जीवनमा भएका वाह्य-आन्तरिक संवेदना, द्वन्द्व, वर्तमान युगको विसङ्गति, पर्यावरण चेतजस्ता विषयहरूलाई विम्बको प्रयोगद्वारा कवितामा प्रस्तुत गरेका छन्। प्रयोगवादी कवि मानिए तापनि उनका कविताहरू संरचना र शैलीका दृष्टिले सरल छन्।

पाँचौं अध्याय

# उपसंहार तथा निष्कर्ष

# पाँचौं अध्याय

## ५. उपसंहार एवम् निष्कर्ष

### ५.१ उपसंहार

प्रस्तुत लघु शोधप्रबन्धको शीर्षक **खड्गसिंह राई 'काँढ़ा'-का कवितामा विम्ब प्रयोग** रहेको छ। यस शोध कार्यमा पाँचवटा अध्याय विभाजन गरिएको छ।

शोध कार्यको पहिलो अध्यायमा शोध परिचय राखिएको छ। यसमा शोधका विभिन्न अङ्ग अनि शोध विधिबारे चर्चा गरिएको छ।

दोस्रो अध्यायमा विम्बको सैद्धान्तिक परिचयबारे कार्य गरिएको छ। यस अध्यायमा जम्मा एघारवटा उपशीर्षकहरू छन्। यस अध्यायमा विम्बको अर्थ, परिभाषा र प्रकारबारे जानकारी दिइएको छ। कवितामा पाश्चात्य, पूर्वीय, नेपाली र भारतीय नेपाली कवितामा विम्बको प्रयोग परम्पराबारे चर्चा गरिएको छ। यी सँगसँगै प्रयोगवादी कवितामा विम्बको प्रभाव र प्रयोगबारे अध्ययन प्रस्तुत छ। प्रयोगवादी लेखनमा देखा परेको तेस्रो आयामको सङ्क्षिप्त परिचय दिँदै ईश्वरवल्लभ र वैरागी काइँलाका कविताबारे अध्ययन गरिएको छ।

शोध कार्यको तेस्रो अध्यायको शीर्षक **भारतीय नेपाली कविता लेखन परम्परामा खड्गसिंह राई 'काँढ़ा'** रहेको छ। यस अध्यायमा आठवटा उपशीर्षकहरू राखिएका छन् जसअन्तर्गत खड्गसिंह राई 'काँढ़ा'-को व्यक्तित्व र कृतित्वको परिचय दिइएको छ। भारतीय नेपाली कविता परम्पराको सङ्क्षिप्त चर्चा गर्दै यो परम्परामा खड्गसिंह राई 'काँढ़ा'-लाई प्रयोगवादी कविका रूपमा चिनाउने प्रयास गरिएको छ।

चौथो अध्यायमा खड्गसिंह राई 'काँढ़ा'-का दुईवटा कवितासङ्ग्रह *मेरो नामले पुगेन मलाई* र *सपना कति-बिपना कति* कृतिलाई विम्ब प्रयोगका आधारमा अध्ययन र विश्लेषण गरिएको छ। उक्त कवितासङ्ग्रहका कविताहरूलाई मूलतः ऐतिहासिक विम्ब,

समसामयिक र यथार्थ विम्ब, क्रान्ति विम्ब, प्रणय विम्ब, प्रतीकात्मक विम्ब, मिथकीय विम्ब, रूप विम्ब वा चाक्षुष विम्ब, श्रव्य विम्ब, प्राकृतिक विम्ब, स्मृति विम्ब, पौराणिक विम्ब, ब्रह्माण्ड विम्ब, आलङ्कारिक विम्बका माध्यमद्वारा अध्ययन गरिएको छ।

पाँचौं अध्यायमा यस लघु शोधप्रबन्धको उपसंहार एवम् निष्कर्ष राखिएको छ।

## ५.२ निष्कर्ष

नेपाली साहित्यको कविता लेखन परम्परामा खड्गसिंह राई 'काँढ़ा' प्रयोगवादी कालमा देखा परेका कवि हुन्। उनका दुईवटा कवितासङ्ग्रह *मेरो नामले पुगेन मलाई* र *सपना कति-बिपना कति* प्रकाशित छ। प्रयोगका दृष्टिले यी दुईवटा कवितासङ्ग्रहभित्र भएका कविताहरूको अध्ययन गर्दा विविध किसिमको विम्बहरूको प्रयोग गरिएको पाइन्छ। उनका कवितामा ऐतिहासिक विम्ब, समसामयिक र यथार्थ विम्ब, क्रान्ति विम्ब, प्रणय विम्ब, प्रतीकात्मक विम्ब, मिथकीय विम्ब, रूप विम्ब वा चाक्षुष विम्ब, संवेदनात्मक विम्ब, प्राकृतिक विम्ब, स्मृति विम्ब, पौराणिक विम्ब, ब्रह्माण्ड विम्ब, आलङ्कारिक विम्ब आदि विम्बहरूको प्रयोग भएका छन्। खड्गसिंह राई 'काँढ़ा'-को व्यक्तित्व र कृतित्वको अध्ययन गर्दा उनी दार्जिलिङको सामाजिक, राजनैतिक र साहित्यिक क्षेत्रमा धेरै सक्रिय रहेका देखिन्छन्। उनी मूलतः प्रयोगवादी कवि हुन्। यही प्रयोगधर्मिताको फलस्वरूप उनका कविताहरूमा विम्बको प्रयोग धेरै पाइन्छ। नेपाली जातिको इतिहास, वर्तमान समयमा नेपाली जातिले भारतमा भोग्नु परेको अस्तित्व सङ्कट, अस्तित्व रक्षार्थ भारत भूमिभित्र अलग्गै राज्यको मागमा गरिएको सङ्घर्ष, आन्दोलन र यसको परिणाम, मानवीय सम्वेदना, व्यक्तिगत अनुभव र अनुभूतिका अभिव्यक्ति, प्रकृति वा पर्यावरण, प्रणय चेत, व्यङ्ग्य आदि विषयहरूलाई विम्बका माध्यमबाट प्रकट गरेका छन्। उनलाई प्रयोगधर्मी कवि मानिए तापनि उनका कविताहरूको शैली र संरचना सरल छन्। भारतीय नेपाली कविता-साहित्यमा खड्गसिंह राई 'काँढ़ा' एक सफल कवि हुन्।

पाश्चात्य कविता-साहित्यबाट विकसित विम्बले भारतीय नेपाली कवितालाई वर्तमानमा आएर पनि धेरै प्रभाव पारेको छ। विम्बको प्रयोगले सुरुदेखि नै कविताको आन्तरिक संरचना र शैलीमा नौलो आयाम थप्दै आएको छ। सन्त ज्ञानदिलदासका *उदय लहरी*-बाट प्रारम्भ भएको विम्बको प्रयोग हालसम्म आइपुग्दा कवितालाई हेर्ने दृष्टिकोण नौला-नौला रूपमा देखा परेका छन्।

कवि खड्गसिंह राई 'काँढ़ा'-ले भारतीय नेपाली साहित्यमा ६० को दशकदेखि नै सक्रिय रूपमा साहित्य रचना गर्दै आएका हुन् तर साहित्यमा उनको चर्चा त्यति भएको पाइँदैन। उनको लेखनबारे समालोचना-समीक्षा धेरै भएको छैन। उनको कवितामा विम्बको प्रयोग पाइए तापनि कविताका विषय, शैली र संरचना जटिल छैनन् तथापि प्रस्तुति र वैचारिक अभिव्यक्ति भने सुन्दर छ। उनलाई भारतीय नेपाली साहित्यका विम्बवादी कवि हुन् भन्न सकिन्छ। कवितामा आफ्ना वैचारिक अभिव्यक्तिलाई गति प्रदान गर्नका निम्ति विम्बको प्रयोग गरिन्छ। यस दृष्टिकोणले हेर्दा कवि 'काँढ़ा' सचेत रूपमा विम्बको प्रयोग गर्छन्।

कवि खड्गसिंह राई 'काँढ़ा'-ले भारतीय नेपाली कविताका क्षेत्रमा महत्त्वपूर्ण योगदान दिएका छन्। यस लघु शोधप्रबन्धमा कवि 'काँढ़ा'-का कविताहरूलाई विम्बका आधारमा अध्ययन विश्लेषण गर्ने कार्य गरिएको छ। उनका कवितामा विम्बबाहेक अन्य विविध काव्य तत्त्व र पक्षहरू पनि विद्यमान रहेका पाइन्छन्। तिनै पक्षहरूलाई लिएर भविष्यमा अझ गहन अध्ययन र अनुसन्धान गर्ने सम्भावना रहेको देखिन्छ।

# सन्दर्भ ग्रन्थ सूची

## सन्दर्भ ग्रन्थ सूची

### नेपाली पुस्तक


अधिकारी, इन्द्रविलास, सन् २०१२, *पश्चिमी साहित्यसिद्धान्त,* (दो सं), ललितपुर : साझा प्रकाशन।

अधिकारी, हेमाङ्ग राज र बद्री विशाल भट्टराई (सम्पा), सन् २०१३, *प्रयोगात्मक नेपाली शब्दकोश,* काठमाडौं : विद्यार्थी प्रकाशन प्रा लि कमल पोखरी।

आले, हरेन (सम्पा), सन् १९८५, *नव आधुनिक नेपाली कविता,* दार्जीलिङ : श्याम ब्रदर्स प्रकाशन।

ईश्वरवल्लभ, सन् २०१६, *आगोका फूलहरू हुन् आगोका फूलहरू होइनन्,* (ते सं), काठमाडौं : मञ्जरी पब्लिकेसन।

उपाध्याय, केशवप्रसाद, सन् २०१०, *साहित्य-प्रकाश,* (सा सं), ललितपुर : साझा प्रकाशन।

काइँला, वैरागी, सन् १९९७, *वैरागी काइँलाका कविताहरू,* (ते सं), काठमाडौं: लिम्बूसाहित्य र संस्कृति उत्थान तथा प्रकाशन समाज (प्रा लि)।

गौतम, लक्ष्मणप्रसाद, सन् २०११, *समकालीन नेपाली कविताको बिम्बपरक विश्लेषण,* (दो सं), ललितपुर : साझा प्रकाशन।

जोशी, कुमारबहादुर, सन् २००९, *पाश्चात्य साहित्यका प्रमुख वाद,* (पाँ सं), ललितपुर : साझा प्रकाशन।

ठकुरी, मोहन (सम्पा), सन् २०१७, *नेपाली कविता यात्रा,* (दो सं), नयाँ दिल्ली: साहित्य अकादमी।

त्रिपाठी, वासुदेव र अन्य (सम्पा), सन् २००७, *नेपाली कविता भाग-१,* (सा सं), ललितपुर : साझा प्रकाशन।

----------------, सन् २००७, *नेपाली कविता भाग-४,* (चौ सं), ललितपुर : साझा प्रकाशन।

त्रिपाठी, वासुदेव, सन् २००८, *पाश्चात्य समालेचनाको सैद्धान्तिक परम्परा भाग-२,* (पाँ सं), ललितपुर : साझा प्रकाशन।

नेपाल, घनश्याम, सन् २००५, *आख्यानका कुरा,* (दो सं), सिलगढी : एकता बुक हाउस प्रा लि, प्रधाननगर।

----------------, सन् २००९, *नेपाली साहित्यको परिचयात्मक इतिहास,* सिलगढी : एकता बुक हाउस, प्रधाननगर।

----------------, सन् २०१४, *विधा विविधा,* कालेबुङ : उपमा प्रकाशन।

पोखरेल, भानुभक्त, सन् २००२, *सिद्धान्त र साहित्य,* (दो सं), ललितपुर : साझा प्रकाशन।

पौड्याल, कृष्णविलास, सन् २००२, *साहित्य सिद्धान्त,* काठमाडौं : श्रीकृष्ण प्रकाशन।

प्रधान, कुमार, सन् २००५, *अधीति केही,* सिलगडी : पूर्णिमा प्रकाशन।

प्रधान, कुमार र भ मल्लिकार्जुन (सम्पा), सन् २०११, *लेखन शैली,* गान्तोक : भारतीय भाषा संस्थान, मैसुर तथा सिक्किम अकादमी।

प्रधान, गुप्त, सन् २००८, *धूमिल पृष्ठहरू,* (दो सं), दार्जीलिङ : गामा प्रकाशन।

प्रधान, प्रतापचन्द्र, सन् २००२, *प्रतिनिधि आधुनिक नेपाली लामा कविता,* काठमाडौं : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान।

प्रधान, शिव (सम्पा), सन् १९८९, *बृहत् समालोचना,* सिक्किम : गान्तोक प्रकाशन।

बन्धु, चूडामणि (सम्पा), सन् २०१०, *साझा कविता,* (नौ सं), ललितपुर : साझा प्रकाशन।

बन्धु, चूडामणि, सन् २०१३, *अनुसन्धान तथा प्रतिवेदन लेखन,* काठमाडौं : रत्न पुस्तक भण्डार।

मुकारुङ, राजन (सम्पा), सन् २०१९, *बैरागी काइँलाका सङ्कलित कविता,* काठमाडौं : फिनिक्स बुक्स।

लामा, आर पी (सम्पा), सन् १९८७, *राष्ट्रीय भावनाका नेपाली कविताहरू,* सिक्किम : आजको सिक्किम प्रकाशन।

लिम्बू, योगेश (सङ्कलन/सम्पा), सन् २०१९, *सपना कति-बिपना कति,* रङ्बुल : पाइन्स प्रकाशन।

राई, असित, सन् २००४, *भारतीय नेपाली साहित्यको इतिहास,* साझा पुस्तक प्रकाशन : दार्जीलिङ।

राई, इन्द्रबहादुर, सन् २०१४, *सम्पूरक,* कालेबुङ : उपमा प्रकाशन।

राई 'काँढ़ा', खड़गसिंह, सन् १९९३, *मेरो नामले पुगेन मलाई,* दार्जीलिङ : युगपरिबोध प्रकाशन।

राई, विजयकुमार (सम्पा), सन् २००४, *इन्द्र सम्पूर्ण,* ग्रन्थ ४, नाम्ची सिक्किम : निर्माण प्रकाशन।

राई, सञ्जय, सन् २०१२, *कविताको सन्दर्भ,* वाराणसी : ल्यूमिनस बुक्स।

शर्मा, सुकुम, सन् २००७, *नेपाली भाषा-साहित्यमा आन्दोलन,* काठमाडौं : एकेडेमिक बुक सेन्टर त्रि वि, कीर्तिपुर।

श्रेष्ठ, दयाराम (सम्पा), सन् २०००, *वीरकालीन कविता,* (ते सं), ललितपुर : साझा प्रकाशन।

श्रेष्ठ, दयाराम र मोहनराज शर्मा, सन् २००७, *नेपाली साहित्यको संक्षिप्त इतिहास,* ललितपुर : साझा प्रकाशन।

श्रेष्ठ, सुदर्शन (सम्पा), सन् २०१८, *भारतीय नेपाली समालोचना,* काठमाडौं : साथी प्रकाशन।

सुन्दास, लक्खीदेवी (सम्पा), सन् १९८३, *सम्मेलन कविता सङ्ग्रह,* दार्जीलिङ : नेपाली साहित्य सम्मेलन प्रकाशन।

सुन्दास, लक्खीदेवी, सन् २००८, *समय र समीक्षणा,* दार्जीलिङ : सुन्दास परिवार।

हाङ्खिम, नन्द र कुमार घिसिङ (सम्पा), सन् १९९२, *आधुनिक नेपाली कविता,* दिल्ली: साहित्य अकादमी।

**पत्र-पत्रिका**

अधिकारी, रामलाल (सम्पा), सन् १९८१, *दियालो,* वर्ष २०, हाँगो ९५, दार्जीलिङ : नेपाली साहित्य सम्मेलन प्रकाशन।

कार्कीढोली, वीरभद्र (सम्पा) सन् १९९४, *प्रक्रिया,* वर्ष ८, अङ्क १३, सित्ताम पश्चिम सिक्किम: प्रक्रिया प्रकाशन।

----------------, सन् १९९५, *प्रक्रिया,* वर्ष ९, अङ्क १५, सिक्किम : शान्ति प्रकाशन।

खड्का, कृष्ण (सम्पा), सन् १९८२, *बैंशालु,* वर्ष ११, अङ्क २, पूर्णाङ्क ४२, दार्जीलिङ : बैंशालु प्रकाशन।

गुरुङ, केदार र उपमान बस्नेत (सम्पा), सन् २००२, *स्रष्टा,* वर्ष २३, अङ्क, ५०, गेजिङ्ग, सिक्किम : पश्चिम सिक्किम साहित्य प्रकाशन।

छेत्री, जगत् (सम्पा), सन् १९६४, *जनदूत,* वर्ष ४, अङ्क ७, दार्जीलिङ : आर्य समाज प्रकाशन।

ठकुरी, मोहन (सम्पा), सन् २००६, *आरोहण,* अङ्क ५, दार्जीलिङ : श्याम ब्रदर्स प्रकाशन।

दाहाल, नरबहादुर र गोकुल सिन्हा (सम्पा), सन् १९६९, *संगम,* सङ्कलन २, कालेबुङ: साहित्य संगम प्रकाशन।

दाहाल, मोहन पी (सम्पा), सन् २०१५, *नेपाली अकादमी जर्नल,* वर्षः ११, अङ्कः ११, उत्तर बङ्ग विश्वविद्यालय : नेपाली विभाग।

नेम्बाङ, तिलविक्रम (सम्पा), सन् १९६३, *तेस्रो आयाम,* वर्ष १, अङ्क १, दार्जीलिङ : आयामिक मासिक प्रकाशन।

प्रधान, राजनारायण (सम्पा), सन् १९९२, *हाम्रो समाज,* अङ्क ३, दार्जीलिङ।

रुम्दाली, बालचन्द्र र सुवास घिसिङ (सम्पा), सन् १९९२, *किरण,* वर्ष १४, अङ्क ४, मिरिक : बाबरी परिवार प्रकाशन।

श्रेष्ठ, अविनाश (सम्पा), सन् १९९९-२०००, *समकालीन साहित्य,* वर्ष १०, अङ्क १, काठमाडौं : प्रज्ञा-प्रतिष्ठान।

सांकृत्यायन, कमला अन्य (सम्पा), सन् १९८५, *नेपाली अकादमी पत्रिका,* दार्जीलिङ : नेपाली अकादमी।

सिन्हा, गोकुल (सम्पा), सन् १९६४, *पहाड़ी खोला,* अङ्क ५, प्रकाशक कुमार घिसिङ।

### हिन्दी पुस्तक

अग्रवाल, रामकृष्ण, सन् १९७९, *प्रसाद काव्य में बिम्ब योजना,* इलाहाबाद : लोकभारती प्रकाशन।

नगेन्द्र, सन् १९९०, *काव्य-बिंब,* (दो सं), नयी दिल्ली : नेशनल पब्लिशिंग हाउस।


शर्मा, राणाप्रसाद, सन् २०१३, *पौराणिक कोश,* (चौ सं) वाराणसी : ज्ञानमण्डल लिमिटेड।

### अङ्ग्रेजी पुस्तक

प्रधान, कुमार, सन् १९८४, *अ हिस्ट्री अव् नेपाली लिटरेचर,* नयाँ दिल्ली : साहित्य अकादमी।

लेविस, सी डे, सन् १९५८, *दि पोएटिक इमेज,* (नौ सं), लन्डन : जोनाथन केप्।

# परिशिष्ट



खड्गसिंह राई 'काँढ़ा'

(१९४१-१९८८)